
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक ३८ ● FRIDAY, 15 FEBRUARY 2019 ● काठमाडौं शुक्रबार ... मूल्य रु. १५/-

## रंगशालामा रडाको

पृष्ठ ६ मा



## लभ बर्ड्स

पृष्ठ १० मा


HONEY & ALMONDS

POSHAN-WALA LOTION

JOY

beautiful by nature



आफ्नो सुन्दरतालाई
**समझदारीपूर्वक**
निखार्नुहोस्

पहिलेभन्दा दुईगुणा बढी पोषण भएको जोय हनी एण्ड आल्मण्ड्स एडभान्स नरिसिङ बडि लोसन प्रयोग गर्नुहोस्, यसमा रहेको मह र बदामले त्वचाको भित्रसम्म पुगेर पोषण दिई मोइस्चर प्रदान गर्छ। समझदार बनेर आफ्नो त्वचालाई प्राकृतिक पोषण मात्र हैन स्वस्थपूर्ण निखार पनि दिनुहोस्।




www.joypersonalcare.com | joybeautifulbynature

## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | द रिटर्न अफ अभिमन्यू | च्यानल | गोल्डमाइन्स |
| २ | भद्रगोल- १९७ | च्यानल | मिडियाहब |
| ३ | मेरो पैसा खै | च्यानल | बूढासुब्बा |
| ४ | स्कुलभित्रै दु:खद घटना | च्यानल | फेवा टेलिभिजन |
| ५ | चप्पल पड्काउँदै | च्यानल | द कार्टुन्ज क्रू |
| ६ | ए मेरो हजुर-३ | च्यानल | बूढासुब्बा |
| ७ | छुट्टिए मेघा र विकास | च्यानल | इन्साइडर मिडिया |
| ८ | तेरा घाटा | च्यानल | नेहा कक्कर |
| ९ | मेघा घिमिरे आजदेखि | च्यानल | तातातो खबर |
| १० | कृष्ण वलीले खुट्टा | च्यानल | नयाँ नयाँ न्यूज |

## फोटो अफ दि विक



■ **बधाई** : अभिनेता संजोग कोइराला तथा अभिनेत्री वर्षा राउत सोमबार इङ्गेजमेन्टको औंठी साटेपछि । प्रणय दिवसका दिन हिजो उनीहरू वैवाहिक जीवनमा बाँधिए ।



■ **दीपकसँग नेहा** : बलिउड गायिका नेहा कक्करसँग नेपाली मोडल दीपक घिमिरे । नेहाले आगामी वैशाख २७ गते शुक्रवार काठमाडौंमा लाइभ कन्सर्ट दिने निश्चित भएको छ ।

# भ्यालेन्टाइन लभ म्यासेज



भ्यालेन्टाइन डेका अवसरमा साप्ताहिकको अनलाइन संस्करणमा सञ्चालित प्रेम सन्देश प्रतियोगितामा प्राप्त केही उत्कृष्ट प्रेम सन्देश :

तिमीले रेट्यौ मुटुमा चुपचाप सहिरहें,
मन नदुखेको त कहाँ हो र हाँसी-हाँसी
छटपटाइरहें ।

**रामप्रसाद वाग्ले**

धेरै कुरा भन्न त मन थियो तर शब्दै आएन
मात्र थाहा छ- आई लभ यू ।

**देवी लाल**

आकाशबाट खस्ने हरेक तारामा
तिमीलाई याद गर्छु, तर तिमी केवल
यादमै सीमित भयौ ।

**रोहन राउत**

कुनै व्यक्ति मुटुको नजिक हुन्छ भने
दूरीले त के नै फरक पर्छ र ?

**खेम नेपाली**

प्रिय, तिम्रै कारणले म आज म भएको छु
तिमी र म कहिले हामी बन्ने ?

**कृष्ण सुवेदी**

चाहे म असनमा हिडौं, चाहे न्युरोडमा
तिमीबिना सुनसान लाग्छ यो भीड पनि ।

**कृतिका महर्जन**

मानिसहरूको भीडको सागरमा मेरा
आँखा जहिल्यै तिमीलाई खोज्छन् ।

**प्रियंका शाही**

कहिलेकाहीं मेरो आफ्नै आँखाले मेरै
मुटुको ईर्ष्या गर्छन् ।
किन थाहा छ ?
तिमी जहिले मुटुको नजिक हुन्छौं अनि
आँखाबाट टाढा ।

**सन्दीप कार्की**

जब म माया भन्ने शब्द सुन्छु,
तिमीलाई नै सम्झन्छु ।

**अर्बिन रावल**

म धेरै पटक मायामा परें अनि हरेक
पटक तिमीसँगै ।

**अमित श्रेष्ठ**

जब तिम्रो साथमा हुन्छु, सबै दुःख
भुल्छु । के तिमी मेरो बन्छौ ?

**अर्जुन पौडेल**

प्रिय, मसँग कुनै शब्द छैन वर्णन गर्न
मेरो माया तिम्रा लागि कति छ भनेर,
किनभने यसमा कुनै सीमा छैन, म
चाहन्नँ । यसमा प्रेमीको मायाको
बिल्ला लगाउनलाई, किनभने यसलाई
सायद म जसरी चन्द्रमाले धर्तीलाई
निरन्तर शीतल छायाँ दिएर माया
गरिरहन्छ र पृथ्वीको वरिपरि घुमिरहेको
छ वा यो माया नदीको पानीजस्तो जो
निरन्तर समुद्रतर्फ मात्र केन्द्रित छ समुद्र
कहिले नसुकोस् भनेर ।

**तपेन्द्र थाडा मगर**

हरदिन, हरारात सदासर्वदा तिमी नै
मेरो इच्छा हौं । जुन इच्छा मैले आफ्
नो हरेक सपनामा सजाएको थिएँ ।
आज पनि उही सपना सजाउन
चाहन्छु । मेरो अन्तिम स्वाससम्म
सजाउन पाऊँ- आई लभ यू
फरएभर ।

**माया थामी**

मसँग मुटु छ । मुटु
आफूसँग
छ जस्तो
लाग्दैन,
तिमी
टाढा
हुँदा । मेरो
मुटुमा तिम्रो
वास चाहिएको
छ, मायाले संसार
अडिएको हुँदा मेरो मायाको संसारमा
तिम्रो खँचो छ ।

**शेस्वा लुंगा**

सम्हालिन्थ्यो कि चुलबुले मन घर भएसी,
मेरो नामको पछि तिम्रो थर भएसी ।
अझै कति पर्ख भन्छौ महिना पनि वर्ष भो,
तिमीसँगै जीवन जिउने रहर भएसी ।

**राजेश अधिकारी**

पानी लिन धारा जाँदा पानी होइन,
रित्तो भाडा बोकेर आएको त थाहै छ
होला । आमाको गाली म एक्लै कति
खानु, तिमी पनि बनिदेऊ न मेरो गाली
खाने साथी– आई लभ यू मुसी ।

**सदन पौडेल**

समयले तिमीसँग नजिक्याएथ्यो कास,
मुटु भनी सम्बोधनलाई दियौ तिमीले
खास,
मूल ढोकामै बसी-बसी मागेको थिएँ
पास,
अक्सिजन नै रै'छौ तिमी मैले फेर्ने
सास ।

**पदमकुमार श्रेष्ठ**

जुलियट सिजरको जस्तै सधैंभरि माया
गरिरहूँ । जीवनमा अनेकौं कुरा झेल्न
परे सधैं सँगै झेलौंला ।

**शहेमकर भुजेल**

प्रिय, प्रेम गर्नेहरूलाई त सधैं
भ्यालेन्टाइन हो तर पनि फेब्रुअरी
१४ पक्कै पनि विशेष होला र त प्रेम
दिवस मनाउँछन् प्रेमिल जोडीहरू ।
त्यसरी नै म पनि तिमीसँग मीठा
वात गर्न चाहन्छु, माया-प्रीतिका कुरा
गर्न चाहन्छु, अरूभन्दा बेग्लै र अरू
दिनभन्दा बेग्लै बनाउनेछु यो हाम्रो
भ्यालेन्टाइनलाई !

**निरज गुरुङ**

जर्मन तानाशाह हिटलरले भनेका
थिए– प्रेम होइन युद्ध गर्नुस् ।
किनभने युद्धमा तपाईं कि मर्नुहुन्छ
कि बाँच्नुहुन्छ । तर प्रेममा तपाईं न
बाँच्नुहुन्छ न मर्नुहुन्छ ।

**सुरेश बटाला**

मैले मौनतामा पनि प्रेमका हजार कुरा
व्यक्त गरिरहेको हुन्छु, तर त्यसलाई
सुन्न तिमिलाई कानले साथ दिएन,
बुझ्न तिमीलाई मनले साथ दिएन,
त्यसैले मैले शब्दबाट प्रेम प्रस्ताव
गर्दैछु ।

म तिमीलाई धेरै माया गर्छु सानी ।

**दीपकसिंह रुम्बा**

यो दिन के हो मलाई थाहा थिएन,
जब तिमी मेरो जीवनमा आयौ नि,
तब मात्र मलाई मायाको आभास भयो
अनि हाम्रो दूरी कम हुँदै गयो ।

**मिलन विष्ट**

तिमी त सधैंभरि मेरै आँखाअघि नै छौ,
कसरी तिमीलाई यो मनबाट निकाल्न
सकौंला र ? तिमी त हरपल हरक्षण
मेरै श्वासमा छौ, कसरी तिमीलाई
भुल्न सकौंला र ?

**वीरेन्द्र केसी**

समयले उसैसँग टाढा बनाइदियो,
जोसँग एकछिन छुट्टिने मन थिएन ।

**सरु खनाल**

म तिम्रा लागि रातो गुलाफझैं भएछु ।
बसेछु मनमा, यत्रतत्र भएछु ।
सिउरिन्छु भनेरै चुंडेकी थियौ
सुँघेर फ्याल्दियौ, अलपत्र भएछु ।

**गणेशमान सिंह ठकुरी**

समयले उसैसँग मिलन गराइदियो,
जोसँग एकपल पनि नछुटिने वाचा
गरी माया गाँसेको थिएँ ।
हाम्रो चोखो मायामा दरार धेरै आए,
बैरी लागे तर पनि टुटाउन र छुटाउन
सकेनन् ।
फेरि पनि आयो भ्यालेन्टाइन
जीवनसंगिनी, मीठो सम्झना सधैंभरि
यसैगरी माया गर्न पाऊँ ।

**पवन पोखरेल**

वर्षातमा ओत लाग्ने तिमी छाता बन्नुपर्छ
जीवनको कर्मशील अनेक पाटा बन्नुपर्छ
जीवन श्रृङ्गारिक उपन्यास हो भन्छन्
त्यहीं उपन्यास रक्षक तिमी गाता बन्नुपर्छ
मेरी प्यारीलाई हृदयदेखि नै ह्यापी
भ्यालेन्टाइन डे ।

**श्याम के अन्जान**

प्रेम दिवसअघि गुलाफ दिनुको
कारणचाहिं सुन्दर गुलाफसँगै काँडा नि
हुन्छ, घोच्न सक्छ, त्यसैले सम्हालिएर
प्रेम गर्नु भन्ने कुरा सिकाउन होला ।

**सुरेशराज खरेल**

च्याटमा घण्टौं कुरा भए पनि फोनमा
दुई मिनेट पनि कुरा हुन नसकेको यो
मेरो अधुरो प्रेम, आशा छ तिमीले यो
वर्ष पक्कै पनि स्वीकार गर्नेछौ ।

**चन्द्र शाही ठकुरी**

समय सन्दर्भ

# अमर प्रेमकथा



अधिकारी रवीन्द्र

> जस्तै प्रगाढ प्रेम भए पनि वियोगपछिको पीडामा जीवन गुजार्ने सर्त अब हामीलाई मञ्जुर छैन, किनभने यो संसारमा रोदन र आँसुको कमी छँदै छैन । यहाँ हाँसो चाहिएको छ, संयोग र पुनर्मिलनका कथाले भित्र्याउने खुसी चाहिएको छ । अनि चाहिएको छ कुम जोडेर यात्रामा निस्कने र वर्तमानमा सँगै बाँचिरहने असंख्य नरनारीको भीड, जसले वियोगलाई बिर्साउनेछ ।

प्रेम अजबको छ, गज्जबको छ । यो अप्रत्याशित रूपले बस्न सक्छ, यसले अवैधानिक रूपले कस्न सक्छ । यसको प्रारुप हुँदैन, बहुरूप हुन्छ । प्रेम सधैं चुम्बनको बाटो भएर हामीमाझ पस्दैन, कहिलेकाहीं चड्कनको झटारो बनी गालामा बर्सिन्छ । कहिले कर्के नजरको डुङ्गा चढेर आँउछ प्रेम, कहिले क्रोधको भुमरीमा बेरिएर आउँछ प्रेम । सबै प्रेम अमर हुन् तर कुनै प्रेम दन्त्यकथा जसरी जनजिब्रोमा झुन्डिने गरी हामीबीच हुन्छन् भने कुनै समयको छालसँगै अतीतमा पुरिएका पनि छन् । यहाँ चर्चामा आउँछन दुई किसिमको प्रेम: असाधारण बनाइएको ऐतिहासिक, औपन्यासिक वा फिल्मी चरित्रहरूबीचको प्रेम र सामान्य नै रहने हामीजस्ता सर्वसाधारणको प्रेम ।

करिब एक दशकअघि जब म ट्युसन पढाउँथे, एउटा विद्यार्थी प्राय: केटी साथीसँगै आउँथ्यो । उसको एकघण्टे कक्षा नसकुन्जेल उसकी साथी बाहिर कुरेर बस्थिन् । जब एक घण्टा बित्नै लाग्थ्यो, ऊ हतारिन्थ्यो । मैले झपार्दा एक दिन उसले सोध्यो, 'सरले टाइटानिक हेर्नु भा'छ ?' मैले 'छैन'को इसारा गरैं । उसले भन्यो, 'टाइटानिक देखाइदिनुपर्ने सरलाई अनि थाहा हुन्छ, लभ भनेको के हो ?' उसको अगाडि देखाउने कुरा त भएन तर आखिर के रै'छ त टाइटानिकमा भन्नेको कौतूहलता जाग्यो । केही समयपछि उक्त चलचित्र हेर्ने अवसरसमेत जुऱ्यो । ज्याक र रोजको अभुतपूर्व प्रेमकथा रहेछ ।

चाहे सानैदेखि कण्ठ गर्दै आएको मुनामदन होस् वा रोमियो जुलिएट, हीर राँझा हुन् वा लैला मजनु प्रसिद्धि कमाएका प्राय: सबै प्रेमकथा वियोगान्त छन् । मार्क एन्टोनी र क्लियोपाट्राको आत्महत्यादेखि शारजहाँको प्रेममा मोमताज महलको प्रसव वेदनायुक्त देहावसानसम्म, नेपोलियन र जोसेफिनको बिछोडदेखि आफ्नो प्रियतम सलिमलाई बचाउन जिउँदै गाडिएकी अनारकलीको विलापसम्म सबै कथामा चित्रित दुखान्तका अवयवहरूले हाम्रो जीवनलाई केही न केही असर पारेकै छन् । मैले बुझ्न नसकेको कुराचाहिँ के भने वियोगको पीडा बोकेका कहानीहरूलाई किन मानिसले कहिल्यै नबिर्सिने इतिहास बनाए ? के मानिस वियोग मन पराउने प्राणी हो र ? यस हिसाबले हामी सामान्य मानिसका कथा प्रसिद्ध हुन प्रेम मौलाउनु अघि नै मर्नु वा अलप हुनुपर्ने हो त ?

उत्तिकै घतपूर्ण मिलनका कथा किन यहाँ मानिसहरूले बिर्सन खोज्छन् ? हुन त प्रेमकथा पुस्तान्तरण हुँदै अमर बन्नुपर्छ भन्ने पक्षमा म छैन, तर वियोगका कथा नै यसका लागि काबिल हुन सक्छन् भने रहन दिनुहोस् हाम्रा सामान्य प्रेमका किस्साहरूलाई अमर बनाउनु छैन । बाँचुन्जेल प्रेम जहींतहीं र जहिले-तहिले कायम रहोस्, बस यत्ति काफी छ । प्रेमको भावभङ्गी प्रस्फुटन गर्न ज्याकजसरी चिसो समुद्रमा डुब्ने कथा अब हामीलाई आवश्यक छैन, जबकि बिदा हुने बेलामा हात हल्लाइरहँदा प्रेमिकाको मुहारमा पुन: भेट्ने आशातित मुस्कानमा समुद्रभन्दा गहिरो प्रेम अटाएको हुन्छ । जस्तै प्रगाढ प्रेम भए पनि वियोगपछिको पीडामा जीवन गुजार्ने सर्त अब हामीलाई मञ्जुर छैन, किनभने यो संसारमा रोदन र आँसुको कमी छँदै छैन । यहाँ हाँसो चाहिएको छ, संयोग र पुनर्मिलनका कथाले भित्र्याउने खुसी चाहिएको छ । अनि चाहिएको छ कुम जोडेर यात्रामा निस्कने र वर्तमानमा सँगै बाँचिरहने असंख्य नरनारीको भीड, जसले वियोगलाई बिर्साउनेछ ।

सर्वसाधारणको प्रेम अपराह्नमा प्रेमिकाको फोनको हरेक घण्टीमा कानसम्म तरङ्गित हुन्छ जहाँ केही समयपछि सुमधुर स्वरमा उनले सोध्छिन्- खाजा के खायौ ? टेलिकमले पैसा सकिएको जनाउ सन्देश पठाएर कल काटिँदासमेत ती प्रश्न थाक्दैनन् । रोमियो र जुलिएटले गरेका आत्मदाहको कथालाई प्रश्रय दिनुमा भन्दा थाकेर घर आईपुग्दा तिम्रो दिन कस्तो रह्यो भन्ने जिज्ञासाभित्र लुकेको प्रेमकथामा बढी सार्थकता हुन्छ जहाँ तत्क्षण प्रेमिल मुहारको दर्शनमात्रले सम्पूर्ण थकानहरू हिमालपारि पुगिसक्छन् । आवश्यकता परेका बेला सुमसुम्याउने हातले दिने अगाध न्यानोपन र बिहानीपख निधारमा लत्पतिएका गुलाबी लिप्स्टिकका डोबहरू पखाल्न पानी छ्यापौं कि नछ्यापौंको हिचकिचाहटमा हामी हाम्रो सामान्य प्रेमलाई अझ बाक्लो बनाउन खोज्छौं ।

हामी वियोगान्त उपन्यासका पात्र बनेर आगामी पुस्ताका दिमाग विचरण गर्दै स्मृतिका केही शताब्दी पार गर्नुभन्दा कसैद्वारा नलेखिने तर बाँचुन्जेल सन्तुष्टिमा सँगै जिउने सामान्य व्यक्ति बन्नमा गर्व गर्छौं । अत: ती अमर पात्रहरू कथा बनेर इतिहास र उपन्यासका पाना वा फिल्मी पर्दाभित्रै सीमित रहुन् र अनि वास्तविक जीवनमा अब ती दु:खान्त कहानी हामीमाझ नदोहोरियोस्– प्रणय दिवसका अवसरमा हार्दिक शुभकामना ।

ravinems@iom.edu.np

# हिउँमा रमाउँदै नेपाली



तस्बिर : विष्णु तारुके

शनिबार बिहान काठमाडौंको मौसम निकै चिसो थियो । शुक्रबार साँझदेखि नै काठमाडौं नजिकैका चन्द्रागिरी, फूलचोकी, ककनी, शिवपुरी, नगरकोट आदि क्षेत्रमा व्यापक हिउँ पऱ्यो । बिहानै झमझम पानी परिरहेको थियो । चन्द्रागिरी हिल्सका महाप्रबन्धक अभिषेक विक्रम शाहका अनुसार उक्त दिन उनले थाहा पाएपछिकै सबैभन्दा बाक्लो हिउँ परेको थियो । चन्द्रागिरीस्थित केबलकारबाट माथि उक्लने क्रममा हिउँ खेल्न जानेहरू हिउँले सेताम्मे डाँडाको तस्बिर केबलकारभित्रैबाट कैद गर्दै थिए । चन्द्रागिरी वरपरका बोट-बिरुवासमेत हिउँले सेताम्मे थिए । चन्द्रागिरीमा हिउँ हेर्न जानेहरूको भीडलाई व्यवस्थापन गर्नसम्म हम्मे-हम्मे परेको थियो ।

यो वर्षको लगभग अन्त्यतिर वरिपरिका डाँडाहरूमा पनि बाक्लो हिउँ परेकाले हिउँमा रमाउन उपत्यकावासीले धेरै टाढा जानु परेन । ककनीका स्थानीय शिक्षक भुवन खत्री काठमाडौं वरपरका डाँडामा १३ वर्षपछि यति बाक्लो हिउँ परेको बताउँछन् ।

हिउँ खेल्न नगरकोट पुगेका सिन्धुलीका वासुदेव घिमिरे भन्छन्– तराई र मध्यपहाडी भेगका मानिसहरूका लागि हिउँ महत्वपूर्ण कुरा हो । हिउँ खेल्न रमाइलो हुन्छ । चितवनकी सुजाता कोइराला शनिबार बिहानको चिसोमा चन्द्रागिरी जाने मुडमा थिइनन्, उनलाई साथीहरूले हिउँ खेल्न कर गरेपछि उनी चन्द्रागिरी पुगेकी थिइन् । सुजाता भन्छिन्– हामी तराईका मानिसलाई हिउँ खेल्न पाउँदा निकै रमाइलो लाग्छ ।

नुवाकोटकी सुस्मिता सिग्देल पनि हिउँमा लडीबुडी गरिरहेकी थिइन् । रमाइलो गर्न साथीहरूसँगै आएको बताउने सुस्मिता हिउँ खेल्दा रमाइलो लाग्ने र साथीहरूका अगाडि साहसी सावित भइने अनुभव सुनाउँछिन् ।

चन्द्रागिरीमा शनिबार बिहान ८ इन्चसम्म हिउँ परेको चन्द्रागिरी हिल्सका महाप्रबन्धक शाह बताउँछन् । चार वर्षपछि अहिलेसम्मकै सबैभन्दा धेरै र बाक्लो हिउँ परेकाले शनिबार मात्र करिब १२ हजार मानिस चन्द्रागिरीमा हिउँ खेल्न पुगेको शाहले जानकारी दिए ।

विष्णु तारुके



तस्बिर : सुरज श्रेष्ठ/ एस ट ु प्रोडक्सन


# माछापुच्छ्रेलाई पृष्ठभूमिमा राख्दै

## तस्बिर खिचाउनेहरू

पोखरा पुग्ने अधिकांश पर्यटकको रहर खुलेको हिमाल हेर्ने हुन्छ । खुलेको हिमाल देख्नेबित्तिकै हिमाललाई पृष्ठभूमिमा राखेर तस्बिर खिचाउने रहर कसलाई नहोला र ? यसरी तस्बिर खिचाउनेहरूको रोजाइमा पोखराको सराङ्कोट पनि छ । पोखरा घुम्न आएका अधिकांश पर्यटक सराङ्कोट पुग्छन् । सराङ्कोटको विशेषता भनेकै सुन्दर हिमाल, पोखरा उपत्यका, फेवाताल आदि दृश्य हेर्न पाइनु हो । झरी परेपछि खुलेको मौसम त्यसै रमाइलो हुन्छ । स्पष्ट देखिएको हिमालमा अन्यको दिनको तुलनामा बढी हिउँ देखिन्थ्यो । सराङ्कोट सूर्योदय तथा सूर्यास्तको अवलोकनका लागिसमेत प्रख्यात छ । गत शनिबार हिउँ परेकाले कास्कीको पोथाना, काँडे, धम्पुस, लुम्ले, पञ्चासे आदि ठाउँमा हिउँ खेल्न जानेहरूको भीड लाग्यो । यी ठाउँमा १२ वर्षपछि यति ठूलो हिउँ परेको हो ।

राजाराम पौडेल

यात्रा सन्दर्भ



किशोर नेपाल

# 'मुन्द्रे' खुसी छ !

जनतालाई हँसाएर मनोरन्जन दिने हास्य-कलाकारको आफ्नै जीवनमा कति हाँसो हुन्छ ? यो अहिलेसम्म कसैले थाहा नपाएको तथ्य हो तर कलाकारको जीवन हामीले सोचेको भन्दा निकै मत्थर हुन्छ। हाइफाई केही हुँदैन। फुर्तीफार्ती पनि खासै हुँदैन। बाहिर सेलिब्रेटीको हैसियतमा रहेका कलाकारमा बढी असन्तोष हुन्छ। कतिपय अवस्थामा जनताले रुचाउने अभिनय गर्न कठिन हुन्छ। जनताले रुचाउने अभिनय नगर्ने हो भने शिखरमा टिकिरहन मुस्किल हुन्छ। जनताले आफ्नो माग निरन्तर जारी राख्छन्। कतिपय अवस्थामा त त्यो माग पूरा गर्न निकै गाह्रो पर्छ कलाकारलाई। जितु नेपालका समस्या पनि यिनै हुन। उनको सधैंको हुटहुटी हुन्छ- कसरी सन्तुष्ट बनाउने दर्शकलाई ? कसरी रिझाउने जनतालाई ?

जितु भन्छन् : अहिलेसम्मका लागि जनतालाई खुसी राखेको छु। मुन्द्रेको हास्यबोध र अभिनयको प्रशंसा गरेका छन् मानिसले। नभए कसरी टिक्थ्यो र मुन्द्रे ? राजनीतिमा भएको भए त उहिले नै फ्लप हानिसकेको हुने थिएँ। हास्य कलामा भएकाले अहिलेसम्म टिकेको छु। जनता र दर्शकको आशीर्वाद पाएको छु, खुसी छु।

'अहिलेको अवस्था पनि राम्रो छ। सरकार र हास्यव्यंग्यको अवस्था उस्तै छ। देशमा दुवैको बहुमत स्थापित छ। सरकार र हास्यव्यंग्यकाबीच रोज्नुपर्‍यो भने जनताले पक्कै हास्यव्यंग्य रोज्छन्। सरकारले देखाउने हास्यव्यंग्यको क्वालिटी र हामीले देखाउने हास्यव्यंग्यको क्वालिटीमा आकाश र जमिनको अन्तर छ,' जितुको भनाइ छ।

जितु बेलाबेलामा विदेशतिर हान्निइरहेका हुन्छन्। यो अन्तर्वार्तापछि उनी दुबई उड्दै थिए। यो हिसाबले त निकै आम्दानी हुने रहेछ हास्यकलाकारहरूको। जितुको भनाइ थियो, 'सबै टल्किने वस्तु सुन हुँदैनन्। मनोरन्जन पनि उद्योग हो। उद्योगको सफलताका लागि चाहिन्छ राम्रो लगानी। अहिले म नेपाल वायुसेवा निगमको सद्भावना दूत छु। त्यसबापत मलाई वर्षको चारवटा टिकट प्राप्त हुन्छ। त्यही टिकटे उपयोग गरी बेला-बेलामा कतार, दुबइ आउने जाने हो। बेला बेलामा हुने विशिष्ट समारोहमा त आयोजकले नै टिकट दिइहाल्छन्।

नेपालमा किन सबै कमेडी उस्तै हुन्छन् ? हास्य कलाकारहरूमा केही मौलिक गरौं भन्ने नभएर नै हो ? जितु यो कुरा मान्दैनन्। उनी भन्छन्, अभिव्यक्तिको शैली फरक छ सबैको। परिस्थिति अनुसार, कलाकारहरू आफ्नो बोली बदल्छन्। विचार बदल्दैनन्। कलाकारहरूमा टाइमिङ सेन्स पर्फेक्ट छ। त्यसैले भन्न सकिन्छ, नेपाली हास्य कलाकारहरू कलात्मक मर्यादाबाट पन्छिएका छैनन्।

जितुले अहिले संयोजन गरेका छन् कमेडी क्लबको। यो क्लबमा दीपाश्री, राजाराम, उमेश राई, राजेन्द्र नेपाली र स्वयं जितु छन्। कमेडी क्लबलाई मिडिया हबले प्रस्तुत गरिरहेको छ। यसलाई कतिले हेरेका छन् ? हामीकहाँ दर्शक सर्वेक्षणको चलन छैन। यू-ट्युबको तथ्यांकअनुसार यो कार्यक्रम प्रत्येक साता १० लाख मानिसले हेर्छन्, तर नेपालमा जति लाखले हेरे पनि युट्युबले पैसो दिँदैन। त्यसैले त्यसको खासै मतलब छैन, तर कार्यक्रम व्यापारिक हिसाबले पक्कै पनि सफल होला। किनभने यसमा ११ मिनेटको एड बज्छ। हामी कलाकारहरूले तात्तातै पैसा पाउँछौं। पछिल्लो समयमा हास्य कलाकारिताबाट खान पुगेको छ। परस्परमा सम्मान भाव बढेको छ। हामी जोकरमात्र होइनौं। हामीमा भद्रता र मानवीय गुण छन् भन्ने स्थापित गरेका छौं।

कलाकारहरूको कमेडी शो भनेको सातामा एक दिन मात्र हो। हामी त मेला र महोत्सवको आयोजनाले बढी रमाउँछौं। यस्ता मेला र महोत्सवमा उच्चस्तरीय कमेडी, गाउँघर सुहाउँदो कमेडी, कर्पोरेट कमेडी सबै चल्छन्।

जितुले ११ वर्ष जनतालाई जिरे खुर्सानी चटाएर ब्युँझाए। उनी त्यो समयलाई उपलब्धिमूलक मान्छन्। सिन्धुपाल्चोकमा जन्मिएको एउटा केटो काठमाडौंमा आएर कमेडीमा जम्नु साधारण कुरा थिएन। आईएसम्म पढेका जितु घरमा हँसाउँदैनन्। उनले मांगी विवाह गरेका हुन्। श्रीमतीसँग ठाकठुक पर्नु सामान्य हो। उनले रेडियो-अडियो तथा बीएसबीएफ गोर्खा रेडियोमा पनि काम गरिसकेका छन्।

देशमा पन्ध्र-सत्रबटा टेलिभिजन च्यानल छन्। ती सबै आपसमा प्रतिस्पर्धा गर्छन् समाचारमा। मनोरन्जनमा प्रतिस्पर्धा छैन। भोलि चुनाव आओस् त, नियमित चलिरहेका मनोरञ्जन कार्यक्रमसमेत रोकिन्छन्। सरकारले मनोरञ्जनलाई आफ्नै प्रतिस्पर्धी सोच्छ कि क्या हो, प्राथमिकता दिँदैन। यो हालतमा, तै पनि, मुन्द्रे खुसी छ !



तस्बिर : नवराज बाग्ले

## पाठक मञ्च

काठमाडौंमा धेरै जोखिममा बस्नुपरेको छ। यहाँको धूवाँ, धूलो, फोहोर, दुर्गन्ध, ट्राफिक व्यवस्थापन र माकुराको जालोजस्तो जताततै बिजुलीको तार आदिले सहरवासीहरूलाई ठूलो असर गरेको छ। यसलाई व्यवस्थापन गर्न नसक्नु सरकारको ठूलो कमजोरी हो। यसलाई समयमै व्यवस्थापन गरौं र जोखिम घटाऔं।

**जीएन ढकाल**

प्रेम अन्तरात्माको अभिव्यक्ति हो। यो न कसैले प्रलोभन देखाएर हुन्छ, न नाटक गरेरै प्राप्त गर्न सकिन्छ। सच्चा प्रेमको कुनै मूल्य हुँदैन, यो न पैसामा बिक्छ, सच्चा प्रेम अमूल्य हुन्छ ! शरीर र पैसामा बिक्ने प्रेम कदापि दिगो हुँदैन, प्रेम जोसँग पनि हुन सक्छ, विवाहित होस् वा अविवाहित।

**नीलिमा ठकुरी**

गाउँघरमा पनि यस्ता आकर्षक व्यक्तित्वहरू छन् (आकर्षक महिला-पुरुष) तिनीहरूको कुरा गर्ने हो भने अहिलेका चल्तापुर्जाहरू समेत फ्लप खान्छन्। यस्ता व्यक्तिलाई पनि सञ्चारमाध्यमले स्थान दिनुपर्छ।

**श्रीकृष्ण**

आकर्षक मानिस कसरी निर्धारण गर्ने ? (आकर्षक महिला-पुरुष) रूपबाट, रङ्गबाट वा कौशलबाट ? कस्तालाई आकर्षक भन्ने ? मेरा लागि त दुनियाँमा जो कोही सबै आकर्षक छन्।

**रिकुटे लिम्बू**

मेरो छिमेकमा शारीरिक रूपमा अत्यन्त कुरूप एक जोडी थियो तर पनि उनीहरूमा गहिरो प्रेम थियो। (आकर्षक महिला-पुरुष) के तिनीहरू नराम्रा हुन् ?

**पूर्णसिंह थापा**

यौन दुर्बलता हटाउन मुख्यतः पार्टनरको प्रेम, सहयोग एवं हौसला धेरै हदसम्म सहयोगी हुन्छ। (किन उत्तेजित हुँदैन लिंग) यसको प्रमुख कारण मानसिक हो।

**एन ठकुरी**

twitter follow us on
twitter.com/saptahik


Like us on Facebook
facebook.com/kantipursaptahik

# सञ्जाल : सामाजिक कम, असामाजिक बढी

● युजिर शर्मा

विज्ञान र प्रविधिको यो युगमा सामाजिक सञ्जालमा नजोडिएका सायदै कोही होलान्। अझ हाम्रो जस्तो अल्पविकसित देशमा त इन्टरनेट भनेकै सामाजिक सञ्जाल मात्र हो भनेर बुझ्ने ठूलो जमात छ। भर्खर स्कुल जान थालेका केटाकेटीदेखि तिनका हजुरबुवा-हजुरआमासम्म अंग्रेजी नजाने पनि फेसबुकका भित्तामा औंला दौडाउन सिपालु भैसकेका हुन्छन्।

बीसौं शताब्दीको एउटा महत्वपूर्ण उपलब्धि इन्टरनेट पनि हो। केही वर्षअघिसम्म सोच्दै नसोचिएको, कल्पनाभन्दा धेरै परका कुरा पनि इन्टरनेटमा आएपश्चात् एकै निमेषमा पूरा हुने अवस्था अहिले छ। यसका धेरै प्रयोगमध्ये सामाजिक सञ्जाल पनि एक हो। नेपालमा इन्टरनेट चलाउने र स्मार्टफोन भएका मानिसहरू (अपवादबाहेक) सबैले चलाउने सामाजिक सञ्जाल फेसबुक नै हो। त्यसपछि



धेरै प्रयोगकर्ता भएको सञ्जालमा पर्छ– ट्विटर।

ट्विटर एउटा माइक्रो ब्लगिङ साइट हो, जसमा विचार पढ्न मन लाग्ने एकाउन्टहरू फलो गरिन्छ र आफ्नो विचार पढ्न मन लाग्नेहरूले आफूलाई फलो गर्छन्। आफूले फलो गरेको अकाउन्टबाट भएका ट्विटहरू रियल टाइममा अर्थात् त्यतिबेला नै आफ्नो टाइमलाइनमा देख्न सकिन्छ। त्यसलाई रिट्विट, लाइक एवं रिप्लाई गर्न सकिन्छ। रियल टाइम अन्तर्क्रिया हुने भएकाले पनि केही समययता युवा पुस्तामाझ ट्विटर लोकप्रिय हुँदै गैरहेको छ।

ठूला सेलिब्रेटी तथा पब्लिक फिगरहरूलाई फलो गर्नेहरू एकदमै बढी हुन्छन्। नेता, कलाकार, गायक, खेलाडीहरूको एकाउन्टमा धेरै फलोवर देख्न सकिन्छ। उनीहरू छिटफुट कुनै-कुनै आवश्यक कुरामा कहिलेकाहीं ट्विट गर्छन्। अर्कातर्फ प्रायःजसो ट्विटरमै भेटिने केही मानिस पनि छन्। उनीहरू निरन्तर ट्विट गरिरहन्छन्। भेनेजुएलाको मामिलादेखि सिरिया आक्रमणसम्म, प्रिमियर लिगदेखि आइपिएलसम्म, चन्द्रमादेखि अन्टार्कटिकासम्म, उनीहरूले नजानेको केही हुँदैन। बेलाबेला लाग्छ, उनीहरू हिँडडुल गर्ने अर्थात् चल्ताफिर्ता गुगल हुन्।

जीवन र जगत्का बारेमा यसरी बहस हुने भएपछि स्वतः केही कलह पनि हुने नै भयो। यस्तो अवस्थामा परिचय प्रयोग नगरिएका हुँडार एकाउन्टबाट व्यक्तिगत गाली-गलौज र अपमानपूर्ण शब्दहरू प्रयोग गर्ने स्तरसम्म पुग्छन्। ट्विटेहरू। यसले सामाजिक सद्भाव भड्काउने मात्र नभएर मानिसलाई कुनै विषयप्रति धारणा बनाउन नकारात्मक प्रभाव समेत पार्छ।

आफ्नो परिचय प्रयोग नगरिएका फेक तथा हुँडार एकाउन्टहरूलाई नियमन गर्नु आवश्यक छ। ट्विटर मुख्यालयसँग सहकार्य गरेर नेपालबाट ट्विटर एकाउन्ट लग-इन गर्दा नागरिकताको फोटोकपी पनि पेस गर्ने व्यवस्था गर्न सके त्यस्तो स्थितिमा नियन्त्रण ल्याउन सहज हुन्छ, अन्यथा यी सञ्जालहरू बिस्तारै असामाजिक बन्दै गएर राज्यका कोर भ्यालुहरूमाथि नै आक्रमण गरेर राज्यलाई कमजोर बनाउनतिर नलाग्लान् भन्न सकिँदैन।

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पठाउनुहुन अनुरोध छ। उत्कृष्ट विचारलाई आगामी अंकमा स्थान दिनेछौं।

# रंगशाला बनाउने घोषणा गरेर हामीले के गल्ती गर्‍यौं ?

कुनै बेला नेपाल टेलिभिजनको लोकप्रिय कार्यक्रम “मेरी बास्सै” मा धुर्मुसको भूमिका निर्वाह गरेर लाखौं दर्शकको मन जित्न सफल हास्यकलाकार हुन् सीताराम कट्टेल । २०७२ सालमा गएको विध्वंसकारी भूकम्पपछि श्रीमती कुञ्जना घिमिरेसँगै स्वस्फूर्त रुपमा राहत वितरणदेखि बस्ती निर्माणसम्ममा सक्रिय भएको सीताराम र कुञ्जनाको जोडी अहिले धुर्मुस-सुन्तली फाउन्डेसनमार्फत चितवनमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला बनाउने अभियानमा केन्द्रित भएको छ । हालै रंगशाला निर्माण हुने सम्झौता पत्रमा हस्ताक्षर भएपछि सामाजिक सञ्जालहरूमा उक्त कार्यका सम्बन्धमा टीका-टिप्पणी गर्ने क्रम बढेको छ । रंगशाला निर्माणको प्रारम्भिक चरणमा सामाजिक सञ्जालमा बहस नै चलेपछि साप्ताहिक संवाददाता कृष्ण भट्टराईले धुर्मुसलाई पुरानो बानेश्वरस्थित उनकै कार्यालयमा भेटेर लामो कुराकानी गरेका थिए ।



तस्बिर : नवराज बाग्ले

सीताराम कट्टेल, अध्यक्ष, धुर्मुस-सुन्तली फाउन्डेसन

**मलेसियाको कार्यक्रम कस्तो रह्यो ?**

मलेसियाको धुर्मुस-सुन्तली साँझ कार्यक्रम हामीले अपेक्षा गरेको भन्दा राम्रो भयो । हल दर्शकले खचाखच भरिएको थियो । सिटी एक्सप्रेसले प्रायोजन गरेको उक्त कार्यक्रम जुन उद्देश्यका लागि गरिएको थियो, हामी त्यसमा सफल भयौं । पहिले उक्त कार्यक्रम विशुद्ध मनोरञ्जनका लागि तय गरिएको थियो, हामीले काठमाडौंमा क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा भएपछि उक्त कार्यक्रमको रुपरेखा केही परिवर्तन भयो ।

**रंगशाला निर्माणका लागि सहयोग जुटाउन पुनः विदेश जाने कार्यक्रम छ कि ?**

छ, जापान, अष्ट्रेलिया, यूरोप, दुबईसहित जहाँ-जहाँ नेपाली हुनुहुन्छ, त्यहाँ त्यहाँबाट कार्यक्रमको प्रस्ताव आइरहेको छ ।

**रंगशाला निर्माणको कुरा कहाँसम्म पुगेको छ ?**

आफैंमा ऐतिहासिक रहेको उक्त रंगशालाका लागि भरतपुर महानगरपालिकाले जग्गा उपलब्ध गराएपछि केहीअघि हामीले काठमाडौंमा एउटा कार्यक्रम आयोजना गरेर सम्झौता पत्रमा हस्ताक्षर गरेका छौं । त्यससंगै अहिले हाम्रो सम्पूर्ण ध्यान गुरुयोजना (डीपीआर) निर्माणमा छ । डीपीआरका लागि पनि सम्बन्धित विज्ञहरूसँग हामी आफैं बस्नुपर्ने बाध्यता छ । उक्त रंगशाला निर्माणका लागि हामी संयोजक (मध्यस्थकर्ता) को भूमिका मात्रै निर्वाह गरेका हौं । यो एउटा विज्ञ समुहले निर्माण गर्ने हो ।

**अब त्यो काम कसरी अघि बढ्छ ?**

निर्माणको काम अघि बढि सकेको छ । हामीले उक्त जग्गामा साइट अफिस निर्माण गरेका छौं, अस्थायी कम्पाउन्डिङको काम पनि हुँदैछ । निर्माण सामग्रीहरू राख्ने गोदाम बनाउन थालिसक्यौं । केही दिनमै त्यहाँ पुगेर प्रारम्भिक चरणको काम गर्नुछ ।

**ठ्याक्कै कति समयमा रंगशाला तयार होला ?**

शिलान्यास भएको मितिले दुई वर्षमा निर्माण पूरा गर्ने लक्ष्य छ । यद्यपि डीपीआर तयार हुन तथा नक्सा बन्न कम्तिमा ६ महिना लाग्छ कि भन्ने अनुमान छ । अन्तर्राष्ट्रिय स्तरको मापदण्ड पूरा गर्दै निर्माण गर्नुपर्ने भएकाले दक्ष प्राविधिक तथा इन्जिनियरहरूसंग परामर्श गर्दैछौं ।

**रंगशाला निर्माणको घोषणापछि कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

एकदमै सकारात्मक प्रतिक्रियाहरू पाइरहेका छौं, केही टिका-टिप्पणी पनि पाइरहेका छौं । सबैभन्दा महत्वपूर्ण कुरा के हो भने अहिले हाम्रो देशलाई अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला आवश्यकता हो कि होइन भन्ने कुरा महसुस गर्नुपर्छ । क्रिकेट खेलेरै नेपाली खेलाडीहरूले देशलाई चिनाइरहेका छन्, अन्तर्राष्ट्रिय मञ्चमा प्रगति गरिरहेका छन् । यद्यपि, तिनै खेलाडीहरू निर्धक्कसँग अभ्यास गर्न पाइरहेका छन् कि छैनन्, त्यो हेरिनुपर्छ । खेलाडीले खेल खेलेरै बाँच्न सक्ने अवस्था छ कि छैन, त्यसमा ध्यान दिइनुपर्छ । ती कुरामा सकारात्मक जवाफ नभेटेपछि हामीले त्यसकै लागि यो संघर्षमय यात्राको थालनी गरेका हौं । हामीले क्रिकेट रंगशालामात्र होइन, समग्र खेलकुद क्षेत्रकै लागि यो ठूलो कदम चालेका हौं । हामीले हाम्रा लागि सोचेका छैनौं, सिंगो नेपाली खेलाडीहरूको भविष्यलाई सोचेर यो परियोजनालाई अघि बढाउने निर्णय गरेका हौं । हामीलाई नेपाली समाजको साथ र समर्थन भएकैले यति चुनौतीपूर्ण अभियान थालेका हौं ।

पृष्ठ ८ मा



# रंगशालामा रडाको

**धुर्मुस-सुन्तली फाउन्डेसनले चितवनमा बनाउने घोषणा गरेको बिग प्रोजेक्ट अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका नाममा सोसल मिडियामा नयाँ रडाको सुरु भएको छ ।**




३ अर्ब लगानी । २० बिघा ८ कट्ठाको ठूलो क्षेत्रफल । २५ हजारभन्दा बढी दर्शक क्षमता । नेपाली मौलिकताले भरिपूर्ण र बहुउपयोगी । विश्वमै नमुना अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला । एकदिवसीय अन्तर्राष्ट्रियको मान्यता पाएको नेपाली राष्ट्रिय क्रिकेट टिमले सुविधासम्पन्न र व्यवस्थित एउटै रंगशाला नपाइरहेका बेला धुर्मुस-सुन्तली फाउन्डेसनले उल्लेखित विशेषतायुक्त अन्तर्राष्ट्रिय रंगशाला निर्माणको 'ड्रिम प्रोजेक्ट' को घोषणा गरेको हो ।

१६ माघमा राजधानीमा आयोजित एक कार्यक्रममार्फ सीताराम कट्टेल 'धुर्मुस' तथा उनकी कलाकार पत्नी कुन्जना घिमिरे 'सुन्तली'को धुर्मुस-सुन्तली फाउन्डेसनले चितवनमा अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने कुरा बताइएको थियो । ३ अर्ब लागतमा निर्माण सम्पन्न हुने अनुमान गरिएको उक्त अन्तर्राष्ट्रिय रंगशालाका लागि लाग्ने सबै रकम जनसहयोगबाटै जुटाइने फाउन्डेसनले जनाएको छ । सरकारले नै निर्माण अघि बढाइरहेका कतिपय रंगशाला वर्षौंसम्म पूरा नभएका उदाहरणबीच धुर्मुस-सुन्तली फाउन्डेसनले दुई वर्षमा विशाल र बहुउपयोगी रंगशाला निर्माण पूरा गरेर चितवन महानगरपालिकालाई हस्तान्तरण गर्ने चुनौतीपूर्ण लक्ष्य अघि सारेको छ ।

भरतपुर महानगरपालिकाले 'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला' नाम दिइएको उक्त रंगशाला निर्माणका लागि आवश्यक जग्गा फाउन्डेसनलाई हस्तान्तरण गरिसकेको छ । नेपाललाई अन्तर्राष्ट्रिय क्रिकेटको हब बनाउने महत्वाकांक्षी योजनासँग जोडेर अघि बढाउन लागिएको उक्त अन्तर्राष्ट्रिय रंगशाला निर्माणको कुराले क्रिकेट प्रेमीहरूलाई खुसी नै दिएको मानिन्छ ।

## सामाजिक सञ्जालमा चर्को बहस

भूकम्पपीडित, बाढीपीडित तथा मुसहरहरूका लागि चारवटा नमुना बस्ती निर्माण गरेर हस्तान्तरण गरी ठूलो प्रशंसा कमाएका सामाजिक अभियन्ता धुर्मुस-सुन्तलीको 'बिग ड्रिम' अन्तर्राष्ट्रिय रंगशाला निर्माण घोषणा लगतै कतिपयले भने फाउन्डेसनको उक्त प्रयासमाथि नै औंला उठाउन थालेका छन् । चन्दाबाट व्यापारिक क्रिकेट स्टेडियम बनाउन थालिएको भन्दै कतिपयले लगानी मोडालिटी त कतिपयले सर्वसाधारणबाट उठाएको पैसाबाट लगानी गर्न लागिएको क्षेत्र छनोट नै गलत भएको भन्दै प्रश्न उठाउन थालेका हुन् । यसले देशको गौरव बढाउने अन्तर्राष्ट्रिय रंगशाला निर्माण 'कन्ट्रोभर्सी'मा पर्ने खतरा समेत उत्पन्न गरेको छ ।

क्यानाडाको ओटावा युनिभर्सिटीसँग आबद्ध भानुभक्त आचार्यले फेसबुकमा धुर्मुस-सुन्तली फाउन्डेसनले अघि बढाएको अन्तर्राष्ट्रिय रंगशाला निर्माणको घोषणालाई लिएर 'के भीडबाट पैसा उठाएर क्रिकेट स्टेडियम बनाउन सम्भव छ ?' शीर्षकमा एउटा स्टाटस पोष्ट गर्दै सेयर बेचेर रंगशाला निर्माण गर्न सुझाव दिएका छन् । उनले अर्को विकल्पका रूपमा अन्तर्राष्ट्रिय रंगशाला निर्माणको जिम्मेवारी सरकारले लिनुपर्ने र त्यसको निर्माण/व्यवस्थापनको जिम्मेवारी धुर्मुस-सुन्तलीलाई दिनुपर्ने मतसमेत जाहेर गरेका छन्, जसमध्ये उनको एउटा प्रश्न यस्तो छ, 'नेपाल सरकारको भद्रगोल पारा देखेर सरकारका निकायहरूसँग विश्वास नभएर धुर्मुस-सुन्तलीलाई गरिब दुःखीको बिजोग नहोस् भन्दै स्वदेश-विदेशमा भएका मानिसहरूले आफ्नो गाँस कटाएर चन्दा दिएका हुन् । पैसा बढी भएर राख्ने ठाउँ नपाएर दिएका होइनन् । ठूला संरचनामा सरकारले पैसा खोज्नुपर्छ । पारदर्शी र चुस्त व्यवस्थापन धुर्मुस-सुन्तलीको हुनसक्छ ।' के सरकार टाट पल्टिसकेको हो ? भन्दै प्रश्न गर्ने आचार्यले भ्यू टावरमा गरिएको लगानी स्टेडियममा गर्न र त्यसका लागि समयमा काम सक्न र पारदर्शी हिसाब-किताब राख्न धुर्मुस-सुन्तलीलाई निर्माणको जिम्मा दिन पनि सुझाएका छन् ।

अर्को फेसबुक प्रयोगकर्ता मनु वाइबाले त धुर्मुस-सुन्तलीलाई एक सुका पैसा नदिन भन्दै लामै स्टाटस फेसबुकमा पोस्ट गरेका छन् । उनले रंगशालाभन्दा पहाडमा बाटो, पुल, अस्पतालमा लगानी गर्न आग्रह गरेका छन् । 'साउदी, कतार, जापान, मलेसिया, कोरिया, देशहरूमा गधाजस्तो जोतिने सम्पूर्ण साथीहरू र जन्मघर छोडेर परिवार पाल्न विदेश आउन तयार भएकाहरू हो,' उनले लेखेको लामो फेसबुक स्टाटसको एक अंशमा भनिएको छ, 'यता सुनौं, धुर्मुस-सुन्तलीले बनाउन लागेको रंगशालामा सुको नदिनु, धातु खस्ने गरी काम गरेको पैसा किन त्यहाँ दिनु ? दिनु छ भने पहाडमा बाटो छैन, पुल छैन, अस्पताल छैन, स्कुल छैन, ज्वरोको औषधी छैन, त्यस्तोलाई सहयोग गरेर पुण्य कमाउ । यस्ता रङ्गशाला, फुटबल ग्राउन्ड, पार्क बनाउने काम कुनै कलाकार वा जनताको होइन सरकारको हो ।

५ सयभन्दा बढीले सेयर गरेको उक्त स्टाटसमा पक्ष र विपक्षमा चर्को बहस भएको देखिन्छ । उक्त स्टाटसमाथि बहस गर्दै गीताकुमारी न्यौपानेले पनि आफ्नो धारणा व्यक्त गरेकी छिन् । न्यौपाने लेख्छिन्- 'म विकास विरोधी होइन । सुविधासम्पन्न राष्ट्रमा खेल मैदान हुनुपर्छ । कुरा रहयो गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र रोजगार मानिसको पहिलो आवश्यकता हो । नेपाली जनताको स्थिति र यहाँका राजनेताको गतिविधिका बारेमा त लेखिरहनु नपर्ला । अघिल्लो अवस्थामा वाहीवाही कमाएका यी जोडीलाई अहिले निकै गाह्रो होला । नाम नै कमाउनु नै छ त ती स्थानमा जहाँ विद्यालय जान ८ घण्टाको पैदल यात्रा वा तुइन चढ्नुपर्छ । अस्पतालमा बिरामीको नाममा सिटामोल खान नपाएर बिरामीको ज्यान गैरहेको छ, कन्दमूलका भरमा छाक टार्नुपरेको छ । जाडोले कठ्याङ्ग्रिएर र गर्मीले पल्सिएर ज्यान गुमाउनुपरेको छ । विचार परिवर्तन गरियोस् खेलको महत्व बुझ्ने गरी शिक्षा आर्जन नगरी खेल मैदानको आवश्यकता हुँदैन ।' सोही स्टाटसभन्दा ठिक मुन्तिर भाइ युवराज रिमालले आफ्ना तर्फबाट एक सुका पनि रंगशाला निर्माणका लागि नजाने बताएका छन् । उक्त स्टाटसमाथिको बहसमा धुर्मुस-सुन्तलीलाई रंगशालाका ठाउँमा आधारभूत शिक्षा, स्वास्थ्यका क्षेत्र सुधारमा लाग्न पनि कतिपयले आग्रह गरेका छन् । कतिपयले भने अरूले दिएको पैसामा काम गरेर आफूले मात्र चर्चा कमाएको गुनासो समेत पोखेका छन् ।

फेसबुक प्रयोगकर्ता अर्जुन रावतले रिमाललाई जवाफ फर्काउँदै भनेका छन्- 'अरे यार, तिमीलाई कठालो समातेर ले भनेर मागेको छैन नि, दिने इच्छा भए दिनु, नदिने भए के-को ल्याङल्याङ गरी रा' भन्या ।' सोही बहसमा भाग लिएका तिलक केसीले धुर्मुस-सुन्तलीले विश्व सामु चिनाउने काम गर्दा त्यसलाई नराम्रो नमान्न आग्रह गरेका छन् । 'देश र नेपाली जनतालाई विश्वसामु चिनाउने काम भैरहँदा घटिया सोच भएकाहरूको भनाइ हो यो,' उनले क्रुद्ध हुँदै लेखेका छन्, 'यस्ता व्यक्तिहरूले गर्दा नै हाम्रो देशको प्रगति नभएको हो ।' सञ्जीव मोक्तानले पनि लाखौं रुपैयाँ धुर्मुस-सुन्तलीले नमागेको भन्दै उनको प्रयासको बचाउ गरेका छन् । 'लाख-करोड मागेको होइन,' सञ्जीवले लेखेका छन्, 'दुई दिनको चिया चुरोट खर्च दिए नि धेरै हुन्छ । आफ्नो नकारात्मक सोचलाई आफैंसँग राख्नु । दुनियाँमा नबुझ्ने कोही छैन ।' बहसमा भाग लिएकाहरूमध्ये कतिपयले धुर्मुस-सुन्तलीको प्रयास सरकारात्मक भएकाले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

केहीले भने ठूला र राष्ट्रिय गौरवका पूर्वाधारहरू निर्माणको जिम्मा राष्ट्रको हुनुपर्ने तर्क अघि सारेका छन् । लाल बोगटीले पनि धुर्मुस-सुन्तलीका बारेमा चिन्ता व्यक्त गरेका छन् । 'भगवान् भनेर पुजिएका धुर्मुस-सुन्तलीले यो स्टेडियममा हात हालेर बदनामी कमाउने भए,' उनले लेखेका छन् ।

अन्तर्राष्ट्रिय रंगशाला निर्माणको घोषणापछि सञ्चारकर्मी कुसुम भट्टराईले 'धुर्मुसलाई चन्दा किन नदिने ?' शीर्षकमा लेख नै लेखे । उनले आफ्नो स्टाटसमा पनि लेखेका छन्, 'सन् १९९२ मा पाकिस्तानलाई विश्वकप दिलाएका इमरान खानले रगशाला होइन, अस्पताल खोले । बिचरा धुर्मुसले मनोरजन र सेवाको भाव नै बुझ्न सकेनन् ।' मकाउमा रहेका एक नेपालीले एक अनलाइनमा लेख नै लेखेका छन् । कर्ण अधिकारी नामका ती युवाले व्यापारिक हिसाबले निर्माण गर्न लागिएको रंगशाला चन्दाबाट बनाउन नहुने आशय व्यक्त गरेका छन् । 'यसकारण धुर्मुस-सुन्तली फाउन्डेसनलाई सहयोग गरिँदैन' शीर्षकमा प्रकाशित उक्त लेखमा सरकारले आफैं रंगशाला निर्माण गर्न आग्रह गरिएको छ । अर्को एक अनलाइनमा युवराज आचार्यले 'धुर्मुस सुन्तलीका विपक्षमा' शीर्षकको लेख सार्वजनिक गरेका छन् । उक्त लेखमा पनि उनले राज्य स्वयंमले नै रंगशाला निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । कतिपयले त धुर्मुस-सुन्तलीको प्रयासलाई प्रधानमन्त्री र नेकपाका अर्का अध्यक्ष दाहाललाई बोलाएको भन्दै राजनीतिक रंग दिनसमेत खोजेका छन् ।

घोषणालगत्तै रंगशालाका लागि पैसा जुटाउन मलेसियामा पुगेका फाउन्डेसनका प्रमुख सीताराम कट्टेल 'धुर्मुस'ले भने अनलाइनमा देखिएका यस्ता वहसलाई भ्रामक भन्दै आफूहरूको उद्देश्य पूरा भएको स्टाटस फेसबुकमा पोष्ट गरेका छन् । 'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको सहयोगार्थ जुन उद्देश्य लिएर हामी मलेसिया आएका थियौं । मलेसियामा भएका नेपाली दिदिबहिनी दाजुभाइहरूबाट हामीले अपेक्षा गरेभन्दा पनि राम्रो साथ सहयोग र सदभाव पाएका छौं,' उनले फेसबुकमा २८ माघमा पोस्ट गरेको स्टाटसमा लेखेका छन्, 'यही अभियानलाई लिएर फेरि केही समयपछि मलेसिया आउने निम्तो समेत पाएका छौं । यसबाट हामीलाई थप हौसला मिलेको छ । यस पटकको यात्रामा प्राप्त सहयोग हामी नेपाल पुगे पश्चात् जानकारी गराउने छौं । केही भ्रामक समाचारमा कुनै सत्यता नरहेको पनि प्रष्ट पार्न चाहन्छु ।'

थुप्रै चासो र विवादकाबीच पनि धेरैले धुर्मुस-सुन्तली फाउन्डेसनको रंगशाला बनाउने घोषणाको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । जे भए पनि अघिल्ला चारवटा प्रोजेक्टमा धुर्मुस-सुन्तली फाउन्डेसनलाई चौतर्फी सहयोग प्राप्त भएको थियो । यद्यपि सबैभन्दा महत्वकांक्षी र बिग ड्रिम प्रोजेक्ट मानिएको गौतम बुद्ध अन्तर्राष्ट्रिय रंगशाला निर्माणका दौरान देखिएको मनभेद सकारात्मक देखिदैन । रंगशाला निर्माणको घोषणा लगतै देशभित्र र बाहिरका नेपालीहरूमा विभाजन देखिनु पक्कै पनि सुखद पक्ष होइन ।

## क्रिकेट रंगशालाको यात्रा

गएको चैतको पहिलो साता नेपालले क्रिकेटमा एकदिवसीय अन्तर्राष्ट्रियको मान्यता पायो । एकदिवसीय राष्ट्रको मान्यता प्राप्त गरेसँगै नेपालमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला बनाउनुपर्ने बहससमेत सुरु भयो । चारवटा नमुना बस्ती बनाएर प्रशंसा बटुलेका धुर्मुस-सुन्तली फाउन्डेसनलाई पनि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउन नेतृत्व लिन आग्रह गर्दै संसारभरबाट प्रतिक्रिया आउन थाले । त्यसअघि नै फाउन्डेसनले 'नमुना नेपाल' परियोजनालाई ड्रिम प्रोजेक्टका रूपमा अघि बढाइरहेको थियो । धुर्मुस-सुन्तलीले ५ जेठ २०७४ मा ५ अर्ब बजेटमा 'नमुना नेपाल' परियोजनाको घोषणासमेत गरेका थिए, जसका लागि सहयोग पनि जुटाउन थालिसकिएको थियो ।

नेपालले क्रिकेटमा एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएपछि १५ चैत २०७४ मा धुर्मुसले कुनचाहिँ पहिले शीर्षकमा एउटा लामै स्टाटस फेसबुकमा पोस्ट गरे, जसमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र नमुना नेपाल परियोजना कुन चाहिँ पहिले भन्ने प्रश्न गरिएको थियो । त्यसमा अधिकांशले रंगशालालाई पहिले बनाउन सुझाव दिएपछि धुर्मुस-सुन्तली फाउन्डेसनले काठमाडौं, पोखरा, चितवन आदि ठाउँमा रंगशाला निर्माणका लागि उपयुक्त जग्गाको खोजी गऱ्यो । चितवनको जग्गा मन परेपछि बाँकी प्रक्रिया अघि बढाइयो । १६ माघमा रंगशालाका लागि भरतपुर महानरपालिकाले चितवनमा जग्गा उपलब्ध गराएर फाउन्डेसनसँग सम्झौता नै गऱ्यो ।



KMG
KANTIPUR MEDIA GROUP
डडेलधुरा
DADELDHURA
NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि
PRESENTS
कान्तिपुर
CONCLAVE
Unleashing Nepal's Potential
CONNECTED BY
Ncell
POWERED BY
asianpaints
देशलाई कस्तो दिशा दिने गुनौं, सुनौं र सुनाऔं
कान्तिपुर कन्क्लेभ देशका जटिल समकालीन मुद्दाहरूबारे संवाद गर्ने अवसर हो । यो कुनै नियमित सभा सम्मेलन र सेमिनार होइन, न कुनै कक्टेल जमघट । हामीले सामना गरिरहेका कठिन चुनौतीहरूलाई कसरी सिर्जनात्मक उपयोग गर्न सकिन्छ भन्नेबारे, कोभन्दा को कम विज्ञहरूले विमर्श गर्ने छन् । देश विदेशका ख्यातीप्राप्त बौद्धिक तथा व्यावसायिकहरूको यो दुई दिने बहसमार्फत हामी विभिन्न क्षेत्रमा अज्ञानता चिर्ने प्रकाशको खोजी गर्ने छौं । कान्तिपुर मिडिया ग्रूपले आफ्नो वार्षिकोत्सव पूर्व सन्धामा गर्न लागेको कन्क्लेभ आन्तरिक प्रयोजनका लागि होइन । समाजप्रतिको जिम्मेवारी पूरा गर्नका लागि हो, देशलाई आवश्यक दिशा दिन मिडियाको भूमिका पालना गर्नका लागि हो । नेपाल के चाहन्छ भन्ने बुझ्न नेपाली के चाहन्छन् सोध्नुपर्छ । त्यसकालागि हामी समाजका आशलाग्दा विचारकहरूलाई सुन्ने छौं र आफ्ना मिडियामार्फत सबैलाई सुनाउने छौं ।
फागुन, ५ र ६, २०७५
ASSOCIATE SPONSOR
NEPALLiFE
APP PARTNER
EventsMo
KNOWLEDGE PARTNER
beed
www.kantipurconclave.com
QUANTUM/KC/2019

# रंगशाला बनाउने घोषणा...

पृष्ठ ५ बाट

समाजको समर्थन नभएको भए आज हामी रंगशाला निर्माण थालनी गर्ने अवस्थासम्म आइपुग्ने नै थिएनौं । हामी त आफ्नै मनोरञ्जनको क्षेत्रमा रमाइरहेका कलाकार हौं । हाम्रो सामाजिक कार्य नेपाली दाजुभाइ-दिदीबहिनीहरूकै सल्लाह, सुझाव एवं सहयोगबाट सञ्चालन भैरहेको छ । त्यसैले धुर्मुस र सुन्तलीलाई सल्लाह दिने, सुझाव दिने पूर्ण अधिकारी उहाँहरूलाई छ । समाजले नै क्रिकेट रंगशाला बनाउनुपर्छ भनेपछि हामी अघि बढेका हौं ।

**रंगशाला निर्माणका लागि चितवन नै रोज्नुपर्ने खास कारण के होला ?**

करिब एक वर्षअघि नै हामीलाई धेरै जिल्लाबाट स्थलगत भ्रमणको निम्ता आएको थियो, हामीले कतिपय जिल्लाको भ्रमण समेत गऱ्यौं । एउटा न एउटा जिल्लामा त रंगशाला निर्माण गर्नु नै थियो । भरतपुर महानगरपालिकाले हामीलाई जग्गा उपलब्ध गराउने भयो । नेपालको सबैभन्दा सेन्टरमा पर्ने भएकाले उक्त स्थलमा रंगशाला निर्माण हुँदा सबैलाई उपयुक्त हुन्छ भन्ने सोचेरै हामीले चितवनमा रंगशाला निर्माण गर्ने निश्चित गरेका हौं । चितवन जिल्ला छनौट गर्नुको पछाडि न त कुनै राजनीतिक पार्टीको दबाब छ, न त सरकारको नै । प्राविधिक हिसाबले पनि उपयुक्त उक्त जग्गा छोटो समयमै उपलब्ध भएपछि हामीले त्यसलाई छनोट गरेका हौं ।

**रंगशालामा के-कस्ता पूर्वाधार रहनेछन् ?**

अन्तर्राष्ट्रिय मापदण्डअनुरूप निर्माण हुने क्रिकेट स्टेडियममा क्रिकेट मात्र होइन, फुटबल, भलिबल, कबर्ड हल, स्वीमिङ पुलजस्ता अन्य खेलहरू खेल्न सक्ने पूर्वाधारसमेत तयार पारिनेछ । हामी त्यसलाई नेपाली खेलकुदको हब नै बनाउन चाहन्छौं । हामी त्यसलाई एकेडेमीका रूपमा समेत सञ्चालन गर्ने सोच र परिकल्पना अन्तर्गत नै यो परियोजना निर्माण गर्ने आँट गरिएको हो । ७७ वटै जिल्लाबाट खेलाडी ल्याएर, प्रशिक्षण दिएर स्तरीय खेलाडी जन्माउने हाम्रो लक्ष्य छ ।

**अहिले सामाजिक सञ्जालमा यही रंगशाला निर्माणको विरोधमा चर्का स्वरहरू उठिरहेका छन् । तिनलाई तपाईं कसरी सम्बोधन गर्नुहुन्छ ?**

पहिले त सकारात्मक-नकारात्मक टीका-टिप्पणी गर्ने सबैलाई एकमुस्ट रुपमा धन्यवाद भन्न चाहन्छौं । उहाँहरूका यस्ता प्रतिक्रियाकै कारण हामीलाई थप ऊर्जा मिलेको छ । उहाँहरूले हामी तथा हाम्रो अभियानप्रति जिज्ञासा राख्नु, प्रश्न उठाउन स्वभाविक हो । किनभने यसमा उहाँहरूकै प्रत्यक्ष सहभागिता रहनेछ । यसबीच नकारात्मक टिप्पणी गर्नेहरूलाई म उल्टै सोध्न चाहन्छु- यति ठूलो परियोजनाको घोषणा गरेर हामीले गल्ति चाहिँ कहाँनेर गरेछौं ? हामीले के गल्ती गरेका छौं भन्ने जिज्ञासा मेरो मनमा पनि पैदा भैरहेको छ । किनभने हामीले उक्त रंगशाला कुनै विदेशी भूमिमा नभइ आफ्नै देशमा निर्माण गरिरहेका छौं । हाम्रै पालामा उक्त रंगशालाको निर्माण कार्य पूरा हुनेछ । नेपाली जनतासँगै सुझाव मागेरै हामीले रंगशाला निर्माणको अभियान थालेका हौं । नेपाली क्रिकेट खेलाडीहरूले सात-आठ महिनाअघि नेपाललाई ऐतिहासिक सफलता दिलाएको बेला सामाजिक सञ्जालहरूमा वाह नेपाल, वाह नेपाली खेलाडी भन्नेहरू नेपाली नै हुनुहुन्थ्यो । त्यो बेला क्रिकेट खेलाडीहरूका लागि एउटा अन्तर्राष्ट्रिय स्तरको रंगशाला चाहियो भनेर माग गर्नेहरू पनि नेपाली नै हुनुहुन्थ्यो । हामी त्यो बेला नमुना नेपालको अभियानमा केन्द्रित थियौं । फेसबुकमा मैले नै एउटा स्टाटसमार्फत रंगशाला पहिले कि नमुना नेपाल ? भनेर जिज्ञासा राखेको थिएँ । मेरो जिज्ञासामा करिब ८० प्रतिशतले क्रिकेट रंगशाला पहिले चाहिन्छ भन्नुभएकैले धुर्मुस-सुन्तली फाउन्डेसनले बाँकी काम थाँती राखेर क्रिकेट रंगशालाको निर्माण दिन-रात एक गर्न थालेका हौं । अहिले आएर उहाँहरू नै यो विषयमा किन विवाद गरिरहनुभएको छ, मैले नबुझेको कुरा यत्ति हो ।

**उहाँहरू त रंगशाला बनाउने काम सरकारको हो भन्दै हुनुहुन्छ नि ?**

मेरो पनि भनाइ त्यही हो नि । रंगशाला बनाउने काम सरकारकै हो, तर सरकारलाई कुर्दा त्यो रंगशाला कति वर्षमा बन्ला ? हिजो नमुना बस्ती बनाउने काम पनि सरकारकै थियो नि । सरकारले नै एकिकृत नमुना बस्ती बनाइदिएको भए हुन्थ्यो नि । त्यो पनि सरकारकै दायित्वको कुरा थियो, तर सरकारी प्रकृया लामो हुने, झन्झटिलो हुने, धेरै वर्ष लाग्ने भएकैले हामी तातेका थियौं । जनस्तरबाट गर्दा छिटो-छरितो र कम खर्चमै काम सम्पन्न हुने भएकाले हामी जनताकै प्रतिनिधि सक्रिय भएका हौं । सरकारको मुख ताकेर बसेको भए ती नमुना बस्ती बन्थे होला त ? सबैले सकारात्मक रुपमा सहयोग गरेकै कारणले तथा नागरिक स्तरबाट खटिँदा निर्धारित मितिमै सम्पन्न भएका उदाहरणहरू त हामीले नै प्रस्तुत गरिसकेका छौं नि । यद्यपि, हामीलाई सरकारको शतप्रतिशत सहयोग चाहिन्छ । हामी त सरकारलाई सघाउने अभियन्ता मात्र हौं । रंगशाला निर्माणको दायित्व पनि सरकारकै हो, तर समयमै पूरा नहुने



भएकाले हामीले अभियन्ताका रूपमा खटिएर सरकारलाई नै सजिलो पारिदिएका हौं । दशरथ रंगशालाको पुनर्निमाणलाई हेरौं, मूलपानीको क्रिकेट रंगशालालाई हेरौं, कति वर्षदेखि निर्माणाधीन अवस्थामै छन् । यस्तो अवस्थामा हामीले आमनेपाली जनताकै सल्लाह, सुझाव एवं सहयोगमै जनस्तरबाट चितवनमा क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा गरेका हौं । यो रंगशाला निर्माण पनि सरकारलाई उपस्थित नगराई सम्भव छैन, त्यसैले सरकारको उपस्थितिमा घोषणा गरेका हौं । हामीले त जनस्तरबाट रकम संकलन गरेर जनताकै सहभागितामा रंगशाला निर्माण गर्ने पहल गरेका हौं । विश्वमै जनताले बनाएको पहिलो रंगशालाको कीर्तिमान कायम गर्न लागेका हौं ।

**यति हुँदाहुँदै पनि विरोधचाहिं किन भैरहेको छ ?**

हामी सरकारको विरोध गर्न पाउँदा रमाउँछौं । सरकारले यो गरेन, त्यो गरेन भन्न पाउँदा खुसी हुन्छौं । सरकारको विरोध गर्ने क्रममा रंगशाला निर्माणको पनि विरोध हुन थालेको हुनसक्छ । मैले अघि नै भनें नि, अहिले जुन प्रकारका टीका-टिप्पणी आइरहेका छन्, त्यसले हामीलाई काम गर्ने उर्जा मिलिरहेको छ । मैले त्यसलाई धुर्मुस र सुन्तलीले बाटो नबिराऊन् भनेर दिइएको सल्लाहका रूपमा बुझेको छु । उहाँहरूले हामीलाई सतर्क बनाउन खोज्नुभएको रूपमा बुझेको छु । ती टीका-टिप्पणीले हामीलाई रत्तिभर विचलित बनाएको छैन । हामी निराश पनि भएका छैनौं । यत्रो ठूलो आँट गर्दा केही आलोचना हुनुलाई स्वभाविक रूपमा लिनुपर्छ, तर सबैले स्पष्ट रूपमा के बुझ्नु जरुरी छ भने म धर्तीमा जति समय रहन्छु, मेरा सम्पूर्ण अभियानहरू पारदर्शी रहनेछन्, लुकिछिपी अथवा गोप्य रुपमा हुने छैनन् । अबको बाँकी जिन्दगी राष्ट्रको लागि समर्पित गरेको छु ।

**तपाईंहरूलाई कुनै पार्टीबाट परिचालित पनि भन्न थालियो नि ?**

म के स्पष्ट पार्न चाहन्छु भने हामी कुनै पनि पार्टीबाट परिचालित छैनौं । हामी कुनै पार्टीको भातृ संगठन पनि होइनौं । हामीले कुनै पनि पार्टीको एजेन्टका रूपमा काम गरेका छैनौं, भविष्यमा गर्ने पनि छैनौं । हामी त नेपाली जनताका प्रतिनिधि मात्र हौं । हामी यही देश र माटोका लागि केही गरौं भनेर खटिएका स्वतन्त्र नेपाली हौं । हिजोसम्म देश बनेन, नेताहरूप्रति विश्वास भएन भन्नेहरू पनि हामी नै हौं । आज नागरिक स्तरबाट विकासको अभियानलाई लिएर अघि बढेको जनताकै छोरालाई रोक्ने प्रयास भैरहेको छ । देशमा एउटा राम्रो रंगशाला बन्दा घाटाचाहिँ कसलाई हुने रहेछ, मैले बुझ्न सकेको छैन । मलाई के लाग्छ भने नागरिकका तर्फबाट रंगशाला बन्छ भने सबैले सकारात्मक बनिदिनुपर्छ । हामीले आँट गर्नु नै ठूलो कुरा हो भन्ने कुरा बुझिदिनुपर्छ । चारैतिर निराशा नै निराशा छाएका बेला हामीले आशाको दियो बाल्ने प्रयास गरेका मात्र हौं ।

**तपाईंहरूलाई एमाले निकट पनि भनिन्छ नि ?**

२०७१ सालमा हामीलाई नेपाल सरकारले सरसफाइ दूत घोषणा गर्दा नेपाली कांग्रेस सरकारमा थियो । भूकम्पपछि हामीले नमुना बस्ती बनाउँदा पनि अहिलेको प्रमुख प्रतिपक्षी नै सरकारमा थियो । मैले भन्न खोजेको कुरा के भने हामी सामाजिक अभियानमा खटिएपछि यो देशमा थुप्रै सरकार परिवर्तन भैसके, तर हामी आफ्नो अभियानमा अविचलित भएर खटिरहेका छौं । राजनीति र सरकारप्रति हाम्रो कुनै आग्रह-पूर्वाग्रह छैन । हामी त जुन दलको भए पनि सरकारलाई सघाउने निःस्वार्थ अभियानमा खटिएका अभियन्ता हौं ।

**प्रधानमन्त्री केपी शर्मा ओलीको अलि बढी क्यारिकेचर गरेका कारण तपाईं उहाँसँगै नजिक भएको बुझिएको हो कि ?**

म स्वतन्त्र देशभक्त नेपाली नागरिक हुँ । हाम्रो अभियान स्वतन्त्र नेपाली नागरिकको अभियान हो । क्यारिकेचर गरेकै आधारमा कसैले त्यस्तो भन्छ भने त्यो सरासर झूट हो । कलाकारिता अर्थात् क्यारिकेचर गर्नु मेरो पेसा हो । मैले प्रधानमन्त्री ओलीको मात्र होइन, अरू थुप्रै नेताको क्यारिकेचर गरेको छु ।

**रंगशाला निर्माणमा सरकारको सहभागिता त रहन्छ नि ?**

सरकारको नियमभन्दा टाढा रहेर कुनै पनि व्यक्तिले कुनै पनि परियोजना सफल बनाउन सक्दैन । हाम्रो मोडालिटी क्लियर छ । धुर्मुस-सुन्तली नाफा नकमाउने परोपकारी संस्था हो । हाम्रो संस्था कुनै कम्पनी होइन, यहाँ सेयर बाँडफाँड हुने कुरा पनि हुँदैन । यद्यपि, सबै सरकारी प्रक्रियालाई पछ्याउने हो भने दुई वर्षभित्रमा रंगशाला निर्माण हुन सक्दैन । सार्वजनिक खरिद ऐनका आफ्नै विधि एवं प्रक्रिया छन् । त्यसअनुसार अघि बढ्ने हो भने तोकिएको समयमा रंगशालाको निर्माण पूरा हुँदैन । यद्यपि, नागरिकको सक्रिय सहभागितामा स्वतन्त्रतापूर्वक काम गरियो भने निर्धारित मितिमै काम सम्पन्न हुन्छ भन्ने कुरा हामीले निर्माण गरेका नमुना बस्तीहरूबाटै प्रमाणित भैसकेको छ ।

**रंगशालाको अनुमानित बजेट कति होला ?**

अनुमानित ३ अर्ब छ, तर गुरुयोजना तयार नहुन्जेलसम्म ठ्याक्कै भन्न सकिँदैन । यो ३ अर्ब रुपैयाँमा बन्ने परियोजना हुँदै होइन । म यहाँहरूलाई के अवगत गराउन चाहन्छु भने जुन हामीले थ्रीडी र एनिमेटेड भिडियो समेत तयार पारेका छौं, त्यो भिडियोमा प्रस्ट हेरिरहँदा त्यो भिडियोमा जे हो, त्यति बजेटमा बन्ला त भन्ने प्रश्न पनि उठ्न सक्छ । यहाँ त हामी आफैं खट्छौं । त्यसमा हाम्रो श्रमको पैसा जोडिएको छैन । स्वयंसेवकका रूपमा खटिने टिमको खर्च पनि त्यसमा जोडिएको छैन । भोलि नगद मात्र होइन, जिन्सी चिज पनि सहयोगका रूपमा आउँछ । त्यो हिसाबले मूल्यांकन गर्ने हो भने यो दसौं अर्बले पनि नबन्ने परियोजना हो, तर हामी थोरै रकममा राम्रो, सुन्दर र मौलिक स्टेडियम निर्माण गर्न सक्छौं भनेर लागेका हौं नि ।

**तपाईंहरूलाई असहयोग गर्ने लहर चल्यो भने के होला ?**

त्यस्तो होला जस्तो लाग्दैन । म अहिले पनि के क्लियर छु भने हामीले त बनाउने आँट मात्र गरेका हौं । हामीले तपाईंहरूको सहयोग भए बनाउन सक्छौं भनेका छौं । न हामी धनी बाउका छोराछोरी हौं । न उद्योगपति नै हौं । न हामी स्रोत-साधनले भरिपूर्ण मानिस हौं । न त हामीसँग त्यस्तो ठूलो ब्याकअप नै छ, जुन प्रोजेक्टका लागि पैसा मागेका छौं, त्यो पूरा भएपछि हामीलाई पैसा पुग्यो पनि भनेका छौं । हामीले जहाँ नेपाली जनताको रगत र पसिना परेको छ, हामी उहाँहरूको रकम दुरुपयोग नहोस् भनेर सबैभन्दा सचेत हामी नै हुन्छौं । बहुमतले नै यो रंगशाला बनाउनु हुँदैन, धुर्मुस सुन्तली फाउन्डेसनले यो काम गर्नु हुँदैन भन्ने कुरा आउँछ भने हामीले मात्र किन टाउको दुखाइरहनुपर्‍यो र ? सबैको चाहना हो, सबैले यो बन्नुपर्छ भनेपछि त हामी अघि बढ्ने हौं नि ।

**तपाईंमाथि यिनै परियोजनामार्फत मन्त्री बन्न चाहेको आरोप पनि छ नि ?**

मलाई पार्टीको झन्डा बोकेरे हिंड्नुभन्दा देशको झन्डा बोकेर हिंड्नुमै गर्व छ । त्यस्तो कुनै योजना र परिकल्पना गरेर अघि बढेको होइन । म त नेपाली जनताको छोरा हुँ, त्यसैमा आनन्द छ ।

**अन्त्यमा, के भन्न चाहनु हुन्छ ?**

सबै जना यो अभियानमा जुटि दिनु हुन हार्दिक अनुरोध गर्दछु । सबै जना जुट्यौं भने हामी यो रंगशालालाई निर्धारित मिति भन्दा अघि नै सम्पन्न गर्नेछौं ।

केवल एक प्रश्न

# वसन्त ऋतुको सुन्दर पक्ष के ?

बिरुवाले फेर्ने पालुवा, प्रकृतिको हरियाली रूप, पारिलो घाम अनि जाडोको बिदाइ त्यसपछि त मन त्यसै चंगा हुन्छ वसन्त ऋतुमा ।

**प्रमोद खरेल, गायक**

वसन्त ऋतुमा नयाँ पालुवा पलाउँछ, सबैतिर हरियाली हुन्छ । हरियाली भएपछि मन त्यत्तिकै दंग पर्छ ।

**अनु शाह, अभिनेत्री**

वसन्त ऋतुमा प्रकृतिको बहार आउँछ । यो सबैभन्दा राम्रो, रमाइलो र मनमोहक ऋतु भएको हुँदा यसलाई सबैले मन पराउँछन् ।

**अम्बिका गुरुङ, गीतकार**

प्रकृतिले पालुवा फेर्ने भएकाले जीवनमा नयाँपनको आभाष हुन्छ, नयाँ जोस-जाँगर आउँछ ।

**हिमानी सुब्बा, कोरियोग्राफर**

मनै आनन्दित तुल्याउने हरियाली वातावरण र पारिलो घाम अनि सित्तल मौसम नै यो ऋतुको सुन्दरता हो ।

**फूपू तेन्जिङ शेर्पा, फेसन उद्यमी**

मौसम नै रमाइलो हुन्छ, न जाडो न गर्मी । जतातत्तै हरियाली देखिन्छ । मन चंगा हुन्छ । छोटा कपडा लगाएका सुन्दर युवतीहरूको चहलपहल बढ्छ । मौसम र वातावरणले गर्दा काम गर्ने जाँगर पनि चल्छ ।

**कुवेर गिरी, सञ्चारकर्मी**

हल्का कपडा लगाएर हिँड्न पाइन्छ, कम्फर्टेबल फिल हुन्छ ।

**युवराज चौलागाई, गायक**

वसन्त ऋतु भन्ने बित्तिकै म सरस्वती पूजा (श्री पञ्चमी) लाई सम्झन्छु, जसमा बालबालिकाहरूको अक्षराम्भ गरिन्छ । यति बेला बोटबिरुवा एवं फूलहरूमा नयाँ पात पलाउँछ, जुन एकदमै सुन्दर र मनमोहक देखिन्छ ।

**लक्ष्मण महर्जन, अधिवक्ता**

कोइलीको कुहु- कुहु र काफल पाक्यो चरीको सन्देश । फूल अनि हरिया रूखहरू, उमंग दिने समय, नयाँ क्यालेन्डर,नयाँ उत्साह र अठोट...यिनै हुन् वसन्त ऋतुका सुन्दर पक्ष ।

**दिनेश डिसी, रेडियोकर्मी**

सफा आकाश, नयाँ पालुवा, सुन्दर फूल अनि नयाँ वर्ष ।

**निर्मला ढकाल, समाजशास्त्री**

वसन्त ऋतुको सुन्दर पक्ष प्राकृतिक सुन्दरता नै हो । वसन्तमा बहार आउँछ, न गर्मी न चिसो ठिक्कको मौसम । यतिबेला प्रकृतिले पनि काँचुली फेर्छ । सबैभन्दा राम्रो, रमाइलो र मनमोहक ऋतु हो यो ।

**आर्यन अधिकारी, सह-निर्देशक**

पुरानो पालुवाको ठाउँमा नयाँ पालुवाको आगमन, आरुको फूलले मन लोभ्याउँछ । नयाँ सोच, नयाँ कामको सुरुवात आदि नै वसन्त ऋतुको सुन्दर पक्ष हो ।

**आलोकश्री, संगीतकार**

वसन्त ऋतुमा न जाडो, न गर्मी । यो मौसम सबैलाई मनपर्छ । पुराना पातहरू झरेर नयाँ पालुवा लाग्ने ऋतु । उत्साह र उमंगको संकेत गर्ने ऋतु । सांगीतिक दृष्टिले भन्नुपर्दा कोयलीको गीत सुन्न पाइने ऋतु ।

**इतु जोजिजु, गायिका**

नयाँ उमंगसँगै नयाँ पालुवा हालेका वृक्षहरू ।

**निशु ढकाल, गायिका**

झरेका पातहरूमा नयाँ मुना पलाउने हरियाली ऋतु अनि फूलैफूलको मौसम ।

**अमर तण्डुकार, गायक**

रूखमा पालुवा पलाउँछ, हरियाली प्रारम्भ हुन्छ अनि मौसम रमाइलो हुन्छ ।

**उमेश खड्का, कलाकार**

नयाँ पालुवा लागेका रूख, जतातत्तै हरियाली चरा-चुरुङ्गीको मधुर धुन, लाली-गुराँसले सजिएका वन-पाखा, रुखो मनमा उमंग-उत्साह छाउने ऋतु- वसन्त ऋतु ।

**अनिता आचार्य, अभिनेत्री**

मलाई सबैभन्दा मनपर्ने ऋतु नै वसन्त हो । यो ऋतुको सुन्दर पक्ष भनेको बोटबिरुवाले नयाँ पालुवा फेर्नु हो । यतिबेला जतातत्तै हरियाली हुन्छ ।

**विपना थापा, मोडल**

रमाइलो जोस अनि नौलो उमंग नै वसन्त ऋतुको रमाइलो पक्ष हो । वसन्त ऋतुमा प्रकृतिले पनि नयाँ रूप लिन्छ भने चरा-चुरुंगीदेखि मानव जीवनमा पनि रमाइलो अनुभव गराउँछ । त्यसैले पनि वसन्त ऋतु, ऋतुहरूमध्ये सबैभन्दा रमाइलो ऋतु मानिन्छ ।

**अभिनाष घिसिङ, गायक**

हरेक नयाँ पालुवाको आगमनसँगै हामीमा एक प्रकारको उमंग छाउँछ ।

**सङ्गराग बराइली, गीतकार**

म संगीतप्रेमी परें, त्यसैले कोइलीको कुहु-कुहुले आकर्षित हुन्छु । प्रकृतिको हरभरा रूप यो ऋतुको अर्को सुन्दर पक्ष हो ।

**सिर्जना कार्की, गायिका**

वसन्त ऋतुको सुन्दर पक्ष न धेरै जाडो न धेरै गर्मी हुने रोमान्टिक मौसम र हरियाली नै हो ।

**भावना गुरुङ, अभिनेत्री**

मलाई वसन्त ऋतुको राम्रो लाग्ने पक्ष हरियाली अनि पारिलो घामका साथै हल्का चिसो हावा हो । यो मौसमले नयाँ वर्षको आभाषसमेत गराउँछ ।

**हिमाल सागर, गायक**

जब-जब बिरुवामा पालुवा पलाउँछ, त्यसको सुन्दरता मलाइ साह्रै मनपर्छ ।

**अर्जुन अधिकारी, निर्देशक**

चारैतिर हरियाली अनि फुलैफूलको मौसम, बोटबिरुवामा नयाँ पालुवा पलाउनु अनि न चिसो न त्यति गर्मी ।

**सञ्जय श्रेष्ठ, गायक**

हरियाली दृश्य, मनमोहक सुन्दरता एवं रमणीय वातावरण नै यो ऋतुको सुन्दर पक्ष हो ।

**आशिष सचिन, गायक**

वसन्त ऋतु रङ्गीबिरङ्गी फुल फुल्ने मौसम हो । त्यसकारण यो समयमा एकदम सकारात्मक ऊर्जा सञ्चार हुन्छ अनि यो मौसममा दिन लामो हुन्छ । मलाई त्यो पनि राम्रो लाग्छ ।

**श्री पाण्डे, समाचारवाचिका**

हरियाली वातावरण रमाइलो लाग्छ । मौसम पनि आनन्दको हुन्छ । कोइलीको गीत गुञ्जन्छ, हावामा एक प्रकारको मस्ती हुन्छ जसले मनलाई तरंगित तुल्याउँछ ।

**स्वेच्छा केसी, मोडल**

सुकेको बोटमा नयाँ, ताजा पालुवा पलाएको देख्न पाइन्छ ।

**विजया कार्की, रंगकर्मी**

हरियाली तथा फूल मन नपर्ने मानिस बिरलै पाइएलान् । वसन्त ऋतुलाई ऋतुहरूको राजा पनि भनिन्छ । चारैतिर हरियाली अनि फुलैफूलले सजिएको सुन्दर प्राकृतिक दृश्य देखिनु नै यो ऋतुको सुन्दर पक्ष हो । दुःखपछि पाइने सुख झैं शिशिर ऋतुको उजाडतापछि यो मन नै फुरुङ्ग पार्ने वसन्त ऋतु प्रकृतिको एउटा सुन्दर उपहार हो ।

**बानिका प्रधान, गायिका**

मलाई साह्रै मनपर्छ यो ऋतु । आफूलाई मनपर्ने रंग पनि हरियो नै भएकाले मलाई यो ऋतु आउने बित्तिकै फोटो खिच्न मन लाग्छ ।

**सुलेमान शंकर, इकु, अभिनेता**

प्रकृति र मानिसको सम्बन्ध एकदम नजिक छ । मलाई हरेक दृष्टिले यो मौसम एकदम प्रिय लाग्छ, रंगहरू फेरिन्छन् । एक किसिमको मिठो वासना फैलिन्छ वातावरणमा । चारैतिर रमाइलो हुन्छ । रंगीबिरंगी फूलहरू फूल्छन्, नयाँ पात पलाउँछन् ।

**दुर्गा खरेल, गायिका**



श्री पाण्डे, समाचारवाचिका



## प्रियंका कार्की र आयुष्मान देशराज जोशी

नेपाली चलचित्र क्षेत्रकी नम्बर एक अभिनेत्री प्रियंका कार्की तथा अभिनेता आयुष्मान देशराज जोशीको जोडी अहिले चर्चामा छ। करिब दुई वर्ष लामो प्रेम सम्बन्धलाई उनीहरूले विवाहको रूप दिने निर्णय गरिसकेका छन्। केही महिनाअघि नै इन्गेज्मेन्ट गरेर उनीहरूले आफ्नो प्रेम सम्बन्धलाई औपचारिक रूप दिइसकेका छन्। पारिवारिक रूपमै सहमति गरेर इन्गेज्मेन्ट गरेका प्रियंका र आयुष्मानले आफ्नो प्रेम सम्बन्धलाई थप मजुबत बनाउँदै लगेका छन्। प्रियंका र आयुष्मानको प्रेम सम्बन्ध छोटो समयका लागि हो भन्नेहरूलाई उनीहरूले गरेको इन्गेज्मेन्टले ठूलै जवाफ दिएको छ। उनीहरूले आगामी असार महिनामा विवाह गर्ने घोषणा नै गरिसकेका छन्। दुवैको परिवारका अधिकांश सदस्य अमेरिकामा रहेको तथा असारपछि त्यहाँ केही महिना बिदा हुने भएकाले प्रियंका र आयुष्मानले आफ्नो परिवारका सदस्यहरूको बाक्लो उपस्थितिका लागि विवाहको मिति पछि सारेका हुन्। त्यसो त प्रियंका र आयुष्मानको प्रेम सम्बन्धलाई लिएर सामाजिक सञ्जालमा व्यंग्यात्मक टिप्पणी तथा ट्रोलको बाढी नै चल्छ। प्रियंकाको अघिल्लो वैवाहिक सम्बन्ध असफल भएको तथा उनी आयुष्मानभन्दा उमेरले जेठी भएका कारण यो सम्बन्ध दिगो नहुने आशयका टिप्पणीहरू पनि सार्वजनिक भएका छन्। यता प्रियंका र आयुष्मानले हालै मात्र आयंका फाउन्डेसनको घोषणा सभामा जीवनभर साथ रहने 'कसम' नै खाएका छन्। उनीहरूले प्रेममा जात तथा उमेरले फरक नपार्ने समेत बताएका छन्।



# लभ बर्ड्स

हलिउड-बलिउडभैंm नेपाली चलचित्र उद्योगमा पनि सेलिब्रेटीहरूको लभ-रोमान्स तथा ब्रेकअपको श्रृंखला चलिरहन्छ। कुनै एउटा चलचित्रमा सँगै काम गर्नेबित्तिकै रोमान्समा परेको गसिप बन्नु तथा दोस्रो चलचित्रमा त्यही जोडी दोहोरिएन भने ब्रेकअप भएको अनुमान गर्दै पुनः अर्को गसिप बन्नु नौलो कुरा रहेन। यद्यपि हामीले भ्यालेन्टाइन्स डेको अवसर पारेर छ वटा त्यस्ता जोडीका बारेमा सामग्री तयार पारेका छौं, जो रियल लाइफमै रोमान्स गरिरहेका छन्। चलचित्र क्षेत्रमा सक्रिय लभ बर्ड्सको रोमान्सका बारेमा साप्ताहिक संवाददाता कृष्ण भट्टराईको खोजीनीति :

## पल शाह र आँचल शर्मा

हुन त अभिनेता पल शाह तथा अभिनेत्री आँचल शर्माले आजका मितिसम्म आफूलाई 'जोडी' भएको औपचारिक घोषणा गरेका छैनन्। यद्यपि आमदर्शकमाझ मात्र होइन चलचित्रवृत्तमा समेत उनीहरू 'कपल' हुन् भन्ने कुराको जानकारी छ। 'आँप' जोडीका रूपमा समेत चर्चित यो जोडीले दर्जनौं भिडियोमा जोडीकै रूपमा अनस्क्रिन रोमान्स गरिसकेको छ भने केही चलचित्रमा पनि उनीहरूले जोडीकै रूपमा अभिनय गरेका छन्। काठमाडौंमा हालै आयोजित एउटा सार्वजनिक समारोहमा अभिनेत्री आँचल शर्मा तथा एक सञ्चारकर्मीबीच भएको सवाल-जवाफपछि अभिनेता पल शाहले आँचलको बचाउ गर्दै लेखेको स्टाटसले उनीहरूको निकटता पुष्टि गरेको छ। विगत केही वर्षदेखि नै रोमान्समा रहेको यो जोडीले आफूलाई बेस्ट फ्रेन्ड मात्र बताइरहेको छ। यो जोडीले तीन वटा चलचित्रमा लगातार सँगै काम गरे पनि पछिल्लो समयमा आएर उनीहरूले केही चलचित्रमा अलग-अलग अभिनेता-अभिनेत्रीसँग काम गरेका छन्। अलग अभिनेता-अभिनेत्रीसँग काम गरेर के भयो त ? आँप जोडी भित्रैदेखि जोडिएको छ भन्ने कुराको प्रमाण अभिनेता शाहको स्टाटसले पुष्टि गर्छ। समारोहमा आँचलले सार्वजनिक रूपमै माफी मागे पनि पलले फेसबुकमा उक्त घटनाप्रति असन्तुष्टि व्यक्त गरे। पलले माफी मगाउँदै र माग्दैमा समस्या हल नहुने बताएका छन्। कलाकारहरूसँग कसरी प्रस्तुत हुने भन्ने कुरा पनि पत्रकारहरूले सिक्न आवश्यक रहेको पलले आफ्नो स्टाटसमा उल्लेख गरेका छन्।



## दिवाकर भट्टराई तथा दीपिका प्रसाईं

चलचित्रका अभिनेता तथा अभिनेत्रीहरू एक-अर्काको प्रेममा पर्नु अनि घरजम गर्नु सामान्य भैसकेको छ । त्यस क्रममा निर्देशक दिवाकर भट्टराई तथा अभिनेत्री दीपिका प्रसाईंले आफूहरू प्रेममा रहेको तथा विवाहको तयारी गरिरहेको घोषणा नै गरे । चलचित्र 'ऐश्वर्य' मार्फत रजतपटमा पदार्पण गर्ने अभिनेत्री हुन्-दीपिका प्रसाईं । उक्त चलचित्रलाई दिवाकर भट्टराईले नै निर्देशन गरेका हुन् । वास्तवमा दीपिकालाई चलचित्रमा ल्याउने व्यक्ति दिवाकर नै हुन् । दीपिका अध्ययन पूरा गरेर बैंकिङ क्षेत्रमा करियर बनाउने योजनामा थिइन् । उनका प्रेमी दिवाकरले उनलाई चलचित्रमा सम्भावना देखाए अनि आफ्नै निर्देशनको चलचित्र 'ऐश्वर्य' डेब्यु गराए । दिवाकरको सपना साकार भयो । दीपिकाले पहिलो चलचित्रबाटै राम्रो सम्भावना देखाइन् । उनले दोस्रो चलचित्र छक्का पञ्जा-३ मा पनि उत्कृष्ट अभिनय गरिन् । लगातार दुईवटा चलचित्र सफल भएपछि दीपिका र दिवाकरले केही महिनाअघि आफ्नो प्रेम सम्बन्ध मात्र सार्वजनिक गरेनन्, इन्गेज्मेन्ट नै गरे । यतिबेला उनीहरू पनि विवाहको तयारीमा छन् यद्यपि दुवैले विवाहको मिति भने सार्वजनिक गरिसकेका छैनन् । दिवाकर र दीपिकाले आफूहरू झन्डै चार वर्ष अघिदेखि प्रेममा रहेको बताएका छन् ।



## सुदर्शन थापा र पूजा शर्मा

नेपाली चलचित्रमा एउटा त्यस्तो जोडी पनि छ, जो प्रेममा छ, यद्यपि खुलेर त्यो प्रेमलाई अभिव्यक्त गर्न रुचाउँदैन । उक्त जोडी हो– निर्देशक सुदर्शन थापा तथा अभिनेत्री पूजा शर्माको । पूजा र सुदर्शनले चलचित्र निर्माणमा सहकार्य गरेको धेरै भयो । पूजाले अभिनय गरेका अधिकांश चलचित्र सुदर्शनले नै निर्देशन गर्छन् । सुदर्शन पनि आफ्नो चलचित्रमा पूजालाई नै मुख्य अभिनेत्री बनाउँछन् । यतिबेला पूजा र सुदर्शन बेलायतमा छन् । उनीहरू चलचित्र 'सम्हालिन्छ कहिले मन' को छायांकनका लागि त्यहाँ पुगेका हुन् । लामो समयदेखि सहकार्यमा रहे पनि उनीहरूले आफूलाई असल साथीबाहेक माथि राखेको कुरा व्यक्त गर्न चाहेका छैनन् । नजिकबाट चिन्नेहरूले भने उनीहरूलाई प्रेमी-प्रेमिकाकै रूपमा लिन्छन् । उनीहरूको जोडीले आधा दर्जनभन्दा बढी सफल चलचित्र दिइसकेको छ । अभिनय तथा निर्देशनको करियरमा दुवै एक-अर्काका परिपूरक भए पनि सार्वजनिक जीवनमा भने उनीहरूले आफूलाई प्रेमी-प्रेमिकाका रूपमा कहिले चिनाउने हुन् ? यसै भन्न सकिँदैन ।



## सृष्टि श्रेष्ठ र सौगात मल्ल

अभिनेत्री सृष्टि श्रेष्ठ तथा अभिनेता सौगात मल्लको सम्बन्ध पनि निकै रोचक छ । प्रारम्भमा यो जोडीले आफ्नो प्रेम सम्बन्धलाई सार्वजनिक गर्न चाहेन । उनीहरूले आफूहरू असल साथीका रूपमा मात्र सीमित भएको बताइरहे । यद्यपि सञ्चारमाध्यमले लगातार पछ्याइरहेपछि उनीहरूलाई आफ्नो प्रेम सम्बन्ध स्वीकार गर्न करै लाग्यो । उनीहरू दुवैले आफ्नो प्रेम स्वीकार मात्र गरेनन्, लामो समयदेखि प्रेममा रहेको समेत बताइदिए । उनीहरूले फुर्सदको क्षण सँगै बिताउने बताइसकेका छन् । सृष्टि र सौगातले आफ्नो सम्बन्धलाई विवाहको रूप दिने विषयमा भने मुख खोलिसकेका छैनन् ।



## सामाज्ञी राज्यलक्ष्मी शाह तथा देवांश जंगबहादुर राणा

माथि उल्लेख गरिएका पाँच जोडीझैं अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह तथा देवांश जंगबहादुर राणा पनि प्रेममा छन् । यद्यपि माथिका चार जोडीझैं यिनीहरूले भने आफ्नो प्रेम सम्बन्धलाई सार्वजनिक गरेका छैनन् । उनीहरूले आफ्नो प्रेम सम्बन्धलाई सार्वजनिक नगरे पनि पछिल्ला सार्वजनिक समारोहहरूमा उनीहरू प्रायः सँगसँगै देखिएपछि सञ्चार माध्यमहरूले उनीहरूको प्रेम प्रसंग सार्वजनिक गरेका हुन् । भनिन्छ- उनीहरू पछिल्लो ८-९ महिनादेखि प्रेममा छन् । साम्राज्ञीका प्रेमी राणा उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाका छोरा हुन् । यसअघि मयंक खड्कासँग प्रेम सम्बन्धमा रहेकी साम्राज्ञी उक्त सम्बन्ध बिग्रिएपछि देवांशसँग नजिकिएकी हुन् । साम्राज्ञी र देवांशको प्रेम सम्बन्ध चलचित्र निर्देशक रेनशा वान्तवा राईको बर्थडे पार्टीमा खुलासा भएको थियो । उक्त पार्टीमा उनीहरूले क्लोज अप सेल्फी मात्र होइन, अंगालोमा बाँधिएर नृत्य गरेको समाचार सार्वजनिक भएको थियो । साम्राज्ञीले त्यसयता सहभागिता जनाएका अधिकांश सार्वजनिक समारोहमा देवांशलाई आफूसँगै लाने गरेकी छिन् । देवांशले स्विट्जरल्यान्डबाट हस्पिटालिटी म्यानेज्मेन्टमा स्नातक गरेका छन् ।



# चर्चित अविवाहित

कृष्ण भट्टराई



विवाहलाई बनारसको लड्डु भन्न थालिएको वर्षौं भयो । खाए पनि पछुताउने अनि नखाए पनि पछुताउने भएकाले विवाहलाई लड्डुसँग तुलना गरिएको होला । उमेर पुगेपछि विवाह गर्नु प्राकृतिक कुरा हो । विवाह भएपछि महिला हुन् अथवा पुरूष, जिम्मेवारीमा बाँधिन्छन् भन्ने आमधारणा छ । हाम्रो नेपाली समाजमा विवाहका आफ्नै मूल्य-मान्यता छन् । ग्ल्यामर क्षेत्रमा त विवाहले अझ ठूलो भूमिका निर्वाह गर्छ । करियरले उचाइ लिइरहेका बेला विवाह गर्नु हुँदैन भन्ने मान्यता एकातिर छ भने अर्कातिर विवाहित अभिनेता-अभिनेत्रीहरूले सफलताको उचाइ चुमेका उदाहरण पनि छन् । साप्ताहिकको यो अंकमा केही त्यस्ता अविवाहित महिला तथा पुरूष सेलिब्रेटीहरु समेटिएका छन्, जसमध्ये अधिकांशले यसै वर्षदेखि आफ्नो करियर प्रारम्भ गरेका छन् ।

## धीरज मगर

यही वर्ष प्रदर्शनमा आएको चलचित्र ‘इन्टु मिन्टु लन्डनमा’ मार्फत रजतपटमा उदाएका अभिनेता हुन्– धीरज मगर । पहिलो चलचित्रबाटै स्थापित भएका यी अभिनेता यही वर्ष दोस्रो चलचित्र आई एम ट्वान्टी वानमा पनि मुख्य अभिनेताका रूपमा अनुबन्धित भैसकेका छन् । वैशाखदेखि फ्लोरमा जाने उक्त चलचित्रको निर्देशन पनि रेनशा वान्तवा राईले नै गर्नेछिन्, जसले इन्टु मिन्टु लन्डनमा पनि निर्देशन गरेकी थिइन् । धीरजले ‘इन्टु मिन्टु लन्डनमा’ को अभिनयबाट प्रशस्त प्रशंसक कमाएका छन् । खासगरी युवतीहरूमाझ उनको क्रेज लोभलाग्दो छ । अविवाहित यी अभिनेता बेलायतमा बसोबास गर्छन् ।

## मनिष श्रेष्ठ

आकर्षक व्यक्तित्वको धनी छन्– मनिष श्रेष्ठ । मोडलिङबाट रजटपटमा आएका यी अभिनेताले छोटो समयमै दर्शकको मन जितेका छन् । चलचित्र रानीबाट उदाएका मनिषले त्यसपछि तिमी हुन्छौ जहाँ-जहाँमा अभिनय गरे । यतिबेला उनी चलचित्र जानी-नजानीको प्रदर्शनको पर्खाइमा छ । नयाँ पुस्ताका हेन्डसम अभिनेताका रूपमा स्थापित भैसकेका यी अविवाहित अभिनेताले चलचित्रको अभिनयलाई निरन्तरता दिने बताइसकेका छन् । मनिषले यू एन्ड आई शीर्षकको वेब सिरिजमा समेत काम गरेका छन् ।

## आशिष पिया

हाल प्रदर्शनरत चलचित्र ‘समर लभ’ बाट उदाएका कलाकार हुन्– आशिष पिया । आशिषले पहिलो चलचित्रबाटै प्रशस्त प्रशंसा पाएका छन् । अविवाहित यी अभिनेताले उक्त चलचित्रबाट आफ्नो अभिनयको सुखद मूल्यांकन भएकोमा सन्तुष्टि व्यक्त गरेका छन् । युवा उद्यमीका रूपमास्थापित भैसकेका पिया चितवनका स्थायी बासिन्दा हुन् । आशिषलाई करिब तीन वर्षअघि नै चलचित्र समर लभबाट प्रस्ताव आएको थियो । चलचित्रमा आउनुअघि नै उनले केही विज्ञापनमा काम गरिसकेका थिए । समर लभको अतीतको भूमिकामा प्रस्तुत भएका आशिष अभिनयलाई निरन्तरता दिइरहने बताउँछन् । चकलेटी लुक्सका यी अभिनेताले समर लभका मुख्य पात्रको भूमिका निर्वाह गर्न पाउनुलाई ठूलै अवसर मानेका छन् । ठ्याक्कै ६ फिट अग्ला २५ वर्षीय पियाले अभिनयमा करियर बनाउने विषयमा सकारात्मक रूपले सोच्न थालेको प्रतिक्रिया दिएका छन् ।

## हरिहर अधिकारी

हरिहर अधिकारी युवा ज्योतिष हुन् । यद्यपि अहिले उनी चलचित्र अभिनेताका रूपमा समेत चिनिन थालेका छन् । चलचित्र शुभ लभमार्फत अभिनेताका रूपमा पदार्पण गरेका अधिकारीले अभिनय र ज्योतिष दुवै विधामा सक्रिय हुने संकेत गरेका छन् । उक्त चलचित्रको हालै सार्वजनिक शीर्षक गीतमा हरिहरको आकर्षक नृत्य तथा अभिनय हेर्न सकिन्छ । अविवाहित यी युवा सेलिब्रेटीले चलचित्रमा कस्तो अभिनय गरेका छन् भन्ने जानकारी पाउन चलचित्रको प्रदर्शन मिति चैत १५ गते नै कुर्नुपर्नेछ ।

## प्रशान्तजंग शाह

२३ वर्षीय प्रशान्त जंग शाह मोडल हुन् । शाह यही वर्ष सम्पन्न मिस्टर इन्टरनेसनल नेपाल-२०१९ मा उपाधि जितेपछि चर्चामा आएका हुन् । यसबीच यी हेन्डसम मोडलले पुरुषहरूको सौन्दर्य प्रतियोगिता मिस्टर इन्टरनेसनल-२०१९ मा नेपालको प्रतिनिधित्वसमेत गरेका छन् । यही बिहीबारदेखि फिलिपिन्सको मनिलामा आयोजना हुने प्रतियोगितामा प्रशान्तले नेपालको प्रतिनिधित्व गर्दैछन् । उनी फुटबल, फिटनेस तथा मोडलिङमा रुचि राख्ने युवा हुन् । प्रशान्तले यसअघि फेस अफ हाउस अफ फेसनको पाँचौं संस्करणमा सेकेण्ड रनर्स अपको उपाधि जितेका थिए ।

## विकल्पराज श्रेष्ठ

विकल्प राज श्रेष्ठ पनि मोडल नै हुन् । मोडलका रूपमा सक्रिय विकल्पले यही वर्षको असोज महिनामा सम्पन्न मिस्टर नेपाल वर्ल्ड-२०१८ मा सहभागिता जनाएर उपाधि नै हात पारेका थिए । श्रेष्ठ मिस्टर नेपाल वर्ल्डको उपाधिसँगै चर्चामा आएका हुन् । २५ वर्षीय विकल्पले मिस्टर वर्ल्डमा नेपालको प्रतिनिधित्व समेत गर्नेछन् । चितवन, रामघाटका विकल्प बीबीएस अन्तिम वर्षका छात्र हुन् । केही सौन्दर्य प्रतियोगितामा निर्णायकका रूपमा सहभागी भैसकेका विकल्पले मिस्टर नेपालको एकवर्षे कार्यकालपछि ग्ल्यामर क्षेत्रमै आउन सक्ने संकेत गरेका छन् ।

## अमृत ढुंगाना

चकलेटी अनुहारका अभिनेता हुन्– अमृत ढुंगाना । चलचित्र सायद-२ बाट रजतपटमा उदाएका यी अभिनेताले अभिनय गरेको नयाँ चलचित्र सयकडा दस हालै प्रदर्शनमा आएको थियो । ५ फिट ९ इन्च अग्ला यी अविवाहित अभिनेता धरानमा जन्मिएका हुन् । केही छोटा चलचित्रमा समेत अभिनय गरिसकेका अमृत सय कडा दशको प्रदर्शनसँगै दर्शकको नजरमा पर्न सफल भएका हुन् । त्यसो त उनले सायद-२ मा पनि प्रभावकारी भूमिका निर्वाह गरेका थिए ।

## सुशील सिटौला

हालै प्रदर्शनमा आएको चलचित्र ‘रणवीर’ मार्फत एक्सन हिरोको छवि बनाउन सफल अभिनेता हुन्– सुशील सिटौला । यी अविवाहित अभिनेताले उक्त चलचित्रमा प्रशान्त ताम्राकारसँग गरेको द्वन्द्वलाई दर्शकहरूले निकै मन पराए । यसअघि होस्टल, सुन्तलीलाई भगाई लग्यो झिल्केले तथा गाजाबाजाजस्ता चलचित्रमा अभिनय गरिसकेका सुशीलको करियर यतिबेला रमाइलो मोडमा आइपुगेको छ । रणवीरको व्यवसायिक सफलताले उनलाई उचाइ दिने अनुमान गरिएको थियो, यद्यपि चलचित्रको असफलताले पनि उनको अभिनय कौशल तथा प्रतिभामा भने नकारात्मक प्रभाव पारेको छैन ।

## रवि ओड

दोस्रो नेपाल आइडल हुन्– रवि ओड । पश्चिम नेपालको कञ्चनपुरस्थित कृष्णपुर नगरपालिकामा २१ वर्षअघि जन्मिएका रवि सामान्य परिवारका हुन् । नेपाल आइडलको धनगढी अडिसनमा कमल खत्रीको गीत ‘जाउँला रेलैमा...’ गाएर नेपाल आइडलमा प्रवेश पाएका ओड नेपाल आइडलको उपाधि जितेपछि उनी स्वदेशसहित विदेशसम्म पुगेर आफ्नो सांगीतिक प्रस्तुति दिइरहेका छन् । अविवाहित यी गायक आफूलाई सेलिब्रेटीको सूचीमा राख्न सफल भैसकेका छन् । नेपाल आइडलमा आउनुअघि नै उनी पश्चिम नेपालका विभिन्न मेला-महोत्सवमा गीत गाउँथे । संगीतमा सानैदेखि रुचि राख्ने ओडले नेपाल आइडलको उपाधि जितेपछि भनेका थिए– ‘नेपाल आइडल त मेरा लागि मीठो सपना मात्र थियो, यो मेरो मात्र जित होइन, सबै नेपालीको जित हो । मेरा प्रशंसकहरूको मेहनत, साथ र सहयोगको नतिजा हो यो ।’



## श्रृंखला खतिवडा

मिस नेपाल वर्ल्ड-२०१८ को उपाधिसँगै श्रृंखला खतिवडा देशकै चर्चित सेलिब्रेटी बन्न सफल भइन्। चीनमा सम्पन्न मिस वर्ल्ड-२०१८ मा उत्कृष्ट प्रस्तुति दिएसँगै उनी नेपालीमाझ मात्र होइन, विश्वभर नै चर्चामा आइन्। समाजसेवामा समेत रुचि राख्ने श्रृंखलाले मकवानपुरको चेपाङबस्तीमा पुगेर सञ्चालन गरेको स्वास्थ्य अभियानले धेरैको मन जितेको छ। अहिले विज्ञापनहरूमा समेत सक्रिय भैरहेकी श्रृंखलालाई केही चलचित्रबाट अभिनयको प्रस्ताव समेत आएको छ। यद्यपि उनले अभिनय आफ्नो क्षमताको कुरा नभएको भन्दै ती प्रस्ताव अस्वीकार गर्दै आएकी छिन्। अविवाहित यी सुन्दरी मिस नेपालको कार्यकालपछि कसरी अघि बढ्नेछिन् भन्ने कुरा प्रतीक्षाकै विषय भएको छ।

## सृष्टि खड्का

झन्डै १ सय भन्दा बढी म्युजिक भिडियोमा अभिनय गरेकी मोडल तथा अभिनेत्री हुन् सृष्टि खड्का। यी अविवाहित अभिनेत्रीले यसै साता घोषणा गरिएको चलचित्र 'परी' मार्फत चलचित्रमा समेत पदार्पण गरेकी छिन्। सृष्टि केही साताअघि सार्वजनिक भएको एउटा हिन्दी गीतको म्युजिक भिडियोमा अभिनय गरेपछि चर्चामा आएकी थिइन्। अघिल्लो वर्ष उनले अभिनय गरेको डन्ट किल मी...गीतको म्युजिक भिडियोले पनि राम्रो प्रशंसा पाएको थियो। सृष्टिले र्‍याम्प फेसन शो तथा केही विज्ञापनमा समेत मोडलिङ गरेकी छिन्।

## प्रियंका एमभी

लामो समयदेखि रजतपटमा अभिनेत्रीका रूपमा पदार्पण गर्ने तयारी गरे पनि प्रियंका एमभीको त्यो साइत यसै वर्ष मात्र जुरेको छ। एमबीएकी छात्रा प्रियंकाले अनमोल केसीको चलचित्र क्याप्टेनमार्फत पदार्पण गर्न लागेकी हुन्। इन्स्टाग्रामका आफ्ना तस्बिर देखेपछि क्याप्टेन युनिटले आफूसमक्ष अभिनयको प्रस्ताव राखेको प्रियंकाको भनाइ छ। अभिनेता अनमोल केसीसँग अनस्क्रिन रोमान्स गर्न पाउनुलाई ठूलो अवसरका रूपमा लिएकी प्रियंकाले क्याप्टेनमा आवद्ध भएपछि अभिनयको प्रशिक्षणसमेत लिएकी थिइन्। क्याप्टेनका दुई अभिनेत्री मध्ये प्रियंकाले सहरिया युवतीको भूमिका निर्वाह गरेकी छिन्।

## रेश्मा घिमिरे

टिकटक क्विनको उपाधि पाइसकेकी सुन्दरी हुन्- रेश्मा घिमिरे। पेसाले नर्स यी सुन्दरी अभिनय क्षेत्रमा समेत आइसकेकी छिन्। केही विज्ञापनमा मोडलिङ गरिसकेकी यी अविवाहित सुन्दरीले हालै मात्र कालीप्रसाद बाँस्कोटाको इन्स्टाको फोटो शीर्षकको गीतमार्फत अभिनयमा पदार्पण गरेकी हुन्। निकट भविष्यमै उनी चलचित्रमा पदार्पण गर्ने तयारीमा छिन्। घिमिरे टिकटकका आकर्षक भिडियोमार्फत चर्चामा आएकी हुन्।

## निरिशा बस्नेत

प्रदर्शनको तयारीमा रहेको चलचित्र जानी नजानीबाट नेपाली रजतपटमा उदाउन लागेकी नयाँ अनुहार हुन्- निरिशा बस्नेत। यी अविवाहित सुन्दरी चलचित्र निर्देशक विश्व बस्नेतकी छोरी हुन्। मुम्बईलाई समेत कर्मथलो बनाउँदै आएकी निरिशाले केही हिन्दी धारावाहिकमा समेत अभिनय गरिसकेकी छिन्। अध्ययनका क्रममा मुम्बईमा भएकी निरिशाले हिन्दी धारावाहिक चन्द्रा नन्दिनीमा मुख्य भूमिका निर्वाह गरेकी छिन्। स्टार प्लसबाट प्रसारण भएको उक्त श्रृंखलाको अभिनयबाट निरिशाले राम्रै प्रशंसा पाएकी थिइन्। उक्त धारावाहिकमा निरिशाले राजकुमारी इलिसको भूमिका निर्वाह गरेकी थिइन्। केही म्युजिक भिडियोमा समेत अभिनय गरिसकेकी निरिशाले एस इन्स्टिच्युट अफ म्यानेजमेन्टबाट स्नातक गरेकी छिन्। त्यसअघि निरिशाले काठमाडौंमा सम्पन्न मिस टुरिज्म क्विन नेपालको मुख्य उपाधि जितेकी थिइन्।

## उकुषा गिरी

केही महिनाअघि घोषणा गरिए पनि फ्लोरमा जान बाँकी रहेको चलचित्र 'ब्याचलर बन्टि' मार्फत रजतपटमा पदार्पण गर्ने तयारी गरिरहेकी अभिनेत्री हुन्– उकुषा गिरी। अविवाहित उकुषा पनि मोडलिङमार्फत चलचित्रमा आउन लागेकी हुन्। अघिल्लो वर्ष काठमाडौंमा सम्पन्न मिस एसिया नेपालको विजेता भएपछि उनले मिस एसिया ग्लोबल-२०१७ मा नेपालको प्रतिनिधित्व गर्दै बेस्ट पर्सनालिटी तथा ब्युटिफूल आइजको शीर्षक उपाधि हात पारेकी थिइन्। भीमसेनगोला, काठमाडौंकी उकुषा भर्खर १९ वर्षकी भइन्। छोटो समयमै र्‍याम्प मोडलिङ तथा विज्ञापन आदिमा काम गरिसकेकी उकुषाले केही म्युजिक भिडियोमा समेत अभिनय गरेकी छिन्।

## आश्मा गिरी

युट्युबको वेब सिरिज रङ टाइममा अभिनय गरेर चर्चामा आएकी मोडल आस्मा गिरीले केही म्युजिक भिडियो तथा विज्ञापनमा समेत अभिनय गरेकी छिन्। आश्माले अभिनय गरेको पहिलो चलचित्र 'ड्रिम गर्ल' केही महिनाअघि प्रदर्शनमा आइसकेको छ। उक्त चलचित्रले औसत व्यवसाय गरे पनि आश्माको अभिनय तथा सुन्दरताले राम्रै प्रशंसा पाएको थियो। अविवाहित यी अभिनेत्रीले चलचित्रको अभिनयलाई निरन्तरता दिने योजना बनाएकी छिन्। कोरियोग्राफर गम्भीर विष्टसँग नृत्यको प्रशिक्षण लिने क्रममा उनी चलचित्र 'ड्रिम गर्ल' मा आबद्ध भएकी हुन्।

## उपासनासिंह ठकुरी

५ फिट ६ इन्च अग्ली उपासनासिंह ठकुरी अनमोल केसीको चलचित्र क्याप्टेनबाट रजटपटमा पदार्पण गर्दैछिन्। चलचित्रको ट्रेलर तथा गीतमा उपासनाको काम देखिइसकेको छ। मोडलिङमा सक्रिय रहेकै बेला उनी चलचित्रमा आइपुगेकी हुन्।
अविवाहित उपासनाले अनमोलको जोडीका रूपमा अभिनय यात्रा प्रारम्भ गर्नुलाई राम्रो अवसरका रूपमा लिएकी छिन्। उपासना इन्स्टाग्राममा अपलोड गरिएका आफ्ना तस्बिरकै कारण चलचित्रमा आइपुगेकी हुन्। क्याप्टेनमा आबद्ध भएपछि अभिनयको प्रशिक्षण लिएकी उपासनाले अभिनयमै करियर बनाउने निर्णय गरिसकेकी छिन्।

## शिल्पा मास्के

यसै साता प्रदर्शनमा आउने चलचित्र द ब्रेकअपमार्फत रजतपटमा उदाउने नयाँ अनुहार हुन्– शिल्पा मास्के। त्यसो त यी अविवाहित अभिनेत्रीले द ब्रेकअपपछि कागजपत्र शीर्षकको अर्को चलचित्रमा पनि अभिनय गरिसकेकी छिन्। यसअघि हलिउडको डाक्टर स्ट्रेन्जमा छोटो भूमिका निर्वाह गरेकी शिल्पाले केही म्युजिक भिडियोमा समेत अभिनय गरेकी छिन्। यसबीच मास्के तेस्रो चलचित्र सानो मनमा सक्रिय छिन्। रजतपटमा पदार्पण गरेकै वर्ष तीनवटा चलचित्रमा अभिनय गर्ने अवसर पाएकी यी अभिनेत्रीलाई चलचित्रवृत्तमा लामो रेसको घोडाका रूपमा समेत हेर्न थालिएको छ।

## विकेन्ड फुड




# सहरमा उपत्यकाबाहिरको स्वाद

### सुदूर-पश्चिमको स्वाद




सुदूरपश्चिममा डुप्का, चुकाउनी, माडा, मटन पन्चोली, भड्डुको सिकारजस्ता परिकार निकै लोकप्रिय छन् । नयाँ बानेश्वर वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाट झन्डै ५ मिनेट पूर्वतर्फ लम्किएपछि पुगिन्छ– डुप्का रेस्टुराँ एन्ड बार । पाँचतारे होटल एलएसजी स्काईमा सेफको अनुभव बटुलेका वसन्त जोशीले सञ्चालन गरेको यो रेस्टुराँमा पोलेको आलु, काफु, पानरोटी, मोहीलाई झानेर बनाइएको छाँछका साथै खसीको खुट्टालाई २४ घन्टा उमालेर तयार पारिएको गौनाको सुरुवा आदि उपलब्ध छन् । रेस्टुराँमा अमरगढी, शुक्लाफाँटा, घनघस्याजस्ता बोर्ड रुम देख्दा आगन्तुकहरूलाई सुदूरपश्चिम नै पुगेको आभास मिल्छ । यो रेस्टुराँले एकपटकमा ६५ जनालाई खाना सर्भ गर्ने क्षमता राख्छ । यो रेस्टुराँसँगै क्याफे पनि सञ्चालन गरिएको छ, जहाँ विभिन्न फास्टफुडसमेत अर्डर गर्न सकिन्छ ।

### कटिया हाउस, डिल्लीबजार

रौतहट जिल्लाका गरुडा, गौर, कटहरिया आदि बजारमा पाइने कटियामा पकाएको खसीको मासुको स्वाद विशेष मानिन्छ । कटियाको अर्थ हुन्छ, माटोको भाँडो । एक पटक कटियामा पाकेको स्वाद चाख्नेहरूको जिब्रोमा यसको स्वाद झुन्डिन्छ । अब भने यो स्वाद चाख्न रौतहट नै पुगिरहनु पर्दैन । डिल्लीबजार, कालिकास्थानस्थित कटिया हाउसमा त्यो रहर पूरा हुनेछ । कटिया हाउसका अनुसार यसरी तयार पारिने खसीको मासु प्राकृतिक, स्वस्थ, स्वादिलो एवं पौष्टिक हुन्छ । कोइलाको रापमा पकाइएकाले यसको स्वाद बेग्लै हुन्छ ।

### भक्का



चामलको पीठोबाट बनाइने भक्का विशेष गरी पूर्वी नेपालमा लोकप्रिय छ । तराईमा जाडो मौसममा बिहान खाजाका रूपमा खाइने यो परिकार अब काठमाडौंको पुरानो बानेश्वरस्थित भक्का हाउसमा पनि उपलब्ध छ । २०७४ को चैतमा खुलेको भक्का हाउसमा साधारण प्लेन भक्का, गुलियो भक्का र चकलेट भक्का आदि उपलब्ध हुन्छन् । कतिपय दिन १५ हजार रुपैयाँसम्मको भक्का बिक्री भएको भक्का हाउसका सञ्चालक विश्वास काफ्लेले बताए । भक्का हाउसले ३ जनालाई रोजगारी दिएको छ । भक्का हाउसबाहेक अरू व्यवसायीहरूले पनि काठमाडौंका सडकहरूमा भक्का तयार गरेर बिक्री गर्दै आएका छन् ।

### काठमाडौंमा घोंगी



थारु समुदायमाझ लोकप्रिय परिकार हो– घोंगी । सानेपास्थित म:म तारु रेस्टुराँमा घोंगी अर्डर गर्न सकिन्छ । यहाँ समुद्री खान्कीको सूचीमा पर्ने घोंगी, चामलको पीठोबाट तयार गरिएको बघिया, माघीमा थारु समुदायमा खाइने ढिक्री, अन्दीभात, माछाको भुटन, कुखुरा, हाँस, परेवा तथा बङ्गुरको मासु आदि परिकार उपलब्ध छन् ।

## विकेन्ड लिट्रेचर

# प्रेम कविता
# सुन्न र सुनाउन



यदि प्रेमको कविता लेख्न रूचाउनुहुन्छ भने तपाईंका लागि एउटा अवसर छ । स्पोकन वर्ड नेपालको आयोजनामा भोलि शनिबार बानेश्वरस्थित मोक्षमा हुन लागेको वर्ड वारिवर्स लाइभ : प्रेमको कवितात्मक अभिव्यक्तिमा भाग लिन सक्नुहुनेछ । प्रेमका कविता सुन्न रूचाउनेहरु पनि यसमा सहभागी बन्न सक्छन् । यो कार्यक्रममा अंग्रेजी तथा नेपाली दुवै भाषामा कविता सुनाउन सकिन्छ ।

**समय :** दिउँसो १२ देखि २ बजेसम्म ।

.........................

भोलि शनिबार मित्रपार्कस्थित १०९ डिग्रिज रेस्टुराँमा कविता श्रवण गर्ने कार्यक्रम छ । युवा कविहरूलाई एक ठाउँमा भेला गर्ने उद्देश्यले यो कार्यक्रम आयोजित गरिएको हो । आयाम नेटवर्कले आयोजना गर्न लागेको यो कार्यक्रममा प्रवेश गर्न ५० रुपैयाँको टिकट काट्नुपर्नेछ ।

## विकेन्ड लाइभ




# क्लब डेजाभूमा डच डिजे

स्टेज कार्यक्रममा मेस्टो नामले परिचित मेले स्टोम्प डच इलेक्ट्रोनिक म्युजिसियन हुन् । ११ वर्षको उमेरदेखि ड्रम बजाउन थालेका मेले रेकर्ड प्रोड्युसर तथा रिमिक्सर समेत हुन् ।

२० वर्षीय मेस्टो आज र भोलि दरबारमार्गस्थित क्लब डेजाभूमा झुल्किँदैछन् । रोड टु रिलुप म्युजिक फेस्टिभल शीर्षकको उक्त कार्यक्रम क्लब डेजाभू तथा ६१ लाइभ नेपालको संयुक्त आयोजनामा हुन लागेको हो ।

लाजिम्पाटस्थित त्रिसारामा अल्व्याट्रोस ब्यान्डले भोली साँझ लाइभ प्रस्तुति दिँदैछ ।

## विकेन्ड हाइकिङ

# बनेपा धानेश्वर हाइक



भोलि शनिबार हाइक फर नेपालको आयोजनामा बनेपा धनेश्वर हाइकिङको आयोजना हुँदैछ । हाइकिङमा रुचि राख्ने हरू यसमा सहभागी हुन सक्नुहुनेछ । यदि पहिलो पटक जाँदै हुनुहुन्छ भने १ हजार रुपैयाँ तिर्नुपर्नेछ । जसबापत आयोजकका तर्फबाट एउटा टिसर्ट प्राप्त हुनेछ । त्यही पैसामा यातायात, फर्स्ट एड किट र गाइडको सुविधा समेत उपलब्ध हुनेछ । हाइकिङमा दोहोर्‍याएर जाँदै हुनुहुन्छ भने ५ सय रुपैयाँ मात्र तिर्दा पुग्छ । भोलिको यो हाइकिङ ४ देखि ५ घण्टाको हुनेछ ।

**भेट्ने समय :** बिहान ७ बजे

**गाडी छुट्ने समय :** ७ : ३० बजे

**भेट्ने स्थान :** भृकुटीमण्डप प्रदर्शनी मार्गको गेट

**बोक्नुपर्ने सामान :** खाजा, पानी, रेनकोट वा छाता, हल्का जुत्ता तथा हाइकिङ स्टिक ।

## विकेन्ड ब्यान्ड




# मोक्षमा सिलोङको ब्यान्ड

भारत सिलोङको सोलमेट ब्यान्ड नेपालमा १० वर्षपछि पाइला टेक्दैछ । सोलमेटले भोलि शनिबार झम्सिखेलस्थित मोक्षमा दर्शकहरूसामु ब्लुज, ब्लुज रक, सोल, रक एन रोल, फंक एन्ड आर एन्ड बीजस्ता गीतमार्फत दर्शक झुमाउनेछ । यो कार्यक्रमको अग्रिम टिकट बुक गर्दा १ हजार ४ सय ९९ रुपैयाँ तिर्नुपर्ने हुन्छ भने ढोकैमा खरिद गर्दा १ हजार ७ सय ९९ रुपैयाँ तिर्नुपर्नेछ ।

संयोजक : नरेन्द्र रौले

चलचित्र

# कस्तो लाग्यो समर लभ ?

युवा लेखक सुविन भट्टराईको चर्चित उपन्यास समर लभमा आधारित चलचित्र 'समर लभ' गत शुक्रबार प्रदर्शनमा आयो । उक्त चलचित्रले औसत व्यापार गरेको हलवालाहरु बताउँछन् । चलचित्र प्रदर्शनको अघिल्लो दिनदेखि परेको झरीका कारण शुक्रबारको व्यापार औसत रह्यो, तर शनिबार भने 'समर लभ'ले दर्शकको राम्रो साथ पायो । मुस्कान ढकालद्वारा निर्देशित उक्त चलचित्र अहिले पनि हलमा चलिरहेको छ । भट्टराईको प्रेमिल उपन्यास समर लभमा आधारित यो चलचित्रमा आशिष पिया, रेवती क्षेत्री, सुरजसिंह ठकुरी, नम्रता सापकोटा, सरोज खनाल, शिशिर भण्डारी आदि कलाकारले अभिनय गरेका छन् । गत मंगलबार निर्माण पक्षले यो चलचित्रको विशेष सो राखेको थियो जसमा चलचित्र क्षेत्रका केही चर्चित अनुहारको उपस्थिति थियो । उनीहरूलाई समर लभ कस्तो लाग्यो त ? उनीहरूको भनाइ जस्ताको तस्तै :



### आकाश अधिकारी, निर्माता

मैले समर लभ उपन्यास पनि पढेको थिएँ । उपन्यास र चलचित्र एउटै हुँदैन । त्यसैले मैले पनि उपन्यास र चलचित्रमा निकै फरक पाएँ । यद्यपि चलचित्रको लभ स्टोरीले सबैलाई बाँध्छ । धेरैपछि एउटा पूर्ण लभ स्टोरी हेर्न पाउँदा आनन्द लाग्यो । कलाकारहरूले पनि आफ्नो ठाउँबाट राम्रो प्रस्तुति दिएका छन् । उपन्यासमा अतित पात्रलाई ब्राम्हण समुदायको युवाका रूपमा प्रस्तुत गरिएको थियो । उपन्यासमा आधारित चलचित्र भएकाले अतितको भूमिका निर्वाह गर्ने अभिनेता चयनमा निर्माण पक्ष चुकेको हो कि भन्ने अनुभव भयो, तर अतीतको भूमिका निर्वाह गर्ने अभिनेता आशिषको अभिनय दमदार लाग्यो । डेब्यु चलचित्रमै यति राम्रो अभिनय गर्नु चानचुने कुरा होइन । यस्तै रेवतीले नेवार समुदायकी सायाको भूमिकामा अभिनय गरेकी छिन् । उनको अभिनयमा पनि उत्तिकै निखार छ । निर्देशक मुस्कान ढकालले पनि आफ्ना तर्फबाट निकै मेहनत गरेका छन् । एउटा सफल उपन्यास भएकाले निर्देशकले आफ्नो सिर्जना थप्न नमिल्ने भए पनि चलचित्र आफैंमा राम्रो लाग्यो ।

### सवीर श्रेष्ठ, निर्देशक

एकदमै राम्रो लाग्यो । एउटा चर्चित कृतिमाथि चलचित्र बनाउनु आफैंमा चुनौतीपूर्ण काम हो । तैपनि निर्देशकले चलचित्रप्रति पूर्णरूपमा न्याय गरेका छन् । यद्यपि अहिले समर लभका बारेमा मिडिया तथा सामाजिक सञ्जालहरूमा पात्र छनोटमा चुकेको भनेर आलोचना भैरहेको छ । सरसर्ती हेर्दा मलाई पनि त्यस्तै लाग्यो । किनभने, उपन्यासमा कुन पात्र छ भन्ने लगभग अधिकांश दर्शकलाई थाहा भैसकेको छ । त्यसैले पात्र छनोट गर्दा उपन्यासमा जुन समुदायको छ त्यहीअनुसार छानेको भए सुनमा सुगन्ध हुने थियो । यो चलचित्रको मेकिङ पक्ष राम्रो छ । अर्को कुरा चलचित्र आफैंमा लभ स्टोरीमा आधारित भएकाले यसमा समावेश रोमान्टिक गीत-संगीत हुनुपर्ने हो कि जस्तो लाग्यो । त्यस्तै, पटकथामा पनि मेहनत नपुगे जस्तो महशुस भयो ।

### केशव भट्टराई, निर्माता तथा कलाकार

मैले समर लभ पढेको छैन । त्यसैले यस विषयमा कमेन्ट गर्न अलि गाह्रो भैरहेको छ । यद्यपि चलचित्र जुन हिसाबबाट उठान हुनुपर्ने हो त्यो अलि स्लो लाग्यो, तर उपन्यासमा त्यही छ भने राम्रो हो । चलचित्रमा कलाकारहरूले निकै राम्रो अभिनय गरेका छन् । मलाई रेवतीको अभिनय निकै दमदार लाग्यो । यस्तै, चलचित्रको संगीत पनि राम्रो छ । सिनेम्याटोग्राफी उत्कृष्ट छ । निर्देशकले यो चलचित्रमा निकै मेहनत गरेका छन् ।

### दीपेन्द्र लामा, निर्देशक

समर लभ मलाई राम्रो लाग्यो । निर्देशकले यो चलचित्रप्रति भरपुर न्याय गरेका छन् । अहिले लभ स्टोरीमा आधारित चलचित्र जुन धारमा बगेका छन् यो चलचित्र पनि त्यही धारमा छ । चलचित्रमा कलाकारहरूको प्रस्तुति प्रशंसायोग्य छ । यद्यपि अतीतको भूमिकामा अभिनय गर्ने अभिनेता छनोटमा निर्माण पक्ष चुके जस्तो लाग्यो । किनभने अतीत ब्राम्हण समुदायका हुन् । त्यो पात्रमा ब्राम्हण समूदायकै अर्को कुनै अभिनेता भैदिएको भए उत्तम हुन्थ्यो, यद्यपि आशिषको अभिनय दमदार छ । चलचित्रका अरू पक्ष पनि राम्रा छन् ।

### छविराज ओझा, निर्माता


समर लभ प्रेम कथामा आधारित छ । त्यसैले यो टिन एज चलचित्र हो । चलचित्रको टेक्निकल तथा क्यामेराको पक्ष एकदमै मजबुत छ । इन्ट्रभलसम्म पुग्दा एउटै कुरामात्र दोहोरिँदा कतै दर्शकलाई मोनोटोनस हुने हो कि भन्ने लाग्छ । अर्को कुरा यो चलचित्रको पटकथा अलि कम भएको हो कि जस्तो अनुभव भयो । प्रोडुसर तथा डाइरेक्टरका तर्फबाट गर्नुपर्ने काममा भरपुर मेहनत गरिएको छ ।



## बुलबुल

अभिनेत्री स्वस्तिमा खड्काले मुख्य भूमिका निर्वाह गरेको चलचित्र 'बुलबुल' आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा स्वस्तिमाले टेम्पो चालकको भूमिका निर्वाह गरेकी छिन् । महिला टेम्पो चालकको भूमिका निर्वाह गर्न स्वस्तिमाले करिब एक महिना टेम्पो चलाउन सिकेकी थिइन् । यसअघि नै सार्वजनिक भएको चलचित्रको ट्रेलरलाई युट्युबमा दर्शकहरूले निकै रुचाएका छन् । यो चलचित्र विनोद पौडेलको लेखन तथा निर्देशनमा तयार भएको हो । यो चलचित्रको निर्माण अविरल थापा, भीम थापा, पुरुषोत्तम पाण्डे तथा राजु पौडेलले गरेका हुन् । चलचित्रका कार्यकारी निर्माता रामराजा दाहाल हुन् । बुलबुलमा समावेश माया लै लै.... गीतले युट्युबमा उत्कृष्ट भ्युज पाएको छ । कोशिस क्षेत्रीको शब्द तथा संगीतको उक्त गीतमा रजिना रिमाल तथा निश्चल बस्नेतको स्वर सुन्न सकिन्छ । चलचित्रको अर्को गीत जाद्रै बस्यो दिलले पनि युट्युबमा राम्रै दर्शक पाएको छ । सुसन प्रजापतिले छायांकन गरेको चलचित्र बुलबुलमा बुद्धि तामाङ, मुकुन भुसाल, उज्ज्वल अधिकारी, दीपक क्षेत्री, जोयस पाण्डे, आशिका पाण्डे आदि कलाकारले समेत अभिनय गरेका छन् ।

## जोकर जादुगर-२



चलचित्र जोकर जादुगर-२ आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । हास्य विधाको यो चलचित्रमा नेपाली समाजका यथार्थपरक घटनालाई हास्य शैलीमा प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ । चलचित्रको ट्रेलरमा कलाकार महादेव त्रिपाठीले कसरी जोकर बन्नुपर्‍यो भन्ने कुरा देखाइएको छ । चलचित्रको ट्रेलरलाई युट्युबमा भने खासै रुचाइएको छैन । याक इन्टरटेनमेन्टको यो प्रस्तुतिमा कलाकार त्रिपाठीको निर्देशन तथा विशेष पन्तको लेखन छ । गणेश श्रेष्ठ, कर्णबहादुर तामाङ, केदारप्रसाद रैला, कुमार सिलवाल आदिले संयुक्त रूपमा निर्माण गरेको चलचित्र जोकर जादुगर-२ मा मधुर बस्नेतको छायांकन छ । चलचित्रमा सिम्पल खरेल, सुरेन्द्र केसी, शिव शंकर रिजाल, अञ्जु थापा, दिपेन शाह, लक्ष्मी श्रेष्ठ आदि कलाकारले समेत अभिनय गरेका छन्, जसमा सुगम पोखरेल, टंक बुढाथोकी, कमल खत्री, ध्रुव बिस्को आदिको संगीत छ ।

## सोसल मिडिया फिल्म एवार्ड

सोसल मिडिया फिल्म एवार्ड-२०७५ अन्तर्गत विभिन्न १२ विधाका विजेतालाई काठमाडौंमा आयोजित एक समारोहबीच एवार्ड वितरण गरिएको छ । ड्रिम वर्ल्ड फिल्म मेकर्सको आयोजनामा छोटो समयको सन्देशमूलक चलचित्र निर्माण गरी सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै आएका उत्कृष्ट संघसंस्था वा व्यक्तिलाई उक्त एवार्ड प्रदान गरिएको हो ।

यो एवार्डमा उत्कृष्ट न्युज भिडियोको पुरस्कार एबीसी टेलिभिजनकी प्रस्तोता सन्तोषी अधिकारी प्राप्त गरिन । सर्वोत्कृष्ट लघु चलचित्र निर्देशक अनिरुद्र दवाडी घोषित भए भने सर्वोत्कृष्ट डकुमेन्ट्रीमा 'जोगी' तथा सर्वोत्कृष्ट लघु चलचित्रमा 'अलिखित' ले बाजी मारे ।

त्यसैगरी उत्कृष्ट सर्ट फिल्मतर्फको सम्पादकबाट 'पुन्टेको पांग्रो'का मुकेश चौधरी र युवराज खनालका साथै उत्कृष्ट सिनेमेट्रोगाफरबाट विकल थापाले एवार्ड उचाले । त्यस्तै उत्कृष्ट सर्ट फिल्म ध्वनितर्फ 'पुन्टेको पांग्रो'कै विनय अधिकारी सफल भए । उत्कृष्ट सर्ट फिल्म अभिनेतातर्फ अनिशजंग थापा र निमेष श्रेष्ठ एवं अभिनेत्री स्मृति न्यौपानेले एवार्ड जिते ।

समारोहमा उत्कृष्ट फेसबुक भिडियोको एवार्ड फन रिभोलुसन टिभीका निमेष श्रेष्ठ तथा उत्कृष्ट ट्रोलको एवार्ड ट्रोल फुटबल नेपालले प्राप्त गर्‍यो । छोटो समयको चलचित्र निर्माण गर्ने व्यक्ति एवं संस्थाहरूलाई हौसला र अवसर प्रदान गर्दै उनीहरूको सिर्जनालाई सम्मानस्वरूप जनमानससमाझ ल्याउन यस्तो एवार्ड सुरु गरिएको 'ड्रिम वोल्ड अफ फिल्म मेकर्स' का अध्यक्ष एवं निर्देशक सबनम मुखियाले बताइन् ।

कार्यक्रममा प्रथम नेपाली अभिनेत्री भुवन चन्द, चैत्य देवी, बसुन्धरा भुषाल, निर्देशक आकाश अधिकारी आदिको उपस्थिति थियो । निर्णायक मण्डलले कार्यक्रममा 'बोकाहरू' को टिमलाई जुरी एवार्डबाट सम्मान गरे ।

युवराज गौतम

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





प्रिज्मा खतिवडा
र
प्रिन्सी खतिवडा


Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, मैतीदेवी

पहिरन : हेलो ब्युटिफुल, डिल्लीबजार




# मल्लिका अब अभिनेत्री

एक वर्षअघि नै सार्वजनिक भएको गायक स्वप्निल सुमनको 'म तिम्रो...' गीतको म्युजिक भिडियोमा अभिनय गरेर चर्चामा आएकी मोडल मल्लिका महतलाई दर्शकले अब चलचित्र अभिनेत्रीका रूपमा पाउनेछन् । युट्युबमा एक करोडभन्दा बढि भ्युज पाएको उक्त भिडियी मोडल मलिका भरखर १९ वर्षकी भएकी छिन् । उक्त म्युजिक भिडियोमा अभिनय गरेपछि इन्स्टाग्राममा उनलाई पछ्याउनेहरूको संख्या ह्वात्तै बढ्यो । यतिबेला उनलाई ७६ हजार भन्दा बढिले इन्स्टाग्राममा फलो गरेका छन् । चैत २९ गते प्रदर्शनमा आउने चलचित्र 'यात्रा-अ म्युजिक भ्लग' मार्फत रजतपटमा आउने तयारी गरिरहेकी मलिकाले पहिलो चलचित्रमै अभिनेता सलिनमान बानियाँसंग अनस्क्रिन रोमान्स गर्ने अवसर पाएकी छिन् । हँसिलो स्वभावकी मलिका तथा दोस्रो चलचित्रमा अभिनय गरिरहेका लजालु स्वभावका सलिनमानको जोडी चलचित्रमा कत्तिको सुहाएको छ, त्यो भने हेर्न बाँकि नै छ । यद्यपि चलचित्रको प्रचार सामाग्रीहरूमा उनीहरूको केमेस्ट्रि मिलेको देखिन्छ ।



# करोड क्लबमा

सञ्चारकर्मीबाट निर्देशक भएका सुव्रत राज आचार्यले हालसम्म दुईवटा चलचित्र निर्देशन गरे । उनले निर्देशन गरेका चलचित्र अधकट्टी तथा सुश्री सम्पत्ति व्यवसायिक रूपमा त्यति सफल मानिएनन् । चलचित्र निर्देशनबाट अपेक्षाकृत सफलता हासिल नगरे पनि सुव्रत म्युजिक भिडियो निर्देशनमा भने जमेका छन् । म्युजिक भिडियोको क्षेत्रमा उनलाई करोड क्लब निर्देशक भन्न थालिएको छ । कारण उनले निर्देशन गरेका म्युजिक भिडियोहरूले युट्युबमा १ करोड भन्दा बढी भ्युज पाएका छन् । सुव्रतले निर्देशन गरेका म्युजिक भिडियोहरूमध्ये आशिष सचिन र मेलिना राईको पिरिम नलाउने (२ करोड ४१ लाख) तथा दीपक बज्राचार्यको मन मगन (१ करोड २४ लाख) ले क्रमश: २ करोड तथा एक करोड भ्युज पाइसकेका छन् । त्यसबाहेक सचिन रौनियारको ए मान्छे (६४ लाख), प्रमोद खरेलको लाईदेउ न मायाले (५५ लाख ५७ हजार), दीपक बज्राचार्यको अल्लारे (४४ लाख ८७ हजार), हिमाल सागरको बाजा (१० लाख ८२ हजार), मेलिना राई र दीपक आर पाण्डेको थोरै माया (७ लाख २७ हजार), प्रमोद खरेलकै पृथ्वी (३ लाख ६७ हजार) तथा उत्तम थापाको ज्यान माया (४ लाख २१ हजार) गीतले पनि राम्रो भ्युज पाएका छन् । चलचित्रको तुलनामा म्युजिक भिडियोबाट सफलता पाइरहेका निर्देशक आचार्य आगामी दिनमा म्युजिक भिडियोमै केन्द्रित हुने सम्भावना बढी छ ।



# कलाको सम्भावना

नेपाली चलचित्रले कला राईका रूपमा एउटा नयाँ अनुहार पाएको छ । चलचित्र मुर्चुङ्गामार्फत रजतपटमा पदार्पण गरेकी यी अभिनेत्री पहिलो चलचित्र प्रदर्शन नहुँदै दोस्रो चलचित्रमा सक्रिय भैसकेकी छिन् । यतिबेला चलचित्र आरुषीमा व्यस्त कला उक्त चलचित्रकी मुख्य कलाकार हुन् । चलचित्रमा उनले नयाँ अभिनेता इशक राईसँग अनस्क्रिन रोमान्स गरेकी छिन् । सोलुखुम्बुमा जन्मिएकी कलाले अभिनयमै करियर बनाउने निर्णय गरेकी छिन् । उदय सुब्बाको निर्देशनमा अभिनय गरिरहेकी कला रोमान्टिक भूमिकामा सहज महसुस गर्ने बताउँछिन् । यद्यपि आफू हरेक प्रकारका भूमिका निर्वाह गर्न सक्षम रहेको उनले स्पष्ट पारेकी छिन् ।

# भुवनको गुनासो

अभिनेता तथा निर्माता भुवन केसीले आफ्नो पछिल्लो चलचित्र 'क्याप्टेन' लाई असफल बनाउन केही तत्व सक्रिय रहेको गुनासो गरेका छन् । चलचित्रको केही साताअघि सार्वजनिक रहर छ सँगै...गीतको लोकप्रियता तथा हालै सार्वजनिक ट्रेलरको सफलतापछि निर्माता केसी चलचित्रको सफलताप्रति आशावादी छन् । यद्यपि चलचित्रको ट्रेलर सार्वजनिक समारोहमा उनले एउटा गम्भीर मुद्दा उठाए । 'चलचित्रका केही कलाकारले पारिश्रमिक नपाएको गुनासो सुनें, केसी भन्दैथिए-'राजाराम पौडेलले पारिश्रमिक नपाएको कुरा गर्नु भएको रहेछ, मैले उहाँसँग जिज्ञासा राख्दा आफूले त्यस्तो नबोलेको बताउनुभयो ।' भुवनको गुनासो थियो- 'यो अरू केही नभएर चलचित्रलाई बदनाम गर्न चाहनेहरूको हर्कत मात्र हो ।' 'मलाई के लाग्छ भने यो सबै क्याप्टेनलाई बदनाम गर्न चाहनेहरूको चाल हो, केसीको भनाइ छ । निर्माता केसीले आफ्नो चलचित्रमा आबद्ध सिनियरदेखि जुनियरसम्म कसैलाई पनि भेदभाव नगरिने दाबीसमेत गरे । क्याप्टेनको सफलताले आलोचकहरूको मुख बन्द गर्ने दाबी पनि केसीको छ ।





## पिङ खेल्दै श्रृंखला

मिस नेपाल–२०१८ श्रृंखला खतिवडा पिङ खेलिरहेको अवस्थामा भेटिइन् । क्यान्सर रोगसम्बन्धी जनचेतना जगाउन आयोजित काठमाडौं मोटर र्‍यालीमा सहभागी पोखरा पुगेकी खतिवडा साथीहरूसँग फेवाताल किनारामा अवस्थित कोकोबिच पुगिन् । त्यहाँ भएका अन्य ग्राहकहरूले भने उनलाई ठम्याउन सकेनन् । त्यसैले श्रृंखलाका साथीहरू उनलाई जिस्क्याउँदै थिए 'तँ राष्ट्रिय झन्डा लिएर बस् अनि मात्र सबैले चिन्छन् ।' खाना खाने उद्देश्यले त्यहाँ पुगे पनि खतिवडा पिङ मात्र खेलेर प्यारागलाइडिङ खेल्न जाने भन्दै फर्किइन् । उनका साथीहरू भने खाना खाएर मात्र फर्किए । श्रृंखला पोखराको वाटरफ्रन्ट रिसोर्ट तथा शान्त सेकेन्डरी स्कुलमा आयोजित क्यान्सर रोगसम्बन्धी जनचेतना कार्यक्रममा समेत सहभागी भइन् । ती कार्यक्रममा सहभागी हुँदा उनीसँग तस्बिर खिचाउनेहरूको भीड देखिन्थ्यो ।

राजाराम पौडेल



## एउटा छोडेर अर्कोमा

सृष्टि श्रेष्ठ, मलिना जोशी, शुभेच्छा खड्कापछि पूर्व मिस नेपाल निकिता चाण्डक पनि चलचित्रमा आउने पक्का भएको छ । निकिता अभिनेता विराज भट्टले निर्देशन गर्ने पहिलो चलचित्र 'साङ्लो' मा प्रस्तुत हुने निश्चित भएको हो । निकिता र विराजबीच सम्झौता पत्रमा हस्ताक्षर समेत भैसकेको छ । चलचित्रमा निकिता र विराजकै जोडी रहने निश्चित भएको बताइन्छ । त्यसो त यसअघि पनि निकिताले चलचित्र रानीमहलमा अभिनय गरेकी थिइन् । यद्यपि उक्त चलचित्रको छायांकन रोकिएपछि निकिताले आफू उक्त चलचित्रबाट अलग भएको घोषणा गरेकी थिइन् । चैत १ गतेदेखि फ्लोरमा जाने विराजको चलचित्रमा आफूले निर्वाह गर्ने भूमिकाका बारेमा भने निकिताले मुख खोलेकी छैनन् । स्मरणरहोस्, अघिल्लो वर्ष साप्ताहिकसंग कुराकानी गर्दै निकिताले नेपाली चलचित्रबाट अभिनय यात्रा प्रारम्भ गर्दै बलिउडसम्म पुग्ने योजना सुनाएकी थिइन् ।



तस्बिर : ब्लाकपिग हडकङ

जम्का भेट

## युट्युबले क्यामेरा फेस गर्न सिकायो

पहिलो चलचित्र 'इन्टु मिन्टु लन्डनमा' बाटै आफूलाई नायकका रुपमा प्रमाणित गरे धीरज मगरले । युट्युबरको परिचय बनाएका धीरजका सयौं भ्लग युट्युबमा उपलब्ध छन् । ट्राभल, एड्भेन्चर, रियाक्सन आदि भिडियो अपलोड गरेर चर्चित भैसकेका धीरजले 'इन्टु मिन्टु लन्डनमा' को प्रदर्शनपश्चात् आफूलाई नेपाली चलचित्रमा बलियो सम्भावना बोकेको नायकका रुपमा उभ्याएका छन् । सामाजिक सञ्जालमा अत्याधिक फ्यान फ्लोअर्स भएका धीरज युकेमा बस्छन् । विदेशमा आर्जन गरेको अध्ययन, सीप, कौशल एवं संस्कृतिलाई नेपाली चलचित्रमा प्रयोग गर्ने अठोट बोकेका धीरजसँग साप्ताहिकको जम्काभेट :

**युट्युबरका रूपमा आफूलाई प्रमाणित गरिसक्नुभएको छ, पहिलो चलचित्रमै प्राप्त यो सफलतालाई कसरी लिनुहुन्छ ?**

युट्युब मेरो जननी हो, जहाँबाट मैले क्यामेरा फेस गर्न सिकें, आफ्नो क्रिएटिभिटी देखाउन पाएँ । फलस्वरूप सबैको साथ पनि प्राप्त भयो । पहिलो चलचित्रबाटै पाएको यो अभूतपूर्व मायालाई आफ्नो विश्वास र सम्भावनाका रूपमा लिएको छु । अब मसँग सारा नेपालीको साथ छ, उहाँहरूको विश्वासलाई चलचित्रमार्फत निरन्तर प्रगाढ बनाइरहनेछु ।

**मन परेका तीन नायक–नायिका ?**

**नायक :** अनमोल केसी, प्रदीप खड्का तथा सलिममान बानियाँ ।

**नायिका :** साम्राज्ञी राज्यलक्ष्मी शाह, नम्रता श्रेष्ठ र पूजा शर्मा ।

**मन परेका तीन चलचित्र ?**

रोमियो एन्ड मुना, अमेरिकन ब्वाइज तथा इन्टु मिन्टु लन्डनमा ।

अनोज रोक्का



# प्रियंकाको स्ट्याच्यु


बलिउड अभिनेत्री प्रियंका चोपडाको वाक्स स्ट्याच्यु अमेरिकाको न्यूयोर्कस्थित मेडम तुसाद म्युजियममा सजिइसकेको छ। त्यससँगै प्रियंकाको स्ट्याच्यु अब लण्डन, सिड्नी, बैंकक तथा सिंगापुरमा पनि सजिनेछ। बलिउडमा देसी गर्ल उपनामले प्रख्यात प्रियंकालाई अचेल ग्लोबल आइकन पनि भनिन्छ। प्रियंकाले बलिउडदेखि हलिउडसम्म आफ्नो एउटा बेग्लै छवि निर्माण गरिसकेकी छिन्। प्रियंकाको नाम अब ती सेलिब्रेटीसँग जोडिएको छ, जसको स्ट्याच्यु विश्वका प्रमुख सहरहरूमा सजिनेछ। यसबाहेक प्रियंकाले अर्को एउटा विशेष उपलब्धि पनि आफ्नो नाममा बनाएकी छिन्, जसबाट उनी भारत र अमेरिकामात्र होइन थुप्रै एसियाली देशहरूमा समेत चिनिने छिन्। हलिउड गायिका बिट्नी हस्टनपछि प्रियंका नै त्यस्ति सेलिब्रेटी बन्दैछिन्, जसका विश्वभरीमा छ वटा स्ट्याच्यु बन्ने छन्। हालै मात्र अमेरिकी गायक निक जोन्ससंग वैवाहिक जीवनमा बाँधिएकी प्रियंका अहिले पुनः काममा फर्किसकेकी छिन्। यतिबेला उनी आफ्नो नयाँ हलिउड चलचित्रको प्रचार-प्रसारका साथै शोनाली बोसको चलचित्र द स्काइ इज पिंकको छायांकनमा व्यस्त छिन्। प्रियंकाको हलिउड चलचित्र इजन्ट इट रोमान्टिक यही भ्यालेन्टाइन्स डेको अवसर पारेर प्रदर्शनमा आएको छ।

बलिउड

# मुंगडाको आलोचना


बलिउड चलचित्रमा अचेल रि-क्रिएटेड गीत (पुराना गीतको नयाँ संस्करण) को युग चलिरहेको छ। त्यसैले अहिले हरेक नयाँ चलचित्रमा पुराना चलचित्रका गीतको नयाँ संस्करण सुन्न पाइन्छ। हालै अजय देवगणको चलचित्र टोटल धमालको आइकोनिक गीत 'मुंगडा' लाई नयाँ संस्करणमा प्रस्तुत गरियो। डान्स क्विन हेलेनको उक्त गीतलाई सोनाक्षी सिन्हाले टोटल धमालमा रि-क्रिएट गरेकी छिन्। गीतमा सोनाक्षीको फिटनेस, नृत्य तथा प्रस्तुति उत्कृष्ट छ। यद्यपि, दर्शकलाई मुंगडाको नयाँ भर्सन मन परेन। पुरानो मुंगडा झैं नयाँ मुंगडाले उधुम मच्चाउने निर्माताहरूको अनुमान थियो। यद्यपि, त्यसको ठीकविपरीत उक्त आइटम नम्बरप्रति सामाजिक सञ्जालमा नकारात्मक ट्रोल बन्न थाले। टिप्पणी गर्नेहरूले बलिउडमा अब कुनै सिर्जनात्मकता बाँकी नरहेको आरोप लगाउँदै सबैले पुराना सुन्दर सिर्जनाहरूलाई बर्बाद गरिरहेको बताएका छन्। कतिपयले त यसलाई हेलेनको गीतकै बेइज्जत गरेको आरोपसमेत लगाएका छन्। वास्तविक गीतका सर्जकहरूले पनि यस विषयमा मुख खोलेका छन्। संगीतकार राजेश रोशनले भनेका छन्-'मलाई लाग्छ संगीत उद्योगमा प्रेरणा कम तथा पसिना अधिक छ। चलचित्र निर्माताहरूले नयाँ गीत निर्माणको आत्मविश्वास नै गुमाएका छन्।'





# रणवीर र वरूणको चाहना

बलिउड अभिनेता आमिर खानले सन् ९० को दशकको आफ्नो सुपरहिट चलचित्र अन्दाज अपना अपनाको रिमेकमा रणवीर सिंह तथा बरुण धवनलाई लिन चाहेको धारणा व्यक्त गरेका छन्। आमिर खान तथा सलमान खानको उक्त चलचित्रको रिमेक भर्सन अहिले चर्चामा छ। निर्माता विन्नी सिन्हा तथा पिंकी सिन्हाले उक्त रिमेक निर्माण गर्ने घोषणा गरिसकेका छन्। चलचित्रका लागि रणवीर र वरुणको नाम अघि सारिएको छ। उक्त चलचित्रमा रणवीरले अमन तथा वरुणले प्रेमको भूमिका निर्वाह गर्ने बताइन्छ। हालै एउटा समारोहमा आमिर खानले यी दुई युवा सेन्सेसनको नाममा स्वीकृति जनाएका हुन्। भनिन्छ, शीर्षक पुरानै भए पनि चलचित्रको कथा बिल्कुल नयाँ हुनेछ।






# बलिउड भर्सेस हलिउड

भारतमा प्रदर्शन भएका बलिउडका चलचित्रको तुलनामा हलिउडका चलचित्रको व्यवसाय ह्वात्तै बढेको एउटा सर्वेक्षणले देखाएको छ। पछिल्लो छ वर्षमा बलिउडका चलचित्रको व्यवसाय २८ प्रतिशतले बढेको छ भने हलिउड चलचित्रको बजार १ सय ५७ प्रतिशतले बढेको छ। सन् २०१७ को तुलनामा २०१८ मा बलिउड चलचित्रको बक्स अफिस कलेक्सन करिब १५ प्रतिशतले बढ्यो, जबकी हलिउड चलचित्रको कमाई २१ प्रतिशतले बढी भयो। भारतमा हलिउड चलचित्रले २०१५ मा २०१४ को तुलनामा ४६ प्रतिशत अर्थात करिब ५ सय करोड बढी आम्दानी गर्न सफल भए, जुन पछिल्ला छ वर्षको सबैभन्दा ठूलो अन्तर हो।

पछिल्ला छ वर्षको ट्रेन्डलाई आधार मान्ने हो भने भारतमा हलिउड चलचित्रको आम्दानीको रफ्तार बलिउड चलचित्रको भन्दा बढी छ। २०१३ देखि २०१८ सम्म ती चलचित्रको कलेक्सन पाँच गुणाले वृद्धि भएको बताइन्छ। यही ट्रेण्ड कायम रह्यो भने यो वर्ष हलिउडका चलचित्रले भारतमा मात्र डेढ हजार करोडको आँकडा पूरा गर्नेछ। फिल्म ट्रेड एनालिस्ट कोमल नाहटाका अनुसार भारतमा हलिउड चलचित्रको स्वीकार्यता बढिरहेको छ। पहिले ती चलचित्र ठूला सहरहरूमा मात्र सीमित थिए, तर अहिले धेरैवटा साना सहरमा समेत प्रदर्शन हुन थालेका छन्। हलिउड चलचित्र रुचिकर तथा रोचक हुनाले पनि दर्शकहरूको रुचि बढेको हो। हलिउडका चलचित्रले प्रसस्त सिनेमा हल पनि पाइरहेका छन्। यसबाहेक युवा वर्गले इन्टरनेटमै चलचित्र हेरिरहेका छन्। समिक्षक अतुल मोहनका अनुसार मिसन इम्पोसिबल तथा स्पाइडरम्यान जस्ता चलचित्र भारतमा निकै लोकप्रिय भए। साइन्स फिक्सन, एक्सन तथा एड्भेन्चरकै कारण ती चलचित्र सफल भएका हुन्।

भारतमा हलिउडका चलचित्रको आम्दानी बढ्नुमा धेरै स्क्रिन पाउनु मुख्य कारण भएको बताइन्छ। यतिबेला भारतमा दुई हजारवटा स्क्रिन छन्। हलिउड चलचित्रप्रतिको आम रुचिका कारण मल्टिप्लेक्सहरूले ती चलचित्रलाई बढीभन्दा बढी पर्दा उपलब्ध गराइरहेका छन्। शहरी क्षेत्रमा त अझ बढी शो दिने गरिएको छ।

भारतमा प्रत्येक वर्ष विभिन्न स्थानीय भाषामा बन्ने चलचित्रको संख्या एक हजारभन्दा बढी छ, जबकि हलिउडमा त्यसको आधा मात्र चलचित्र बन्छन् जसमध्ये करिब दुई सय चलचित्र भारतसहित विश्वभरी नै प्रदर्शन हुन्छन्। यति हुँदा पनि लगानी, दर्शक संख्या तथा आम्दानीको प्रसंगमा हलिउड नै अगाडि छ। भारतमा एउटा चलचित्र औसत १५ देखि २५ करोडमा निर्माण हुन्छ, जबकि हलिउडमा यो ४ सय करोड रुपैयाँ प्रतिचलचित्र छ। भारतको कुल जनसंख्याको केवल ४ प्रतिशत मानिस मात्र नियमित थिएटर जान्छन्, जबकि हलिउड चलचित्रका दर्शक विश्वभर छन्।

# प्रेममा पर्दा के हुन्छ ?

महेश तिमल्सिना

प्रेम एउटा फरक र बेग्लै अनुभूति हो । एकदम पृथक् र सुन्दर अनुभूति भएकैले प्रेमले सबैको मनमा अमीट छाप छोडिरहेको हुन्छ । के सर्वसाधारण, के सेलिब्रेटी हरेकको मनमा प्रेमको मिठो अनुभूति टुसाएकै हुन्छ । युवा हुन् वा प्रौढ, गरिब हुन् वा धनी सबैको जीवनमा एकपटक प्रेम भएकै हुन्छ । अझ प्रेयसीहरूसँगका प्रेमिल अनुभूतिका त के कुरा ?

त्यसो भए प्रेमको अनुभूति कस्तो हुन्छ त ? भनिन्छ, प्रेम अन्धो हुन्छ । के साँच्चै भनिएजस्तै प्रेम अन्धो नै हुन्छ त ? प्रेममा पर्दा के-कस्ता भावना मनमा बुर्कुसी मार्छन् ? त्यो कुरा लामो प्रेम जीवन जिएकी अहिलेकी व्यस्त अभिनेत्री वर्षा राउतभन्दा अरू कसलाई थाहा होला ? 'प्रेमलाई जस्तो सोच्यो त्यस्तै हुन्छ । एउटा राम्रो व्यक्तिलाई प्रेम गरियो भने धेरै राम्रो हुन्छ,' वर्षा भन्छिन्, 'सम्भवतः जीवनको सबैभन्दा सुन्दर अनुभूति भनेकै प्रेम हो ।' प्रेममा पर्दा मुख्य कुरा त एक-अर्कामा केयरिङ तथा सपोर्ट हुने अनुभव उनले गरेकी छिन् । 'दिक्क लागेका बेला समय बिताउने बाटो हुन्छ,' आफ्नो प्रेमअनुभव बाँड्दै राउत भन्छिन्, 'प्रेममा रहेका बेला आफ्नो प्रेमीसँग कहिलेकहीँ नयाँ-नयाँ ठाउँ घुम्न जानु, एकान्तमा समय बिताउनुले पनि असीम आनन्द प्रदान गर्छ ।' वर्षा ठीकै भनिरहेकी छिन् । जोडीहरूका लागि एकान्त सबैभन्दा प्रीतिकर कुरा हो । पिरतीका कुरा गर्ने, प्रेमीसँग जिस्कने जस्ता कुराले वर्षाको जीवनलाई रंगीन बनाएको छ ।

प्रेम एउटै चरित्रको भए पनि यसलाई अनुभूति गर्ने र प्रेममा जिउने कला अनेक हुन सक्छ । त्यसैले त वर्षाको भन्दा अलि भिन्न प्रेमअनुभूति छ, अभिनेता सविन श्रेष्ठको । सविनको प्रेम अनुभव कस्तो छ ? उनी प्रेम जीवन कसरी जिइरहेका छन् ? श्रेष्ठ भन्छन्, 'प्रेममा जति आनन्द हुन्छ, त्यति नै तनाव पनि हुन्छ ।' प्रेमकै कारण कतिपय अवस्थामा मस्तिष्कले काम गर्न छाडेको अनुभव पनि सँगालेका छन् उनले। 'उनकै मात्र याद आउँदो रहेछ अनि दिनहुँ भेट भैरहे हुन्थ्यो, यो भ्यालेन्टाइन डे भन्ने दिन पनि महिनैपिच्छे आइदिए हुन्थ्यो भन्ने लाग्दो रहेछ,' श्रेष्ठ प्रेमले मनभरि उमारिरहेका रोचक अनुभूति बाँड्छन् ।

अभिनेत्री नीता ढुङ्गाना प्रेमका कुराले बेला-बेला चर्चामा आइरहन्छिन् । उनीसँग पनि प्रेमका रोचक अनुभव छन् । नीता भन्छिन्, 'जब कसैको प्रेममा डुबिन्छ, तब उसको सम्झना नआउने कुनै क्षण हुँदैन ।' कुनै बेला आफूले प्रेम गरेको मानिससँग केही समय टाढा हुनुपर्‍यो भने मनमा उदासी छाउने अनुभूति उनको छ । 'जसलाई धेरै माया गरिन्छ नि, ऊसँग टाढा बस्नुपर्‍यो भने उसको यादले तड्पाउँछ, अनि रुवाउँछ,' उनी भन्छिन् । यतिमात्र होइन, प्रेममा खुसी हुने बाटाहरू पनि धेरै छन् । आफूले प्रेम गरेको मानिस के कुरामा खुसी हुन्छ त्यो कुरा गरिरहन मन लाग्छ । त्यसैले नीता भन्छिन्, 'प्रेममा निराशा र खुसी एक-अर्काका परिपूरक हुन् ।'

युवापुस्तामा रुचाइएकी अभिनेत्री बेनिशा हमाल प्रेम र अफेयर्सका गसिपमा कमै आउँछिन् । बेनिशाको विचारमा कसैसँग प्रेममा पर्दा त्यसले मानिसलाई कस्तो अनुभूति दिलाउँदो होला त ? 'जिम्मेवार बनाउनुका साथै धेरै कुरा सिक्ने मौका पनि दिन्छ,' हमाल भन्छिन्, 'यदि आफूले प्रेम गरेको मान्छे राम्रो पर्‍यो भने त्यसले आफूलाई थप परिपक्व बनाउँछ ।' पछिल्लो समय धेरै युवायुवती प्रेमको छनक पाउनेबित्तिकै नयाँ-नयाँ ठाउँ घुम्ने, चलचित्र हेर्न जाने मानसिकता बनाउँछन्, यद्यपि हमाल भने त्यस्ता कुरालाई नकार्छिन् । बेनिशा भन्छिन्, 'कसैलाई प्रेम गरिसकेपछि सकारात्मक परिवर्तन आउनु महत्वपूर्ण कुरा हो, घुम्न, चलचित्र हेर्न जाने जस्ता कुरा त तपसिलका कुरा हुन् ।'

प्रेम जीवनमा ठाकठुक र झगडाको कुनै स्थान छ ? 'प्रेममा झगडा हुनु स्वभाविक हो, कहिलेकहीँ आफूले भनेको कुरा प्रेमीले नबुझ्दा र भनेको कुरा नमान्दा झगडा हुनसक्छ,' नीता भन्छिन्, 'त्यसैले त्यो झगडालाई फोनमार्फत भन्दा पनि भेटेरै समाधान गर्नु उपयुक्त हुन्छ ।'

प्रेममा रहँदाका अनुभूतिका बारेमा चर्चा गर्दा नेपाली चलचित्रसँग सम्बन्धित थुप्रै सेलिब्रेटीले त्यसको अनुभव लिन पाएका छन् । अहिले त मायाप्रीति गाँस्न भौगोलिक दूरी, शारीरिक निकटताजस्ता पक्षहरू पनि बाधक बन्न छाडिसके । नायिका ऋचा शर्मा पनि यसमा सहमत छिन् । सामाजिक सञ्जालले प्रेमलाई थप खुला र विस्तृत बनाएको उनको धारणा छ ।



आजभोलि धेरैजसोले आफ्नो प्रेम सम्बन्धलाई सामाजिक सन्जालबाटै सार्वजनिक गर्ने गरेका छन् । अभिनेत्री हमाल भने सामाजिक सन्जालमा माया-प्रीति सार्वजनिक गर्ने कुरालाई त्यति उचित मान्दिनन् । 'कसैसँग प्रेममा बस्नु, कसैलाई माया गर्नु भनेको आफ्नो निजी कुरा हो,' हमाल भन्छिन्, 'आफूले कसैलाई माया गरिएको छ भने त्यो कुरा सबैलाई जानकारी गराउनुपर्छ भन्ने जरुरी छैन । यद्यपि कसैले आफ्नो प्रेमलाई सार्वजनिक गर्छ भने त्यहाँ उसले अर्को पक्षलाई पक्कै पनि सम्मान गरेको होला ।'

हिजोआज सामाजिक सञ्जाल प्रयोग नगर्ने प्रेमिल जोडी फेला पार्न मुस्किल छ । फेसबुक, इन्स्टाग्राम, भाइबर आदि माध्यमबाट प्रेम साटासाट गर्नेहरूको पनि कमी छैन । प्रेममा पर्दा सबैको आ-आफ्नै भोगाइ एवं अनुभव हुन्छ । प्रेममा रहँदा अधिकांश प्रेमी-प्रेमिका अलिअति फुर्सद हुनेबित्तिकै विभिन्न सुन्दर तथा एकान्त स्थानहरूमा डेटिङ जान्छन् । आफ्नो प्रेमीसँग रमाउँदै दुःख-सुखका कुरा गर्न रुचाउँछन् । अझ युवायुवतीहरूको गन्तव्य महँगा रेस्टुराँ, पार्क र रमणीय इलाकाहरू हुने गरेको छ । कतिपय जोडी रेस्टुराँका कुनाहरूमा पनि मदमस्त आफ्नो प्रेम साटिरहेका हुन्छन् ।

प्रेममा एउटा त्यस्तो शक्ति हुन्छ जसले मानिसलाई हँसाउन पनि सक्छ र रुवाउन पनि । कुनै पनि मनिसले आफूले मन पराएको मानिससँग आफ्ना भावना साट्न पायो भने उसका लागि त्यो उत्कृष्ट क्षण बन्न सक्छ । गायक कृष्ण काफ्ले भन्छन्- जो जसको प्रेममा डुबेको छ ऊ त्यो मानिससँग नजिक हुन पाए हुन्थ्यो, उसको बोली सुन्न पाए हुन्थ्यो, उसकै कल्पना रमाइ रहन पाए हुन्थ्यो अनि उसकै मायामा डुबुल्की मार्न पाए हुन्थ्यो भन्ने सोच्छ । एउटा प्रेमिल जोडीमा यस्ता कल्पना आउनु स्वभाविक हो ।



तस्बिर : नवराज बाह्रे



## लोकदोहोरी प्रतिष्ठान परित्याग

कुलेन्द्र विक र विष्णु माझीको स्वर तथा वसन्त थापाको संगीत निर्देशनको लोकप्रिय गीत हो– सालको पात टपरी हुने । उक्त गीतलाई नेपाल आइडल रवि ओडले अस्ट्रेलियाको कन्सर्टमा शब्द बिगारेर गाए भन्दै चर्किएको विवाद अझै साम्य भएको छैन । गायक ओडले पूर्वतयारीबिना गाएकाले संगीतकार थापासँग माफी मागिसकेका छन् । यता संगीतकार थापाले फेसबुकमार्फत आफ्नो असन्तुष्टि जाहेर गर्दा गायक ओडका प्रशंसकले उनको उछित्तो काढेका छन् । विवादले उग्र रूप लिएपछि संगीतकार थापाले यो प्रकरणमा कुनै प्रतिक्रिया नजनाएको जनाउँदै लोकदोहोरी प्रतिष्ठानबाट अलग हुने घोषणा गरेका छन् । संगीतकार थापाले लेखेका छन्- ‘सर्जकको पनि गायकको जस्तै पेट हुन्छ, उसलाई पनि भोक लाग्छ, उसका पनि बालबच्चा, घर-परिवार हुन्छन्, आफ्नै खालका आर्थिक दायित्व हुन्छन् । सर्जक सिर्जना गर्ने मेसिन होइन । गायक-गायिकाहरू मेला, महोत्सव, देश-विदेश पुगेर बिनारोयल्टी लाखौंको मालिक हुन्छन् । थापाले भनेका छन्- स्वदेश फर्किएर दुइटा चकलेट दिएर सर्जक भुलाउने दिनको अन्त्य हुनुपर्छ ।



## चलचित्रमा विरही

विरही कार्की लोकदोहोरी गायक हुन् । उनले गाएका थुप्रै लोक तथा दोहोरी गीत लोकप्रिय छन् । श्रोताको रोजाइमा पर्ने लोकगीत गाएर चर्चामा आइरहने यी गायकले यतिबेला अर्को एउटा उपलब्धि हासिल गरेका छन् । विरहीलाई अब चलचित्रको संगीतकार तथा पार्श्व गायकका रूपमा समेत सुन्न पाइनेछ । फागुन १० गतेदेखि प्रदर्शनमा आउने चलचित्र रुमालै छ चिनोमार्फत उनी गायक तथा संगीतकारका रूपमा दर्शकमाझ आउन लागेका हुन् । चलचित्रको आमा नबस्नु पर्खेर गीत सार्वजनिक भएपछि विरहीको चर्चा चुलिएको हो ।

# कमब्याकको तयारीमा कर्मा ब्यान्ड

शिव शर्मा

कर्मा ब्यान्डका सुरेन्द्रमान सिंह हालै टेक्सासको एउटा कार्यक्रममा भेटिए । सात वर्ष भैसकेछ लोकप्रिय नेपाली पप ब्यान्ड कर्माका गायक सिंह अमेरिका बस्न थालेको, तर धेरैलाई त्यसको अत्तोपत्तो छैन । अमेरिकामै बसेर पनि उनी कन्सर्टका लागि विभिन्न देश पुगिरहेका छन् । कुनै बेलाका यी चर्चित गायक सुरुमा मिडियामा नआउने भन्दै पन्छिन खोजे । लामो प्रयासपछि उनी साप्ताहिकसँग कुराकानी गर्न राजी भए । एक से एक हिट गीत दिएर चर्चा कमाएका सिंह अहिले यतैका कन्सर्टहरूमा सहभागिता जनाउँछन् ।

### हुक्का मेरो डल्ले डल्ले नली नलाई खान्नँ

यति राम्री केटीलाई अघि नलाई जान्नँ ।

सन् २००२ को हुक्का एल्बममा समावेश यही गीतले कर्मा ब्यान्डलाई चिनायो । त्यसअघि सन् २००० मा सार्वजनिक भएको पहिलो एल्बम ‘सहर तिम्रो’ लाई भने स्रोताहरूले त्यति रुचाएनन् । ‘हुक्का एल्बममा समावेश मौनतामा गीतले फ्यान फलोअर्स बढाउन थप मद्दत पुर्‍यायो,’ कुराकानीका क्रममा सुरेन्द्रले भने- ‘त्यसपछि भने हाम्रा गीत दर्शकहरूले रुचाउन थाल्नुभयो ।’ टिपिकल नेपाली गीतलाई पश्चिमा संगीतसँग फ्युजन गरिएको ब्यान्डको झ्याम्म-



झ्याम्म गीतले कन्सर्टहरू तताउन थाल्यो । देश-विदेशका कन्सर्टहरूबाट अफर आउन थाले । कर्मा ब्यान्डले गति लिँदै गयो । कन्सर्टकै क्रममा सन् २०११ मा उनी अमेरिकाको न्युयोर्क आइपुगे । देश-विदेशमा कन्सर्टको राम्रो अफरका साथै नेपालमै राम्रो बिजनेस चलिरहेको थियो उनको, सिंह कन्सर्ट सकेर स्वदेश फर्कन चाहन्थे । उनकी प्रेमिका अमेरिकामै अध्ययन गर्दै थिइन । अन्तरजातीय विवाहका लागि उनीहरूका दुवै परिवार राजी थिएनन् । त्यही पारिवारिक अवरोधका कारण उनी कन्सर्टपछि नेपाल फर्किएनन् । प्रेमिकाका लागि भनेर यतै बसे । सिंहले अमेरिकी ग्रिनकार्ड लिए अनि आफनै ‘डाइहार्ट फ्यान’ प्रेमिकासँग विवाह गरेर यतै रमाउन थाले ।

टेक्सासको ड्यालसमा बस्दै आएका कर्मा ब्यान्डका यी गायक यही फागुनमा नेपाल फर्कँदैछन् गीत रेकर्डका लागि । एल्बम पनि आउँदैछ २०१९ भित्र । ‘नेपालमा सांगीतिक टुर पनि गर्दै ब्यान्डलाई कमब्याक गराउँदैछौं,’ उनी भन्दै थिए- ‘फेरी पनि पहिलेकै जस्तै दर्शकहरूले रुचाउने गीतसहित आउँदैछौं ।’

सुरेन्द्रमाथि अहिले कर्मा ब्यान्डलाई पुनः जागृत गराउने चुनौती थपिएको छ । २०१३ को नयाँ सपना एल्बमपछि कर्माको अर्को एल्बम निस्किएको छैन, तर यसबीच उनले अस्ट्रेलिया, क्यानाडा, युरोपदेखि कोरिया, सिंगापुर आदि देश पुगेर नेपाली दर्शकहरूलाई उफारिरहेका छन् ।

### अमेरिकामा के गर्छन् ?

काम नगरी जीविका चल्दैन । सुरेन्द्र पनि काम गर्छन् तर अरूको होइन । आफ्नै घरमा बसेर उनी संगीतसँगै सम्बन्धित काम गर्छन् । उनले फिल्म एडिटिङ तथा मेकिङसम्बन्धी अध्ययन अमेरिकामै पूरा गरेका छन् । नेपालमा हुँदा पनि उनी फाट्टफुट्ट यो काम गर्थे । उनलाई यसमा रुचि पनि थियो । त्यही रुचिलाई उनले अमेरिकामा पेसा बनाए । अहिले उनी अमेरिकी टिभी एडदेखि विज्ञापन, सर्ट मुभी, म्युजिक भिडियो आदिको काम गर्छन् ।

विदेशीहरूले सर्ट मुभी र केही एडका लागि दिएका प्रोपोजलहरू केलाउँदै कामको रुटिन मिलाउँदा उनलाई फुर्सद हुँदैन । सुरेन्द्रले केही नेपाली म्युजिक भिडियोको निर्देशनसमेत गरेका छन् । बाँकी समय उनी म्युजिक कन्सर्टहरूलाई दिन्छन् ।

### कसरी जन्मियो कर्मा

कीर्तिपुर, काठमाडौंका रैथाने नेवार सुरेन्द्रमानको बाल्यकाल भारतमा बित्यो । ४ कक्षा सकेपछि उनी भारतबाट नेपाल फर्किए अनि केही समय वीरगन्ज बसेर पढे । स्कुले जीवनमै उनको ब्यान्ड जन्मिसकेको थियो– न्यारो बेड्स । त्यतिबेला उनी स्कुले कार्यक्रमहरू रन्काउँथे । काठमाडौंमा कलेज पढ्दा पनि उनी गीत गाउन अघि सर्थे । त्यही क्रममा सन् १९९९ मा कर्मा ब्यान्ड जन्मियो ।

दर्शकको आँत छामेका सुरेन्द्रले पश्चिमा संगीतमा टिपिकल नेपाली संगीतलाई फ्युजन गराए । कर्मा ब्यान्डका हुक्का, मौनतामा, कहाँ होला घरबार, मार्‍यो, छैन मैले तिम्रो चित्त दुखाएको, सुपारी दाना, यानीमाया आदि दर्जनौं गीत लोकप्रिय गीत छन् । सुरेन्द्रले अहिलेसम्म पाँचवटा एल्बम निकालिसकेका छन् । ब्यान्डमा उनीसँगै गितारमा वासुदेव श्रेष्ठ र हरि महर्जन, ड्रममा अनिल शाक्य, परक्युसनमा प्रशान्त महर्जन तथा गितारमा विजय श्रेष्ठ छन् । पश्चिमा संगीतमा नेपाली लोकशैलीलाई फ्युजन गराउने कर्माका गीत दर्शकले अहिले पनि उत्तिकै सुन्ने गरेका छन् । ‘हाम्रा गीतलाई टिनएजदेखि पाका उमेरका सम्मले रुचाउनुभएको छ,’ कुराकानीको बिट मार्दै सिंहले भने- ‘त्यही मायाको सम्बन्धलाई निरन्तरता दिँदै फेरि नयाँ एल्बम लिएर आउँदैछौं ।’

# एकपटकको चार्जमा ८ सय किलोमिटर



वैज्ञानिकहरूले एकपटक फुल चार्ज गर्दा ८ सय किलोमिटर दूरी तय गर्ने ब्याट्रीको विकास गरेका छन्। अमेरिकाको इलिनोइस युनिभर्सिटीका अनुसन्धानकर्ताहरूले विकास गरेको लिथियम एयर ब्याट्रीले हाल प्रचलित लिथियम आयोन ब्याट्रीको तुलनामा १० गुणा बढी ऊर्जा संग्रह गर्न सक्छ र यो हलुका पनि छ। यदि यसको व्यवहारिक प्रयोग सम्भव भए भविष्यमा विद्युतीय गाडीको प्रयोगमा नयाँ आयाम थपिने विश्वास गरिएको छ।



# पानीमुनि डाटा केन्द्र

माइक्रोसफ्टले स्कटल्यान्डको ओर्कनेय द्वीपमा पानीमुनि ४० फिट गहिराइमा एउटा डाटा केन्द्र स्थापना गरेको छ। उक्त डाटा केन्द्रमा कम्प्युटरका १२ र्‍याक तथा ८ सय ६४ सर्भर छन्। माइक्रोसफ्टका अनुसार यसरी पानीमुनि डाटा केन्द्र राख्दा संसारभर तीव्र गतिमा डाटा पठाउन सकिनुका साथै इन्टरनेटको गतिसमेत तीव्र हुन्छ। यसबाट तीव्र गतिमा वेब सर्फिङ गर्न, अनलाइन तथा भिडियो गेम खेल्न सकिनेछ। त्यसैगरी एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सबाट सञ्चालित प्रविधिलाई अनुभव गर्न र वास्तविक बनाउन सकिनेछ। यसरी पानीमा डाटा केन्द्र राख्दा कम्पनीको खर्च घट्नुका साथै ५ वर्षसम्म यसलाई मर्मत नै नगरी चलाउन सकिने दाबा गरिएको छ।

# फेसबुकले ल्याउँदै छ एलओएल




स्न्यापच्याट, इन्स्टाग्राम तथा टिकटक जस्ता सोसल मिडिया प्लेटफर्मले फेसबुकलाई टक्कर दिइरहेका छन्। युवाहरूलाई आकर्षित गर्न फेसबुकले एलओएल अर्थात लाफिङ आउट लाउडका लागि कार्य गरिरहेको छ। यसमा मिम, जीआइएफ र रमाइलोले भरिएको छोटो भिडियो सेयर गर्न सकिनेछ। यसबाट फेसबुकले युजरहरूलाई रमाइलो तरिकाले हँसाउन सहयोग गर्नेछ। फेसबुकले यसका लागि गोप्य रूपमा तयारी गरिरहेको बताइएको छ। हाल यसको परीक्षण अमेरिकी हाइस्कुलका विद्यार्थीहरूबीच भैरहेको छ।

# फिल्मी फुच्चे




चलचित्रप्रेमीहरूका लागि नेपाली, हिन्दी, साउथ इन्डियन तथा हलिउडका चलचित्रको जानकारी प्रदान गर्ने 'फिल्मी फुच्चे' एप सार्वजनिक भएको छ। यो एपमा मनोरञ्जनका ताजा खबर, प्रदर्शनमा आएका र आउने चलचित्रका जानकारी, चलचित्र समीक्षा, बक्स अफिस कलेक्सन, ट्रोललगायत अन्य थुप्रै फिचर समावेश गरिएको छ। चलचित्रको ट्रेलर तथा गीतको अपडेट पनि यो एपमा पाइनेछ। एनड्रोइड प्रयोगकर्ताले गुगल प्ले स्टोरबाट फिल्मी फुच्चे डाउनलोड गर्न सक्नेछन् भने केही समयपछि आइफोन प्रयोगकर्ताहरूका लागिसमेत यो एप उपलब्ध हुनेछ।



# १० सेकेन्डमै दाँत सफा गर्ने टुथब्रस

अमेरिकाको लसभेगासमा सम्पन्न कन्जुमर इलेक्ट्रोनिक्स शोमा प्रदर्शन गरिएको स्मार्ट टुथ ब्रसले निकै चर्चा पाएको छ। फ्रेन्च कम्पनी फास्टिशले वाई आकारको यस्तो टुथब्रस डिजाइन गरेको छ, जसले १० सेकेन्डमै दाँतलाई पूरै सफा गर्छ। यो स्मार्ट टुथब्रसलाई ५ सेकेन्ड तल्लो भागमा र ५ सेकेन्ड माथिल्लो भागमा फिट गरेर सहज तरिकाले दाँत सफा गर्न सकिन्छ। यसले साधारण टुथब्रसको तुलनामा छिटो दाँत सफा गर्नुका साथै १५ प्रतिशतभन्दा बढी कीटाणु सफा गर्ने बताइएको छ। आगामी अप्रिलदेखि बिक्री प्रारम्भ गरिने यो टुथब्रसको अन्तर्राष्ट्रिय बजार मूल्य १ सय २५ डलर छ। सफ्ट प्लास्टिकबाट बनेको यो टुथब्रसलाई चार्ज गरेर चलाउन सकिन्छ।

# स्मार्टफोनको बिक्रीमा गिरावट

वर्ष २०१८ मा स्मार्टफोनको बिक्रीमा कमी आएको छ। स्ट्राटेजी एनालिटिक्स तथा काउन्टर प्वाइन्ट रिसर्चको अध्ययनले उक्त तथ्य सार्वजनिक गरेको हो। सन् २०१८ मा १ अर्ब ४३ करोड स्मार्टफोन बिक्री भए, जुन वर्ष २०१७ को तुलनामा ५ प्रतिशत कम हो। २०१७ मा १ अर्ब ५१ करोड स्मार्टफोन बिक्री भएका थिए। २०१७ को तुलनामा २०१८ मा सामसुङ र एप्पलको स्मार्टफोन बिक्रीमा कमी आएको छ। सामसुङले गत वर्ष ३१ करोड ७५ लाख स्मार्टफोन बिक्री गरेको थियो भने २०१८ मा २९ करोड १३ लाख फोन मात्र बिक्री गर्न सक्यो। त्यसैगरी एप्पलले गत वर्ष २१ करोड ५८ लाख स्मार्टफोन बिक्री गरेकोमा २०१८ मा २० करोड ६३ लाख स्मार्टफोन बिक्री गर्‍यो। शाओमी र हुवावे जस्ता कम्पनीको स्मार्टफोनको बिक्री भने बढेको छ। शाओमीले २०१७ मा ९ करोड १० लाख स्मार्टफोन बिक्री गरेकोमा २०१८ मा ११ करोड ९० लाख स्मार्टफोन बिक्री गर्‍यो। हुवावेले पनि अघिल्लो वर्षको तुलनामा २०१८ मा ३५ प्रतिशत बढी अर्थात २० करोड ५८ लाख स्मार्टफोन बिक्री गर्‍यो। यो वर्ष भने फाइभजी तथा फोल्डेबल स्मार्टफोन आएपछि यो क्षेत्रमा नयाँ प्रतिस्पर्धा चल्ने सम्भावना व्यक्त गरिँदैछ।

नयाँ प्रविधि

# क्यामेरा सहितको पहिलो स्मार्ट ओभन





हिवर्लपुल कम्पनीले अगमेन्टेड रियालिटी प्रविधियुक्त कनेक्टेड हब वाल ओभन सार्वजनिक गरेको छ। यसको फ्रन्ट डोरमा २७ इन्चको पारदर्शी एलसीडी डिस्प्ले छ, जसको सहयोगले आफूलाई आवश्यक सामग्री छनौट गर्न सकिन्छ। यसको भित्री भागमा क्यामेरा हुनेछ, जसले भोजन पाकेपछि बाहिर ननिकाली डिस्प्लेमै पाकेको खानेकुरा हेर्न सघाउँछ।

# नाइकीले ल्यायो स्मार्ट जुत्ता



स्पोर्ट्स कम्पनी नाइकीले स्मार्टफोनबाट नियन्त्रण गर्न सकिने जुत्ता बजारमा ल्याएको छ। उक्त जुत्तालाई खोल्न वा टाइट गर्न झुकिरहनु पर्दैन। नाइकी एडेप्ट नामक उक्त जुत्ताको अन्तर्राष्ट्रिय बजार मूल्य ३ सय ५० डलर छ। यो जुत्ता खुट्टामा राखेपछि आफैं एड्जस्ट हुन्छ। यसलाई अटोमेटिक फिडमा राख्नु पर्छ। यो जुत्ता हाल बास्केटबल खेलाडीहरूलाई ध्यानमा राखेर तयार गरिएको छ। आगामी दिनमा अरू सबैले पनि यसको प्रयोग गर्न सक्ने बताइएको छ।

# नछोईं मोबाइल चलाउन सकिने



गुगलले नछोइकन मोबाइल, टीभी आदि उपकरण चलाउन सकिने प्रविधिको विकास गरिरहेको बताएको छ। गुगलले यसलाई 'प्रोजेक्ट सोली' नाम दिएको छ। यसमा राडार आधारित सेन्सर प्रणाली अपनाइन्छ। जब सम्बन्धित व्यक्ति ती उपकरणको रेन्जमा हुन्छन्, तब इसाराकै आधारमा ती उपकरण चलाउन सकिन्छ। चुट्की बजाएर, औंला चलाएर वा यस्तै इसाराका आधारमा ती उपकरण चलाउन सकिनेछ। यद्यपि सबैले ती उपकरण चलाउन सक्ने छैनन्। यसका लागि निश्चित कोडको विकास गरिएको हुन्छ र जसले उक्त कोडका बारेमा जानकारी राख्छ, उसले मात्र चलाउन सक्छ। यो प्रविधि विशेष गरी शरीरका अंग चलाउन नसक्ने अपांगहरूका लागि उपयोगी हुने अनुमान गरिएको छ।



# भ्यालेनटाइन डेको पूर्वसन्ध्यामा फेसन शो

प्रेम दिवस अर्थात् भ्यालेन्टाइन डेको पूर्वसन्ध्यामा मंगलबार साँझ सुनसरीको इटहरीमा रेड कार्पेट फेसन सम्पन्न भएको छ। इटहरीस्थित इम्पेरियल लाउन्जमा आयोजित फेशन शोमा २० मोडल र्‍याम्पमा उत्रिएका थिए। कार्यक्रममा नायिका केकी अधिकारी र बेनिशा हमाल मुख्य आकर्षणको रूपमा रहेका थिए। फेसन शोमा कल्चरल, क्याजुवल, रेट्रो र भ्यालेनटाइन गरी ४ भिन्न सिक्वेन्जमा मोडलहरूलाई उतारिएको थियो। कार्यक्रममा डिजे वाईजिन, (रेजिना याख्खा), सुजान्त रेग्मी, सृष्टि श्रेष्ठ र पल लिम्बुले गीत प्रस्तुत गरे भने क्लासिक कर्भ र द आउटलेटले ड्रेस डिजाइन गरेको थियो। कार्यक्रमको म्यानेजमेन्ट इनोभेटिभ एड एजेन्सीले गरेको कार्यक्रमको संयोजक सन्दिप राइले बताए।


नरेन्द्र बस्नेत

# ट्यालेन्ट स्टार नेपाल



परिवर्तन इभेन्ट हाउसले काठमाडौंमा आयोजना गरेको ट्यालेन्ट स्टार नेपाल-२०१९ मा विभिन्न तीन उमेर समूहका बालबालिकाबीच रमाइलो प्रतिस्पर्धा सम्पन्न भएको छ। उक्त प्रतियोगितामा जुनियर ट्यालेन्ट स्टार नेपाल अन्तर्गत सृष्टि लिम्बू र अभिषेक घिमिरे विजेता भए भने जेनिशा अधिकारी, सुप्रिया तामाङ, सजनी बस्नेत, रीतिका गहतराज, इशिका चौधरी तथा सेरिना श्रेष्ठले फस्टदेखि सिक्स्थ रनर्स अपसम्मको उपाधि हात पारे। प्रि-टिन ट्यालेन्ट स्टार नेपालतर्फ कुन्जना महर्जन र रेस लिम्बू उपाधि विजेता रहे। यो विधामा सुप्रिमा दर्नाल र रिसियन रिजालले फस्ट रनर्सअप तथा पिंकी तामाङ र निश्चल तामाङले सेकेन्ड रनर्सअपमा चित्त बुझाए। प्रतियोगितामा दिव्या कार्कीले मिस ट्यालेन्ट स्टार नेपाल तथा दिपेश सापकोटाले मिस्टर ट्यालेन्ट स्टार नेपालको उपाधि हात पारेका थिए।

# ५ नम्बर प्रदेशस्तरीय डान्स प्रतियोगिता



रुद्रदेवी कला केन्द्र, सिद्धार्थनगरको आयोजनामा पाँच महिनादेखि जारी ५ नम्बर प्रदेशस्तरीय 'मिलानो डान्सिङ सुपर स्टार- २०७५' सम्पन्न भएको छ। असोज २० गते दाङको घोराहीबाट सुरु भएको यो प्रतियोगिता माघको अन्तिम साता भैरहवामा पुगेर टुंगिएको हो।

मिलानो डान्सिङ सुपर स्टारको उपाधि जुनियरतर्फ भैरहवास्थित बिजिएन विद्यालयमा अध्ययनरत अविरल बस्नेतले हात पारे भने सिनियरतर्फ बुटवलको देवीनगर निवासी साजन गुरुङले बाजी मारे।

जुनियरतर्फ दिक्षा गुरुङ दोस्रो तथा सानिमा भट्टराई तेस्रो भए। सिनियरतर्फ कुन्दन शाक्य र विष्णु थापा दोस्रो तथा बिप्लासु मगर र अजय पराजुली तेस्रो घोषित भए।

माधव ढुंगाना



# सुजललाई लिटल च्याम्प

पोखरामा आयोजित नृत्य विधाको कास्की स्टार लिटल च्याम्पको उपाधि १२ वर्षीय सुजल गबुर्जाले जितेका छन्।

पोखरा प्रदर्शनी केन्द्र, नयाँबजारमा भएको फाइनलमा पुगेका ११ जना मध्ये अब्बल साबित हुँदै उनले उक्त उपाधि प्राप्त गरेका हुन्।

नेपाल तामाङ घेदुङ नालामुख एकाइ समिति कास्कीको आयोजनामा सञ्चालित प्रतियोगितामा क्रिस्टिना लामा फस्ट रनर्सअप तथा राहुल विक सेकेन्ड रनर्सअप घोषित भए।

# पथरीमा द भ्वाइस अफ नेपाल

द भ्वाइस अफ नेपालका कलाकारले मोरङको पथरीमा माघ २५ गते शुक्रबार लाइभ प्रस्तुति दिएका छन्। मेची-महाकाली म्युजिकल कन्सर्ट टुरअन्तर्गत मोरङको पथरीमा आयोजित लाइभ कन्सर्टमा द भ्वाइस अफ नेपालका विजेता सीडी विजय अधिकारीका साथ टप टेन कलाकार प्रस्तुत भएका थिए। पिस ल्याम्प इन्टरनेसनलले आयोजना गरेको उक्त कार्यक्रममा सुरेखा क्षेत्रीलाई दर्शकको आई लभ यूको वर्षा भएको थियो। कार्यक्रममा एकपछि अर्को गर्दै द भ्वाइस अफ नेपालका टप ८ कलाकारले प्रस्तुति दिँदा दर्शकहरू ननाचिरहन सकेनन्।

# लिटल भ्याली स्टार



पोखरामा आयोजित लिटिल भ्यालि स्टार पोखरा-२०१९ को उपाधि लासाङ तामाङले जितेकी छिन्। प्रतियोगिताको फस्ट रनर्सअप प्रिन्सा जिसी तथा सेकेन्ड रनर्सअप भूमि रानाभाट एवं प्रीति पुन घोषित भए। उक्त अवसरमा मन्सिका चौधरीले भ्युअर च्वाइस तथा सौगात रानाभाटले अर्गानाइजर च्वाइस एवार्ड थापे। रोयल आर्किनी हाउसले आयोजना गरेको यो प्रतियोगिताको फाइनलमा ७ वर्षदेखि १४ वर्ष सम्मका ११ जना बालबालिका प्रतिस्पर्धामा थिए।

# नेसनल किड्स अफ द इयर-२०१९



'नेसनल किड्स अफ द इयर-२०१९' को उपाधि सिनियर किडतर्फ क्रिस्टिना खड्काले प्राप्त गरेकी छिन् भने जुनियरतर्फको अवार्ड स्टेला शाहले हासिल गरेकी छिन्। उनीहरूले आगामी जुनमा सिंगापुरमा ८८ देशका बालबालिकाबीच हुने अन्तर्राष्ट्रिय प्रतियोगिता 'इन्टरनेसनल किड्स अफ दि इयर-२०१९' मा सहभागिता जनाउन पाउने बताइएको छ। इभेन्ट बेटर ग्यालेक्सीद्वारा काठमाडौंमा आयोजित उक्त प्रतियोगिताको फस्टर रनर्सअप सिनियर याङसु श्रेष्ठ तथा जुनियरतर्फ मिनाल केसी विजयी भए भने सेकेन्ड रनर्सअपमा सिनियरतर्फ निरञ्जना मानन्धर तथा जुनियरतर्फ रिब्या तन्डुकारले बाजी मारे।

# अविरल यात्रामा ज्ञानु राणा










द हिडेन ट्रेजरले काठमाडौंमा आयोजना गरेको अविरय यात्रा शीर्षकको सांगीतिक कार्यक्रममा आफ्नो प्रस्तुती दिँदै गायिका ज्ञानु राणा। कार्यक्रममा गायिका राणालाई आयोजक संस्थाले नगद एक लाख रुपैयाँ राशीसहित सम्मान समेत गरेको छ। कार्यक्रममा गायिका राणाले आफ्ना कर्णप्रिय गीतहरू प्रस्तुत गरिन् भने नयाँ पुस्ताका गायक-गायिकाहरूले उनको गीतहरू प्रस्तुत गरेका थिए।

पहिलो विश्व

# सेलिब्रेटीको नौलो आर्ट

आफूसँग कुनै क्षमता छ भने त्यसलाई देखाउन कुनै ठूलो अवसर नै कुर्नुपर्छ भन्ने छैन । टब हड्सन यस्तै किसिमको नौलो प्रतिभा प्रस्तुत गरेर सामाजिक सञ्जालमा रातारात सेलिब्रेटी भएका छन् । केन्टका २३ वर्षीय टबले रियालिटी शोका स्टारहरूको तस्बिरलाई कार्टुन रूपमा रंगाएर पोस्ट गरेपछि उनको नौलो किसिमको कलाको प्रशंसा हुन थालेको हो । आफूलाई डिजिटल आर्टिष्ट भन्न रुचाउने टबले अनेकौं सेलिब्रेटीका तस्बिरमा कार्टुनका चर्चित पात्रमा आकर्षक रंग संयोजन गरेर नौला चित्र पोस्ट गरेका थिए । इन्स्टाग्राममा ५२ हजार फलोअर्स रहेका टबका केही चित्र ।





## चिट्ठा परेपछि थप तनाव




चिट्ठा किनेपछि धेरैले 'हे भगवान, मलाई यो चिट्ठा जसरी भए पनि परोस् म हजुरलाई १ हजार १ लड्डु चढाउँछु' भनेर भाकल गर्छन् । चिट्ठा किन्दा मन जति तनावपूर्ण हुन्छ चिट्ठा परेपछि थप तनावग्रस्त हुन पुग्छन् । चिट्ठा परेपछि फोकटमा आएको पैसा त हो नि भनेर माग्न आउने साथीभाइ तथा आफन्त पनि टन्नै हुन्छन् । कसलाई दिने कसलाई नदिने ? कति दिने, दिएपछि फिर्ता गर्छ कि गर्दैन आदि-इत्यादि । यस्तै किसिमको समस्या सिर्जना हुने देखेर जमैकाका एक चिट्ठा विजेताले आफ्नो अनुहारमा चर्चित पात्रको मुखुण्डो लगाएर चिट्ठाको रकम बुझे । जमैकाको ठूलै धनराशिको उक्त चिट्ठा परेवापत उनले १४ करोड ५० लाख रुपैयाँ प्राप्त गरेका थिए । चिट्ठा परेको आफन्त तथा साथीभाइले थाहा पाएर माग्छन् भनेर उनले आफ्नो नाम पनि पूरा नदिएर मुखुण्डो लगाएर चिट्ठा परेको केही दिनमै रकम बुझेका थिए । चिट्ठा परे एउटा घर किनेर आफ्नो व्यापार बढाउने सोचमा आफू रहेका कारण पैसा बाँड्न नपरोस् भनेर यसो गरेको उनले बताए ।

## आफ्नो शरीर देखाऔं

सन्तान जन्माएपछि महिलाहरूको पेटमा आउने धर्साले धेरै युवा आमालाई नराम्रो अनुभूति दिन्छ । प्राकृतिक रूपमा देखा पर्ने यो परिवर्तनका कारण कतिपय महिला निराशसमेत हुन्छन् । यस्तै किसिमको समस्याका कारण डिप्रेसनमा पुगेकी न्युजिल्यान्डकी एक फिटनेस ट्रेनरले आफ्नो झोल्लिएको पेट देखाउने अभियान थालेकी छिन् । २९ वर्षीया सिना प्रिसीले जुम्ल्याहा सन्तान जन्माएपछि उनको पेटमा धर्सा देखिनुका साथै पेटको छाला समेत झोल्लिएको थियो । आफ्नो सौन्दर्य बिग्रियो भनेर डिप्रेसनमा समेत पुगेकी सिनाले अहिले आफ्नो झोल्लिएको पेटको तस्बिर खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्दै यसलाई नराम्रो भन्नुभन्दा यो प्राकृतिक कुरा हो र यसलाई स्वभाविक रूपमा लिनुपर्छ भन्ने अभियान चलाइरहेकी छिन् ।

साहित्य

# प्रेमको संग्रह : चिठ्ठी जमाना

सुरज काफ्ले




एउटा टिकट भेटियो, तर छाप हानेको, छाप हानेको हुलाक टिकट फेरि काम लाग्दैन । २५ पैसादेखि माथि कसैले दिनेबित्तिकै चकलेट किन्ने, खाने बानीले नयाँ टिकट किन्न आफूसँग पैसा पुग्दैन । म ठूलो हुन्जेलसम्म चकलेट-बिस्कुटले धेरै नै मोहनी लगाएका थिए । फेरि बाटोमा ५० पैसा, १ रुपैयाँ भेटियो भने टिप्ने हिम्मत कसैको हुँदैनथ्यो । किनभने त्यो, पैसा भेटिने बाटो लास हिंडाउने बाटो हो । 'टिलो' रहेछ भने मृतात्मा आफूसँगै सुत्न आउँछ रे भन्ने डर खै कसले लगाइदिएको थियो, बस हामीलाई यत्ति नै पर्याप्त थियो । आफूलाई जसरी पनि 'पत्रमित्रता' स्तम्भमा भएकी एक युवतीलाई पत्र पठाउनु थियो ।

एउटा मसिनो कहानी मलाई अझै प्रस्ट याद छ त्यो दिन, हाम्रो काकाको घरमा तास खेल्न जम्मा भएका थापा दाइले पैसा दिएर मलाई चुरोट किन्न पठाउनुभयो । जाँदा त वास्ता थिएन, चुरोट किनेर २ रुपैयाँ फिर्ता आएपछि मैले फिर्ता पैसा साट्ने विचार गरें, 'टिलो' सँग ।

सायद २५ पैसाको जमाना थियो । त्यसभन्दा सानोको केही आउँदैनथ्यो, तर ५ पैसा, १० पैसा बजारमा प्रशस्त पाइन्थ्यो । २५ पैसाका चारवटा सिक्का खल्तीमा राखेर, मैले पहिलेदेखि नै नियालेको बाटोको पैसा लिन नै भए पनि दोकानदेखि घुमाउरो बाटो हुँदै गएँ ।

१ रुपैयाँको अभावले निम्त्याएको मास्टर प्लान नै भन्नुपर्छ त्यो बेलाको, बाँसको तामाबाट एउटा 'पटेस' तानेर पैसासँग खेल्दै उफार्दै जाने सोचें अनि २ रुपैयाँ उफार्दै गएँ । आफ्ना गाउँका दाइको पैसा भए म त्यसो गर्ने थिइनँ, किनभने मलाई मृतात्मासँग सुत्ने कहानीदेखि भयंकर डर थियो । खोलापारि थापा गाउँबाट आएका दाइको पैसा अनि आफ्नो गाउँमा आत्मा नआउने हुनाले पनि त्यस्तो मास्टर प्लान बन्न पुगेछ क्यारे !

हातले नछोई पटेसमा उफार्दै, तास खेल्नेहरूको बीचमा बाटोबाट उठाएर ल्याएको फिर्ता पैसा फालिदिएँ र चुरोट हातमा दिएँ । तास खेलेको ठाउँबाट बाटाको पैसा उठाएर गोजीमा हाल्दै, 'चकलेट खा'को भए नि हुन्थ्यो नि' भन्दै फिर्ता दिने हुन कि भन्ने डर लाग्यो, तर गोजीमा छिरी नै सकेपछि चाहिँ ढुक्क भयो, अब डर गयो थापा गाउँ तिरै ।

पहिलो चिठी तयार भैसकेको थियो, ए ! मतलब, मेरो पत्र-मित्रताको पत्र । लेखेकै दिन पठाउन पाए त कति आनन्द हुन्थ्यो होला । टिकटको व्यवस्था गर्नु ठूलै समस्या थियो । ठूलोबुबाको छोरा गा.वि.स. हुलाकमा काम गर्नुहुन्थ्यो । था' पाउनुभयो भने जिस्क्याएर हैरान । दाजु जिल्ला गएको मौकामा मैले मित्रताको हात अघि बढाएँ, अर्थात् चिठ्ठी पठाएँ ।

पत्रमित्रताको जवाफमा हात फिँजाएकै थिए । नमस्कार अनि धन्यवाद, अर्को पत्रको आश यस्तै । अब मेरो खाजा खर्च कटौति भयो, चकलेट-बिस्कुटमा कटौती गरेर म पत्र लेख्न थालें । अहिले अचम्म लाग्छ, उबेला हुलाक टिकटले मेरो खाजा खोस्यो । मसँग ८/१० रुपैयाँको खाँचै हुँदैनथ्यो । सायद, मित्रताको फाइदा थियो त्यो ।

एकपटक मित्रले लेख्नुभयो, 'यात्रा कति छन्, कता-कता छन्, के था ! हाम्रो देखादेख भयो कि ? नचिनेको त होइन नि ?' म सायद हुन सक्छ भन्ने सोच्दै पढ्दै थिएँ, अलि तल लेख्नुभएछ, 'पहिले तपाईंको तस्विर पठाउनुस् अनि मेरो पठाउँछु ।' तस्विर मागिएपछि मैले बजार गएर ९० डिग्रीमा उभिएर पछाडि पर्दामा सिन भएको तस्विर खिचाएँ ।

मित्रको तस्विर हेर्ने भावना किन आयो नसोची-नबुझी मैले, हाम्रो पत्रको मित्रतालाई प्रेममा बदल्ने पत्र पनि लेखें । अरू बेला ६ दिनमा उत्तर आउँथ्यो, यसपालि आएन । मलाई तनाव भएछ क्यारे, माफी पत्र पनि लेखिहालें, पहिलो पत्रको ६ दिनपछि ।

ए ! ढिलाको कारण त उहाँको बजारमा तस्विर धुलाउन नै १० दिन लाग्दो रहेछ । अहिले थाहा पाएँ, तस्विर बनाउन हामी जाने बजारको ल्याबमा ल्याउँदा रहेछन्, अनि त्यो ल्याबले जिल्लाको सदरमुकाममा धुलाउँदो रहेछ फोटो । माफी माग्दै प्रेम स्वीकार गरेको पत्र पाएँ ।

मेरो पहिलो प्रेमको स्वीकार्यता माफीको पत्रमा समावेश थियो । यसरी नै पढाइसँग मेरो जीवन पत्र जीवन भयो । कहिले घुर्क्याइको त कहिले मायाको पत्र आउँथ्यो । यसरी नै मेरो प्रेम चलि रहेथ्यो ।

अहिले यी शब्दहरू लेख्ने क्रममा मेरी ती पत्रमित्र चिया पकाएर मेरै छेउमा बसेकी छिन् । मेरो छोरो म्यासेन्जरमा खै के-के गर्दैछ । बास्तवमा ऊ कति मित्रता खोज्दै छ कि ? सायद हिजोआज, उबेलाजस्तो घुर्की आयो भने म्यासेज डिलेट गर्ने अनि ब्लक गर्ने जमानाले पहिलो प्रेमको चिनो हराउँदो हो ।

हामी त अझै पनि हाम्रो विवाह भएको दिन ती पुराना पत्र पढ्दै हाँस्दै बस्छौं । साँच्चै, हाम्रो प्रेमको संग्रह ज्यादै न्यानो र मीठो छ ।

कविता

## कसैको लायक छु

नवीन प्यासी



चुल्ठोमा बस्न चाहन्थें
बस्न त आँखामा चाहन्थें, ओठमा चाहन्थें

तर तिम्रो हत्केलामा बसें
कतै छातीमै पो राखिदिन्छौ कि भनेर
म फूल न थिएँ
भुइँमा फाल्यौ, खुट्टाले किचिमिची पार्यौ

तिम्रो एक कुल्चाइमा
जिन्दगीभरका लागि छरपस्ट भएँ

म त ऐना न थिएँ
तिमीले हेछ्र्यौ कि भनेर
तिम्रो अनुहारको भ्यालमा उभिएको थिएँ

के-के सम्झिएर झस्किंदा
स्वाट्ट बाँगिएको गाजल, लाली देखाइदिऊँ भनेर
तिमीलाई विश्वासै नलागेका
बैंसका ज्वारभाटा देखाइदिउँ भनेर
बैंसका आधी
ओठमा ठोक्किदाको महकता देखाइदिउँ भनेर

म त ऐना न थिएँ
तिम्रा आँसुहरू लुकाइदिन सकिनँ
तिमीले झर्ल्याम्म पछार्यौ

म त पात न थिएँ
कुन विश्वासमा हो
या तिमीले कस्तो कम्पन दियौ कुन्नि
तिमीसँगै बत्तिएँ
तिमी बहँदै गयौ, म पछ्याउँदै गएँ

तिमी गइरह्यौ...
जाँदाजाँदै म माकुराको जालोमा अड्किएँ
तिमी गइरह्यौ... गइरह्यौ... गइरह्यौ...

अचानक एकदिन
क्यामेरा आइपुग्यो मलाई छातीमा सजायो ।

अनुभूति

# मनभित्रको माया



जमुना न्यौपाने



माया देखिने कुरा होइन । यो त मनले महसुस गर्ने कुरा हो । आखिर माया सबैमा हुन्छ तर दर्साउने शैली सबैको फरक-फरक हुन्छ । मायालाई हेर्न सकिँदैन, रोक्न सकिँदैन, छेक्न सकिँदैन । हृदयमा आफसे आफ उत्पन्न हुने चिज जसलाई खोजेर भेटिँदैन । राम्रो लाग्यो भन्दैमा समात्न पनि मिल्दैन, माया । माया छातीमा कुँदिएको हुन्छ । शरीरको एक-एक धमनीमा रगतसरि बगिरहन्छ । पूरै मन मस्तिष्कमा, हातखुट्टा, टाउको अनि रसिला ती आँखामा सबैतिर मायाले ठाउ ओगटेर बसेको हुन्छ ।

माया अपवाद हो । माया बिल्कुल फरक केहीसँग नमिल्ने पूर्णविराम हो । प्रश्न चिन्ह हो, माया । अल्पविराम बनी वाक्य निरन्तरता दिने अर्थहीन शब्द पनि हो, माया ।

माया आगो हो, माया स्वार्थ हो, माया जलन हो । माया जबरजस्ती भोगाइ, सम्झाइ, बुझाइ पनि हो । अरूलाई हँसाउनु र रुवाउनु पनि माया नै हो । कसैलाई दुःखी नबनाई खुसी बटुल्नु त्यो मायाको उपलब्धि हो । माया सबैमा हुन्छ, तर पाउन मुस्किल पर्छ । बाटोमा हिंड्दैमा र बोल्दैमा माया बस्ने भए, हामी अहिलेसम्म अनगिन्तीसँग बोल्यौं होला । अनगिन्तीसँग साथ-साथै हिंड्यौं होला, तर किन जोसुकै सँग हिंड्दा पनि उसको यादले मात्र सताउँछ ? यद्यपि माया भनेको मनसँग मन मिल्ने अदृश्य स्वरुप रहेछ र माया यो पनि रहेछ कि यदि कसैले आफूलाई बारम्बार पीडा दिइराख्दा पनि आफूले भने बारम्बार माया दिई राख्न सकिन्छ भने यो नै साँचो माया रहेछ ।

भनिन्छ, मान्छेको शरीर ठूलो छ । त्योभन्दा नि ठूलो मान्छेको मन र अझ ठूलो मान्छेको माया हुन्छ रे । सबसे ठूलो त प्रेमी-प्रेमिकाको प्यार हो रे वा भनौं मनले मन खोज्ने माया रे । मान्छेको माया र मान्छेभित्रको मनको मायामा कति फरक हुन्छ । मान्छेले गर्ने माया मान्छेसँग हो जुन स्वार्थी माया हुन्छ । रुप धन र योग्यता यी सबलाई समावेश गरेर माया गर्न थाल्छ मान्छेले तर मनले गर्ने माया बिल्कुल फरक हुन्छ । जुन भावुक र प्रेमिल हुन्छ । मनले मनलाई नियाल्छ । मनले आफूजस्तो मन खोजेर मात्र माया गर्न थाल्छ, जसमा केही कुरा समावेश हुँदैनन्, न त उसको साथीभाइ, न उसको बुवाआमा, न त आफ्ना आफन्ती । मात्र एक-अर्कामा जोडिएको मनलाई खोजिरहन्छ मनले ।

मनको माया अटल हुन्छ । शिथिल हुन्छ । मनसँग मन मिल्ना साथै अडिएर बस्न सक्दैन । एक-अर्काको परेलीमा, घरिघरि आँखाको नानीमा, आँखाको नजरमा, कसैले नदेख्ने त्यो सुनसान मध्यरातमा छताछुल्ल हुन्छ ।

मान्छे रुँदा मान्छेसँगै बसेर रुन्छ । खुसी हुँदा मान्छेसँगै बसेर भलाकुसारी गरेर खुसी व्यतीत गर्छ । तर मन रुँदा एकान्त खोज्छ, एकान्तमा बसेर उही दुखाएको मनलाई नै सम्झेर रुन्छ । हाँस्दा पनि उसैसँग नै हाँसिरहेको हुन्छ । मान्छेको खुसी सबैसँग बाँडिन पुग्छ । त्यो खुसी बाँड्दा एक ठाउँदेखि अर्को ठाउँ र एउटा मान्छेदेखि अर्को मान्छेसम्म पुग्छ, तर मन खुसी र दुखी जे हुँदा पनि उही खोजिरहेको मनमा नै ठोक्किन पुग्छ । मनको मायामा यथार्थता हुन्छ । स्वच्छ गङ्गाजस्तै निश्चल हुन्छ । मान्छेले गर्ने मायामा स्वार्थ नै स्वार्थपनले भरियाको हुन्छ । न त उसले आमा-बाबु भन्छ न त दिदीबहिनी न त भाउजू-बुहारी तर मनले जसलाई माया गर्छ उसले मन मिल्ने मान्छे बाहेक अरु लाई हेर्नु र भेट्नुको कुरा पनि टाढै जाओस् सोच्न पनि सक्दैन ।

भगवान्लाई समेत साक्षी राखेर मान्छेले माया पाउनका लागि अनेक झूट बोलिरहेका हुन्छन् । झूट बोलेर पाउँछ भने मेरो सम्बन्धले नयाँ रूप के भयो त आखिर मायामा पालुवा पलाउँदा राम्रो त हुने हो यस्तो भन्छन् मान्छेहरू मायाले । मनको माया भगवानको मनसँगै जोडिएको हुन्छ जसले गल्ति गरेर पाउने माया छ भने त्यसको त्याग नै हुन्छ बरु क्रोधले मन भाचिएर भताभुङ्ग नै भएर जान्छ ।

हामी भन्छौं नि- फलानोको गल्ती भयो, यसले गरेर आज मलाई नराम्रो हुन पर्‍यो । गल्ती गर्ने आखिर मान्छेले नै हो, तर मनले भने कहिल्यै गल्ती गर्दैन । किनभने मनले गल्तीलाई नि सही नै सोचिरहेको हुन्छ । नराम्रोलाई नि राम्रो नै मानेर हेरिरहेको हुन्छ । त्यही होला, चोखो प्रेम ।

# अमित दुगडका भ्यालेन्टाइन चुटकिला

पुरुष : प्रिय, के म पहिलो पुरुष हुँ जसले तिमीसँग प्रेम गरें ?
स्त्री : हो, तिमी नै पहिलो पुरुष हौ जसले मसँग प्रेम गरिरहेका छौ । यसभन्दा पहिले त म नै पुरुषसँग प्रेम गर्थें ।

---

प्रेमी : प्रिया, यदि म तिम्रो मायामा हराएँ भने के गर्छौ ?
प्रेमिका : प्रिय पहिले त म खोज्छु, खोज्दा पनि भेटिन भने चाहिँ रेडियो, पत्रिका, टेलिभिजनमा विज्ञापन दिन्छु तैपनि भेटिनँ भने म अर्कै पुरुषसँग विवाह गर्छु ।

---

प्रेमी : तिमी मेरी सपनाकी रानी हौ ।
प्रेमिका (रिसाएर) : म सपनामा विश्वास गर्दिनँ, सपना सधैं झूटो हुन्छ ।

---

प्रेमी : हैन, तिमीले यो जिन्स पाइन्ट लगाएको देखेर घरमा आमाले गाली गर्नुहुन्न ?
प्रेमिका : किन नगर्नु नि ? धेरै गाली गर्नुहुन्छ । कहिलेकाहीं त घरमै नबसूँजस्तो लाग्छ ।
प्रेमी : अनि त्यति धेरै गाली किन गर्नुभएको नि ?
प्रेमिका : यो जिन्स पाइन्ट नै आमाको हो नि त ।

---

प्रेमी (होटलमा सँगै खाइरहेकी प्रेमिकासँग) : प्रिय, म तिमीलाई अन्तिमपल्ट सोध्छु- मसित विवाह गर्ने कि नगर्ने ?
प्रेमिका : अहँ गर्दिनँ ।
प्रेमी (रिसले) : वेटर, हामी दुई जनाको अलग-अलग बिल ल्याऊ ।

---

प्रेमिकाले आफ्ना उत्ताउलो प्रेमीसँग भनिन् : मैले तय गरिसकें, जबसम्म तिमी कुनै साहसिक कार्य गर्दैनौ तबसम्म म तिमीसँग विवाह गर्दिनँ ।
प्रेमीले प्रेमिकालाई सरसर्ती हेरेपछि जवाफ दिए : प्रिय, तिमीसँग विवाह गर्नु के कुनै साहसभन्दा कम हो ?

---

प्रेमीको काका : मेरो भतिजाको हृदय निकै विशाल छ ।
प्रेमिका : हो, मलाई थाहा छ, मैले उसको प्रेमको तीनवटा कथा पनि सुनिसकें ।

---

प्रेमी : तिमीसँग भेटेदेखि बहुतै कम खान थालेको छु । रक्सी खान छाडें, धुम्रपान गर्दिनँ ।
प्रेमिका : हामीबीचको प्रेमले सबै कुरा बिर्साइदियो ?
प्रेमी : प्रेमले होइन, मायालु । पैसाको अभावले ।

---

एउटी युवतीको चाहना : जसले सधैँ प्रेम गरोस् ।
अर्की युवतीको चाहना : जसले सधैं राम्रो खाना पकाउन सकोस् ।
अर्की युवती : जसले पैसा कमाओस् ।
त्यसमा थप यस्तो भाग्य कि तीनै जनाले एक-अर्कालाई भेट्न नसकून् ।

---

एउटा प्रेमी आफ्नी प्रेमिकाको घरमा गएछ । प्रेमिका चिया पकाउन गएको मौका छोपेर प्रेमिकाको मोबाइल हेरेछ र सोचेछ, होइन, यसले मेरो नाम के भनेर सेभ गरेकी रै'छ ? हेर्नुपर्‍यो । अनि प्रेमिकाको मोबाइलमा डायल गरेछ । त्यहाँ आएछ- मूर्ख नम्बर- ५ कलिङ ।

---

प्रेमी-प्रेमिकाको जोडी पार्कमा बसेर स्याउ खाँदै थिए..
प्रेमी कतै पनि नहेरी प्रेमिकाको आँखामा हेरिरहेको' थियो..
प्रेमिका : (लजाउँदै) के हेरेको त्यस्तो नशालु नजरले ?
प्रेमी : मोटी अलि-अलि गरेर खा.. डेढ सय रुपैयाँ किलो छ स्याउ..

---

एउटा बाबुले आफ्नो छोरालाई चरा र बारुलाका बारेमा सोधेछ ।
बाबु : छोरा, तिमीलाई चरा र बारुलाका बारेमा केही थाहा छ ?
छोरा : अहँ, जान्नुपर्‍या छैन मलाई ।
बाबु (अचम्म मान्दै) : किन ?
छोरा : तिनीहरू दुवै एक-अर्कालाई प्रेम गर्न सक्दैनन्, त्यसैले ।

---

केटीले भनिछ : म तिमीभन्दा एक वर्ष जेठी छु ।
केटाले भनेछ : केहि फरक पर्दैन, म तिमीसँग एक वर्षपछि मात्र विवाह गर्छु ।

---

एउटी प्रेमिका आफ्नो प्रेमीसँग भन्दै थिइन् : हजुर, हाम्रो छोराको नाम के राख्ने ?
प्रेमीले रिसाउँदै भनेछ : हवाईजहाज ।
प्रेमिका : छिःछिः ! त्यस्तो नाम किन राख्ने ?
प्रेमी : ९ महिना लामो बाटो छोराले ७ महिनामै पार गरेपछि के राख्ने त ?

---

एक जोडीले आत्महत्या गर्ने निर्णय गरेछ र अग्लो घरबाट पहिले प्रेमीले हाम फालेछ । त्यत्तिकैमा प्रेमिकाले आँखा बन्द गरिछ र भनिछ : माया त अन्धो हुन्छ र उ फर्केर गइछ । त्यो देखेर प्रेमीले पनि यसो भन्दै आफ्नो प्यारासुट खोलेछ : माया त कहिल्यै मर्दैन !

---

एक प्रेमीले आफ्नी प्रेमिकालाई फूल गिफ्ट दिए । खुसीले उनकी प्रेमिकाले प्रेमीको किस खाइन् । यत्तिकैमा प्रेमी तुरुन्तै बाहिर जान खोजे । प्रेमिकाले एक्कासि सोधिन् : किन, के भयो ? रिसाउनुभएको त होइन ?
प्रेमी : होइन ।
प्रेमिका : अनि किन बाहिर जान लाग्नुभएको ?
प्रेमी : अझै अलि धेरै फूल ल्याइदिन ।

---

एक युवकले आफू अहिलेसम्म कुमार बस्नुपरेको दुःखदायी घटना यसरी सुनायो : म कन्या क्याम्पसको लाइब्रेरी शाखामा काम गर्थें । त्यो क्याम्पसमा काम गर्दा सबैलाई नमस्ते बहिनी, के लिन आउनुभयो ? के सेवा गरौं भन्नुपर्थ्यो ।
काम गर्दागर्दै ममा जोसुकैलाई नमस्ते बहिनी भन्ने बानी बस्यो । विवाहका लागि केटी हेर्न नगएको पनि होइन, तर त्यहाँ पनि नमस्ते बहिनी, के सेवा गरौं भन्न आयो । मैले बहिनी भनेपछि ती युवतीले विवाह गर्न अस्वीकार गरिन् ।
धेरै पछि एक युवतीले मलाई प्रेमपत्र लेखिन् । पत्रको जवाफमा पनि मैले आफ्नो बानी छाड्न नसकी बहिनी नमस्कार, तिम्रो पत्र पाएर यो दाजु हर्षित छ लेख्न पुगेछु । त्यसपछि उनले पनि अर्कैसँग विवाह गरिन् ।

---

प्रेमिका : ऊ त्यहाँ हेर त, त्यो केटाले त्यो केटीलाई कत्ति माया गरिरहेको छ, तिमी चाहिँ किन नगरेको ?
प्रेमि : म त्यो केटीलाई चिन्दा त चिन्दिनँ, कसरी माया गर्नु ?

---

नयन : के तिमी रमनको नयाँ व्यवहार जान्दछौ ?
चमन : अँ !
नयन : भन त के हो ?
चमन : गत साता मात्र रमन एउटी नर्सको प्रेममा पागल भयो । निकै सोचविचार गरेर उसले नर्सलाई प्रेमपत्र लेख्यो । थाहा छ, त्यसमा के लेखिएको थियो, 'आई लभ यु सिस्टर' ।

---

नरेश : म निकै ठूलो खेलाडी बन्न चाहन्छु, तर यो मुहारका कारण मैले खेलाडी बन्ने आइडिया नै छोडिदिएँ ।
प्रेमिका : अनुहारको खेलाडीसँग केको लिनुदिनु ?
नरेश : छ नि ! जिन्दगीभर खेलेर मात्र बस्नुको के फाइदा ? म कुनै कम्पनीको ब्रान्ड एम्बेसडर त बन्न सक्दिन नि ।

---

निन्द्रा भगाउने उत्तम उपाय– प्रेम गर्नुहोस् ।
किन ?
किनकि- प्रेममा भोक, प्यास र निन्द्रा हराउँछ ।

---

प्रेम एउटा मीठो सपना हो भने विवाह के हो ?
अलार्म घडी ।

---

प्रेमी : अञ्जु, तिम्रो जीवनमा आउने पहिलो पुरुष मै हुँ ?
प्रेमिका : हो, किन सबै पुरुष मसँग यही कुरा सोध्छन् डार्लिङ ?

---

प्रेमी : तिमी विवाहपछि आफ्ना लागि छुट्टै घर त माग्दिनौ नि ?
प्रेमिका : अहँ, म त्यस्ती खालकी केटी होइन, बरु तिम्रो आमा र बाबुलाई छुट्टै घर बनाइदेऊ न ।

---

प्रेमीले रिसमा प्रेमिकालाई गालामा एक थप्पड लगाइदिएछ । प्रेमिका रुन थालिन् । त्यो देखेर....प्रेमी : डार्लिङ, पिट्नु पनि त प्रेमको निसानी हो नि !
त्यो कुरा सुनेर प्रेमिकाले जोडले गालामा दुई थप्पड लगाइदिएछन् र भनिछन् : हजुरले के सम्झनुभएको ? मचाहिँ हजुरलाई माया गर्दिनँ र ?

---

प्रेमी : मलाई पैसाको आवश्यकता छ । मेरो बाबा बिमारी हुनुहुन्छ ।
प्रेमिका : पैसाको त मलाई पनि आवश्यकता छ ।
प्रेमी : किन, के भयो ?
प्रेमिका : के हुनु नि ? तिमीलाई नै दिन नि ।

---

प्रेमी : मेरो त बिर्सने बानी नै बसिसक्यो । के यो खतरनाक हुन सक्छ ?
प्रेमिका : किन हुँदैन, यदि तिमीले सास फेर्न बिर्सियौ भने मर्न पनि सक्छौ ।

---

प्रेमी : त्यसो भए आज राति १२ बजे हामी सहर छोडेर भाग्ने होइन त डार्लिङ ?
प्रेमिका : हो डार्लिङ, आजराति १२ बजे हामी यो सहर सधैंका लागि छोडेर जाँदैछौं ।
प्रेमी : आर यु स्योर ?
प्रेमिका: ल, कस्तो नपत्याएको, मेरो श्रीमान् सामान प्याक गर्न थालिसक्नुभएको छ ।

---

प्रेमिका : के तिमी मलाई साँच्चै प्रेम गर्छौ ?
प्रेमी : हो, साँच्चै म तिमीलाई प्रेम गर्छु, मैले आफ्नो लिस्ट हिजो फेरि चेक गरेको थिएँ ।

---

प्रेमिका : तिमी मसँग प्रेम गर्छौ ?
प्रेमी : हो, गर्छु ।
प्रेमिका : तर तिमी त मेरो कुनै परवाह नै गर्दैनौ ?
प्रेमी : हेर, प्रेम गर्नेहरू कसैको परवाह गर्दैनन् ।

---

प्रेमिका : मलाई अँध्यारोमा डर लाग्छ ।
प्रेमी : किन ? म छु नि त तिम्रो साथमा ।
प्रेमिका : त्यसैले त डर लागेको नि ।



अपराध

# स्वयंलाई नियन्त्रण गर्न नसक्दा



अनिल श्रेष्ठ

विराटनगर महानगरपालिका- ८, भलुवाहीकी - १० वर्षीया गुडिया भनिने रूपमती दासको हत्या उनकै दुई छिमेकी युवाले आलोपालो गर्दै बलात्कारपछि घाँटी थिचेर गरेको प्रहरीको अनुसन्धानबाट खुलासा भएको छ।

प्रहरीले एक साता लामो अनुसन्धानपछि वास्तविकता पत्ता लगाउँदै घटनामा संलग्न विराटनगर- ८ बलुवाहीका १९ वर्षीय चन्दु महतो तथा सोही ठाउँका २५ वर्षीय भुट्टु भनिने अब्बास अन्सारीलाई पक्राउ गरेको छ। यौनसम्पर्क गर्ने तीव्र इच्छा जागेपछि अब्बास र चन्दुले रूपमतीको बलात्कारपछि घाँटी थिचेर हत्या गरेको प्रहरीले जनाएको छ। उनीहरूले माघ १२ गते राती रूपमतीको बलात्कारपछि हत्या गरेका हुन।

'लामो अनुसन्धानपछि अपराधी पत्ता लगाउन सकियो,' मोरङ प्रहरी प्रमुख एसपी मनोज कुमार केसीले भने, 'रूपमतीलाई मुख थुनेर आलोपालो गर्दै बलात्कार गरेको बयानका क्रममा अभियुक्तहरूले स्वीकार गरेका छन्। पक्राउ परेका दुवै जना लागूऔषध दुर्व्यसनी रहेको प्रहरीले बताएको छ। 'रूपमतीको हत्या गर्नुअघि सिमावर्ती जोगवनी बजार गएर अब्बासले ५ वटा नाइट्रोसन नामक लागूऔषध सेवन गरेको प्रारम्भिक अनुसन्धानमा देखियो,' एसपी केसीले भने, 'त्यही दिन बलात्कारपछि हत्या गर्ने योजना पनि उनीहरूले बनाएको पाइयो।' उनीहरूले लामो समयदेखि गाँजा, नाइट्रोसन, फेन्सिडल आदि लागूऔषध प्रयोग गर्दै आएको प्रहरी अनुसन्धानमा देखिएको छ।

प्रहरीले उक्त घटनामा २४ जनासँग सोधपुछ गरिएको र तीमध्ये १७ जनालाई अनुसन्धानको दायरामा ल्याएपछि निचोडमा पुगेको एसपी केसीले बताए। 'पोष्टमार्टम रिपोर्टअनुसार पनि रूपमतीको बलात्कार र घाँटी थिचेर हत्या भएको देखिएको छ,' एसपी केसीले भने। पक्राउ परेका दुवै जनालाई जबरजस्ती करणी गरी कर्तव्य ज्यान अपराध गरेको कसुरमा जिल्ला अदालत मोरङबाट म्याद थप गराई अनुसन्धान भैरहेको उनले जानकारी दिए।

### यसरी गरे हत्या

लागूऔषध प्रयोगकर्ता अब्बास विवाहित हुन् भने चन्दु अविवाहित। अब्बासकी श्रीमती तीन महिनादेखी माइतीमा बस्दै आएकी छिन्। अब्बासमा तीव्र यौन इच्छा जागेपछि उनका मिल्ने साथी चन्दुलाई सुनाए। 'चिन्ता नगर भैहाल्छ, म व्यवस्था गर्छु भन्दै रक्सी पिएका चन्दुले अब्बासलाई बचन दिए।

माघ १२ गते रातको ८ बजे। टिभी हेर्न भनेर छिमेकीको घरअगाडि थिइन् रूपमती। दुवैले आफ्नो योजना पूरा गर्ने सपना तत्कालै बुनिहाले। उनीहरूले रूपमतीलाई समाए। चन्दुले रूपमतीको मुख बन्द गरे। अब्बासले खुट्टा समाएर रूपमतीको घरदेखि १ सय मिटर टाढा रहेको चौरमा लगे। बालिकाले चिच्याउँदै बल गरेपछि अन्सारी र महतोले मुख र घाँटी थिचेर पालैपालो बलात्कार गरे। चन्दुले सुरुमा यौन सम्पर्क गरे, त्यसपछि अब्बासले। आलोपालो बलात्कारमा परेपछि रूपमती अचेत भइन्। बलात्कार गरेको पोल खुल्ने डरले उनीहरूले रूपमतीको घाँटी थिचेर हत्या गरे।

### डिलबाट खोलामा फाले

नशामा रहेका उनीहरूले रूपमतीको हत्या गरेपछि उनको कपडा फोहोर फ्याँक्ने ठाउँतिर मिल्काइदिए भने शव लिएर सिंघिया खोलातर्फ लागे। त्यहाँ पुगेपछि शव खोलामा हुत्याइदिए अनि सुत्न भनेर घरतिर गए। 'रूपमतीको बलात्कारपछि हत्या गरेपछि प्रमाण नष्ट गर्न अभियुक्तहरूले निक्कै चलाखी गरेको देखियो,' एसपी केसीले भने, 'रूपमतीले लगाएको कपडा खोल्सीमा फेला पर्‍यो। चप्पल आइतबार, टोपी बुधबार र कपडा शुक्रबार फेला परेको थियो।' रूपमतीको हत्यापछि अभियुक्तहरूले विराटनगर-८ भलुवाहीस्थित बलात्कार गरेको ठाउँदेखि १ सय मिटर टाढा डिलबाट सिंघिया खोलामा शव फालिदिएको प्रहरीले जनाएको छ। शव खोलाले बगायो कि बगाएन भनेर अभियुक्तहरू भोलिपल्ट बिहान पुनः त्यहाँ पुगेको जानकारी दिँदै एसपी केसीले भने, 'लास अड्किएको देखेपछि अब्बासले लासलाई खोलातर्फ धकेलिदिएको अनुसन्धानका क्रममा थाहा लाग्यो।'

सिंघिया खोलामा माघ १३ गते दिउँसो निवस्त्र अवस्थामा रूपमतीको शव फेला परेको थियो। छिमेकी मोहम्मद नहिमकहाँ टिभी हेर्न जान्छु भन्दै आमा मुन्नीदेवीसँग माघ १२ गते राति लगभग ८ बजे बिदा मागेर हिँडेकी रूपमतीको शव हत्या गरेर फ्यालिएको अवस्थामा बगिरहेको खोलाको पानी भित्र भोलीपल्ट फेला परेको हो।

### आफन्त जोगिइन्

अब्बासले रूपमतीकै एक आफन्त युवतीलाई नशालु पदार्थ मिसाएर यौन सम्पर्क गर्ने इच्छा सफल हुन नसकेको प्रहरी अनुसन्धानबाट खुलेको छ। त्यो प्रयास असफल भएपछि टिभी हेर्न भनेर निस्किएकी बालिका रूपमती उनीहरूको जघन्य अपराधको सिकार भएकी प्रहरीले बताएको छ। युवतीलाई निशाना बनाउनुअघि पनि अन्सारीले अर्की एक महिलालाई पाउरोटीमा लागूऔषध नाइट्रोसन मिसाएर खुवाइ बलात्कारको योजना बनाएको एसपी केसीले बताए। 'कहिल्यै खानेकुरा नदिने युवाले पाउरोटी दिएपछि ती महिलाले खान अस्वीकार गरेकी थिइन्,' एसपी केसीले भने, 'उनले खान अस्वीकार गरेपछि अन्सारीले नै भुइमा नाइट्रोसन खसाउँदै त्यो पाउरोटी आफैंले खाएका थिए।' प्रहरीले बरामद गरेको नाइट्रोसन प्रहरीको विधी विज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाइएको एसपी केसीले बताए।

### को हुन् रूपमती ?

रामप्रसाद र मनीदेवी दासका दुई छोरीमध्ये कान्छी छोरी हुन्– रूपमती। उनका दुइ भाइ पनि छन्। रूपमती स्थानीय नारायणी स्कूलमा कक्षा १ मा अध्ययनरत थिइन्। रामप्रसादले रिक्सा चलाएर ७ जनाको परिवार पाल्दै आएका थिए।

# लिभिङ टुगेदरमा रहेकी प्रेमिकाको हत्या

सँगै मर्ने सँगै बाँच्ने कसम खाएका प्रेमीबाट हत्या होला भनेर कसले कल्पना गरेको हुन्छ ? त्यो पनि वर्षौंदेखिको प्रेमसम्बन्ध र १० महिनादेखि लिभिङ टुगेदरमा बस्दै आएको प्रेमीबाट। यस्तै नसोचेको घटना बेहोरिन् खोटाङ ज्यामिरेकी ३५ वर्षीया सोनिया राईले।

इटहरी उपमहानगरपालिका-४ माडहिङमा डेरा गरी बस्दै आएकी सोनियाको हत्या लिभिङ टुगेदरमा रहेका ३६ वर्षीय प्रेमी सोलुखुम्बुका लालबहादुर राईले गरेको बताइन्छ। उनले सोमबार साँझ धारिलो छुरा प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ। प्रहरीले सोनियाको हत्याको आरोपमा लालबहादुरलाई सोही दिन डेराबाट २ किलोमिटर उत्तर पशुपतिचोकबाट पक्राउ गरेको हो।

लालबहादुर रोजगारका क्रममा मलेसियामा रहँदैदेखि विवाहित सोनियासँग प्रेममा रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। 'लालबहादुर विदेशबाट फर्किएपछि वैशाखदेखि सोनियासँग इटहरीमा लिभिङ टुगेदरमा बस्न थालेको प्रारम्भिक चरणको अनुसन्धानबाट देखियो,' इलाका प्रहरी कार्यालय इटहरीका प्रमुख डिएसपी शिवकुमार श्रेष्ठले भने, 'हत्या गर्ने योजना बनाएको पाइदैन। लालबहादुरले सामान्य विवादमै आवेगमा आएर हत्या गरेको देखिन्छ।' सोनियाका श्रीमान वैदेशिक रोजगारीका क्रममा साउदी अरेबियामा छन्।

लालबहादुरले विदेश हुँदा सोनियालाई रकम समेत पठाइदिने गरेका थिए।



उनीहरूबीच लेनदेनको विषयमा बेला-बेलामा विवाद हुने गरेको प्रहरीले जनाएको छ। 'लालबहादुरले सोनियाको हत्या गरेको स्वीकार गरिसकेका छन्। बयानका क्रममा लालबहादुरले धारिलो छुराले हानेर हत्या गरेको स्वीकार गरेका छन्,' डीएसपी श्रेष्ठले साप्ताहिकलाई बताए।

सोनियाको मृत्यु भएपछि लालबहादुरले हत्या गरेको चक्कु धोएर भान्सामा राखेका थिए। प्रहरीले घटनास्थलबाट उक्त चक्कुसमेत बरामद गरेको छ। पक्राउ परेका लालबहादुरलाई प्रहरीले कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत सुनसरीबाट म्याद थप गरी थप अनुसन्धान गरिरहेको छ। सँगै डेरा गरि बस्दै आएका लालबहादुर र सोनिया दुवै इटहरीमा मजदुरी गर्दै आएका थिए। सोनियाका १२ वर्षीया छोरी तथा ८ वर्षका छोरा छन्।

### यसरी गरे हत्या

सोमबार काम सकेर सोनिया र लालबहादुर डेरामा आए। फर्कदा उनीहरूले रमाइलो गर्ने भन्दै मदिरा ल्याएका थिए। सोनियाले भान्सामा गएर चटपटे बनाइन्। चटपटेसँगै अरू परिकार पनि तयार भयो। भान्साको एक साइडमा उनीहरूले 'लो-बेड' राखेका छन्, त्यहीं उनीहरू सँगै बसेर मदिरासँगै अरू परिकार पनि खाए। मदिराको नसा लाग्न थालेपछि लालबहादुर सोनियासँग झगडा गर्न थाले,' अनुसन्धानमा संलग्न एक अधिकारीले भने, 'लालबहादुर र सोनियाबीच विवाद बढ्दै गयो। मदिराको नसामा लठ्ठिएपछि लालबहादुरले भान्सामा रहेको चक्कुले सोनियाको छातीमा प्रहार गरे। सोनिया तत्कालै ढलिन्। सोनियाको प्राण गएपछि लालबहादुर त्यहाँबाट फरार भएका थिए।'

# यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

हामीले (दम्पती) आपसी सहमतिमा नियमित बिना कण्डम गुदामैथुन गर्दै आएका छौं र वीर्य स्खलन पनि मलद्वारभित्रै हुन्छ । सामान्य स्वास्थ्य स्थितिका बावजुदमा वीर्य मलद्वार भित्र स्खलन गर्दा संक्रमण हुन्छ कि हुँदैन ? उचित जानकारीका साथै सम्भावित संक्रमण तथा सुरक्षाका सम्बन्धमा उल्लेख गरिदिनु हुन विनम्र अनुरोध छ ।

**एल.**





> गुदद्वारमा बढी हानिकारक किटाणु हुने भएकाले संक्रमण नसरोस् भनेर कन्डमको नियमित तथा सही प्रयोग उत्तिकै आवश्यक हुन्छ । योनिमा जस्तो प्राकृतिक चिप्लोपन नहुने भएकाले कन्डमलाई बिगार नगर्ने किसिमको चिप्लो पदार्थ प्रयोग गर्नुपर्ने हुनसक्छ ।

## मलद्वारमा यौनसम्पर्क

धेरैजसो मानिस यौनसम्पर्क भन्नाले योनि-लिङ्ग मैथुनलाई मात्र सम्झन्छन् । यौनसम्पर्क योनि-लिङ्ग मात्र नभई मुख-मैथुन वा गुदा-मैथुन पनि हुनसक्छ । सामान्य रूपमा भन्नुपर्दा आफ्नो यौन साथीको गुदानलीमा लिङ्ग पसाई गरिने यौन सम्पर्कलाई गुदामैथुन भनिन्छ । धेरै मानिसले गुदामैथुनलाई नै समलिङ्गी यौन व्यवहार मान्छन् तर वास्तविकता के हो भने यो समान लिङ्गी व्यक्तिहरू तथा विपरीत लिङ्गी अर्थात पुरुष तथा महिलाको बीचमा पनि हुनसक्छ । वैवाहिक जोडीको बीचमा पनि यस्तो किसिमको यौनव्यवहार हुने तथ्य अहिले जग जाहेर छ र तपाईंको हकमा पनि यही भएको देखिन्छ ।

## मानिसले किन गुदामैथन गर्छन् ?

यो कुराको जवाफ पाउन सजिलो छैन, तर भिन्न भए पनि यसले प्राकृतिक यौन अभिव्यक्ति वा व्यवहार कै रूपमा मान्यता पाएको छ । फ्रायडले भने झैं मुख, यौनाङ्ग र गुदा क्षेत्र शरीरका अन्य अङ्गको तुलनामा बढी यौन संवेदनशील हुन्छन् । योनिको बाह्य भाग जस्तै गुदद्वारमा पनि प्रशस्त स्नायु हुन्छन् । अर्को कुरा प्रोस्टेट अर्थात पौरुष ग्रन्थि गुदानलीको ठिक अगाडितिर हुने भएकाले गुदामैथुन गर्दा अप्रत्यक्ष रूपमा पौरुष ग्रन्थिको घर्षण हुन्छ । यी सबै कुराले गुदामैथुनलाई सुखमय बनाउन सहयोग गर्छ । गुदाक्षेत्रवाट यौन उत्तेजना तथा सुख प्राप्त गर्ने कुरालाई anal eroticism भनिन्छ । लिङ्ग ग्रहण गर्ने व्यक्तिले यौन चरमसुख प्राप्त गर्नुलाई anal orgasm भनिन्छ । अर्कातिर कतिपय व्यक्तिले धेरै व्यक्तिले गर्ने कार्य भन्दा फरक किसिमको कार्य गर्दा एउटा विशेष प्रकारको आनन्द एवं रोमाञ्चता अनुभव गर्छन् । गुदामैथुन गर्दा कुनै वर्जित कार्य गरेको भनी मानसिक रुपमा रोमाञ्चको अनुभव हुन्छ ।

## के कस्तो असर पर्ला ? ?

यदि आफ्नो यौन साथीमा कुनै संक्रमण छ भने अन्य यौनसम्पर्कमा जस्तै त्यो सर्ने सम्भावना हुन्छ, अर्को शब्दमा यौनरोगहरू गुदामैथुन गर्दा पनि सर्छन् । एचआईभी तथा अन्य यौनरोग सर्ने मामिलामा योनि-लिङ्ग मैथुनको तुलनामा गुदामैथुन बढी जोखिमयुक्त मानिन्छ । यसो हुनुको कारण गुदानलीमा योनिमा जस्तो रस निस्कँदैन र त्यसको भित्री छ्यालापनि पातलो र कमलो हुने भएकाले यौन सम्पर्कले चोट पुर्‍याउँछ र सजिलै रोगको संक्रमण हुनसक्छ । यौन रोगका अतिरिक्त मलाशयमा अन्य रोगका जीवाणु पनि हुन्छन् । यदि दुवै जनामा कुनै यौन रोग छैन भने सर्ने कुरा भएन । कन्डम नै नलगाए पनि रोग नै छैन भने कसरी सर्छ त ?

तपाईंलाई थाहै होला ठूलो आन्द्रा वा मलाशयमा भएको दिशालाई रोक्ने किसिमको संरचना नै मलद्वारमा हुन्छ । मलद्वारमा एउटा गोलाकार मांसपेशी हुन्छ जुन खुम्चिएको अवस्थामा यसले मलद्वारलाई पूर्ण रूपमा बन्द गर्छ । यही मांसपेशीलाई प्रयोग गरेर उपयुक्त समय नभएसम्म हामी दिसा आउन रोक्छौं । यो मांसपेशी बन्द भएका बेला दिसा बाहिर आउन नसक्ने मात्र होइन, बाहिरबाट भित्र कुनै कुरा सजिलै पस्न पनि सक्दैन । यस्तो बेला लिङ्ग प्रवेश गराउन पनि गाह्रो हुन्छ र पीडा समेत हुन्छ । मांसपेशी संकुचित भएर मलद्वार बन्द भएको अवस्थामा जवरजस्ती लिङ्ग, औंला वा अन्य वस्तु वारम्बार पसाइरहँदा मांसपेशी कमजोर हुने सम्भावना हुन्छ । त्यस्तो भए दिसालाई रोकेर राख्न केही गाह्रो हुनसक्छ । त्यसैले उक्त मांसपेशीको कसरत गरे त्यसलाई बलियो बनाउन सकिन्छ जसले गर्दा समस्या केही कम हुन्छ ।

### सूचना

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## के कस्तो सावधानी अपनाउनुपर्ला ?

गुदद्वारमा यसलाई राम्रोसँग बन्द गर्ने मांसपेशी हुन्छ । बाहिरी मांसपेशीलाई हामीले चाहे अनुरुप संकुचित गर्न वा खोल्न गर्न सक्छौं भने भित्री मांसपेशीलाई सजिलै त्यसो गर्न सकिँदैन । लामो अभ्यासबाट पनि एक हदसम्म भित्री मांसपेशीलाई खुकुलो गर्न सकिन्छ । गुदद्वार वा गुदानलीमा कुनै कुरा प्रवेश गर्न खोजे उक्त मांसपेशी वेस्सरी संकुचित हुन्छ र जवरजस्ती गर्न खोजे पीडा हुन्छ । गुदामैथुनलाई सुखमय बनाउन गुदद्वारमा लिङ्ग, औंला वा अन्य केही वस्तु ग्रहण गर्ने व्यक्ति र उसको गुदद्वारको मांसपेशी तनावरहित स्थितिमा हुनु आवश्यक छ । यस्तो स्थितिमा गुदा-मैथुन पीडा रहित हुन्छ । कतिपय व्यक्तिले गुदाक्षेत्रमा आफ्नो साथीले खेल्दा वा भनौं सुम्सुम्याउँदा औंला वा लिङ्गलाई गुदद्वारमा पसाउँदैन भन्ने कुरामा ढुक्क छ भने तनाव कम हुनुका साथै मांसपेशीको संकुचन पनि कम हुन्छ र यौनआनन्द प्राप्त गर्न मदत मिल्छ । योनिमा जस्तो रस नआउने हुनाले पर्याप्त मात्रामा थप चिप्लो पदार्थ प्रयोग गर्नुपर्छ । त्यसका लागि K-Y Jelly वा पर्याप्त थुकको पनि प्रयोग गर्न सकिन्छ ।

स्वस्थ व्यक्तिको वीर्य मलाशयमा स्खलित हुँदा खासै फरक पर्दैन । यो योनिबाट वाहिर आए जस्तै बाहिरतिर आउँछ र केही बाँकि भए दिसा गर्दा त्यसका साथै बाहिर निस्कन्छ ।

गुदद्वारमा बढी हानिकारक किटाणु हुने भएकाले संक्रमण नसरोस् भनेर कन्डमको नियमित तथा सही प्रयोग उत्तिकै आवश्यक हुन्छ । योनिमा जस्तो प्राकृतिक चिप्लोपन नहुने भएकाले कन्डमलाई बिगार नगर्ने किसिमको चिप्लो पदार्थ प्रयोग गर्नुपर्ने हुनसक्छ । गुदद्वारमा प्रवेश गराएको लिङ्ग योनिमा प्रवेश गराउनु हुँदैन, किनभने योनिमा ती जीवाणुवाट संक्रमण हुनसक्छ । कन्डम लगाएको स्थितिमा भने कण्डम नफेरी लिङ्ग योनिमा प्रवेश गराउनु हुँदैन । जीवाणुहरूलाई कम गर्न गुदद्वार वरिपरि मात्र सफा गरेर पुग्दैन भित्रतिर सफागर्ने डूसकै आवश्यकता पर्छ । यसो गर्दा पनि जीवाणु रहित बनाउन भने सकिँदैन भन्ने कुरा बुझ्नुपर्छ । यौन प्रसाधनको प्रयोगको कुरा गर्दा पनि विशेष सावधानी अपनाउनुपर्छ । आफ्ना यौनअंगहरूमा चोट नलागोस् भनी पर्याप्तमात्रामा चिप्लो पदार्थ प्रयोग गर्नुपर्छ साथै ती प्रसाधनको सतह चिल्लो र सम्म परेको (घोच्ने, काट्ने सम्भावना नभएको) हुनुपर्छ ।

गुदद्वार वा मलाशयमा केही समस्या भए जस्तो लाग्यो, पीडा भैरह्यो वा दिसा गर्दा रगत जान थाल्यो भने चिकित्सकबाट जँचाउनु बेस हुन्छ ।

# महिला स्वास्थ्य



म २० वर्षीया अविवाहित महिला हुँ । मेरो केटासाथी छ र ऊसँग कहिलेकाहीं यौनसम्पर्क हुने गरेको छ । मैले आकस्मिक गर्भनिरोधक साधन प्रयोग गर्दै आएकी छु । अहिलेसम्म मलाई कुनै समस्या आएको छैन, तर यसरी आकस्मिक गर्भनिरोधक साधन महिनामा कति पटकसम्म प्रयोग गर्न सकिन्छ ?

**सी.**



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

आकस्मिक गर्भनिरोधक चक्कीमा हार्मोनको मात्रा सामान्य चक्कीभन्दा बढी हुन्छ । त्यसैले यो प्रभावकारी हुन्छ । यद्यपि यो आकस्मिक रूपमा, कहिलेकाही प्रयोग गर्नका लागि मात्र हो । यो महिनामा यति नै पटक प्रयोग गर्न सकिन्छ भन्ने छैन, तर बारम्बार वा यसको प्रयोग धेरै गर्न थाले आफ्नो शरीरमा हार्मोनसम्बन्धी असन्तुलन सिर्जना हुनसक्छ । यसले गर्दा महिनावारीमा गडबडी आउनुका साथै यसको प्रभावकारितामा समेत कमी आउँछ । यसरी आकस्मिक गर्भनिरोधक चक्की प्रयोग गर्नुको सट्टा कन्डम वा अन्य साधन (पिल्स, डिपो, कपर टी) प्रयोग गर्नु उपयुक्त हुन्छ । कपर टी लामो समयका लागि भए पनि आफूलाई गर्भ चाहिएको अवस्थामा झिक्न मिल्छ भने यसमा हार्मोन प्रयोग नहुने भएकाले उपयुक्त समेत मानिन्छ ।



जनताको विचार

# एनसेल बिक्रीको पुँजीगत लाभकर आजियटा र एनसेलबाटै असुल्नुपर्ने आदेश तपाईंलाई कस्तो लाग्यो ?



सर्वोच्चले त आफ्नो काम गऱ्यो तर एनसेलले जनतालाई जति ठग्नुथियो ठगिसक्यो, तिर्नुपर्ने कर सरकारलाई जान्छ। जसको अर्थ भ्रष्टाचारमार्फत जनता फेरि एकपटक ठगिनेछन्। एनसेलको सेवा सुचारु नै छैन। जनता अझै पनि ठगिने कुरामा दुईमत रहन्न। अतः यसबाट जनतालाई केही फाइदा हुँदैन, त्यसैले रमाउनुपर्ने कुरा केही छैन।

**साहित्यकार**

एनसेलले बिक्री बापतको लाभकर तिर्नुपर्ने विषयमा सर्वोच्चले ढिलै भए पनि सही फैसला गरेको छ। आशा छ एनसेलले तिर्नुपर्ने रकम समयमै भुक्तानी गरेर कानुनी एवं वैधानिक दायरामा आफ्नो सेवा सञ्चालन गर्नेछ।

**कृष्णप्रसाद भुषाल**

आदेश दिएर के गर्नु, खादेश विचारका मान्छेले खाइदिने भए पछि। उठाएको र उठाउनु पर्ने सबै रकमको सदुपयोग भए राम्रो।

**संकल्प ढकाल**

आदेश उत्साहजनक छ तर राजनैतिक इतिहास हेर्ने हो भने यसको कार्यान्वयन हुन्जेलसम्म प्रधानन्यायाधीश परिवर्तन भैसक्ने हुन् कि भन्ने डर अझ बढी छ।

**धिरु सुवेदी**

सुन्दा त राम्रो लागो नि तर यो नि सुन कान्ड झै हराउँछ। सबैलाई थाहा भएकै कुरा हो हाम्रो देश कहाँ कानुन अनुसार चल्छ र ? उल्टो कानुनलाई नै चलाई दिन्छन्।

**लक्ष्मण**

ढिलो आयो तर दुरुस्त आयो। अब सरकारले यथाशीघ्र रकम संकलन गरेर त्यसको सदुपयोग गर्नुपर्छ। विगतमा गरेका गलत निर्णय र फैसला जसले राज्यलाई घाटा पुऱ्याएका छन् सबैको पुनरावलोकन गरेर कारबाही अघि बढाइयोस्। अर्बौं कर छली र घोटालामा लाख वा करोड धरौटी लिई छोड्ने परिपाटी अन्त्य होस्।

**पुस्कर शर्मा**

करको दायित्व कम्पनीको हो। कम्पनी जसको स्वामित्वमा छ करको जिम्मेवारी पनि उसैको हो। यो फैसला सही छ। यो फैसलाले भविष्यमा कम्पनीको खरिद बिक्री गर्दा कर छल्ने बाटो बन्द गरिदिएको छ।

**दुरलभ भवयस**

सर्वोच्च अदालतले दिएको आदेश त राम्रै छ तर आदेश दिने पछि मिनाहा गर्ने जस्तो गरे जनताको विश्वास सर्वोच्च अदालतबाट पनि हट्नेछ। आशा छ अब चाहिँ अदालत यो फैसलाबाट पछि हट्ने छैन।

**जिएन ढकाल**

एकदम सही निर्णय हो यो, तर यतिका वर्षसम्म कर नतिर्न कसले संरक्षण गरेको थियो र कुन-कुन पार्टीका कुन-कुन नेता एवं मन्त्रीले कति-कति खाए, त्यसको पनि खोजतलास गर्ने कि ?

**रोशन**

स-साना व्यवसायीले हरेक कदममा कर बुझाउँदा जनताबाट लाखौं उठाउने यस्ता कम्पनीले पनि कर तिर्नुपर्छ। सबै साना-ठूला व्यवसाय तथा कम्पनीहरूलाई करको दायरामा ल्याउनु सरकार को दायित्व हो।

**बुद्धि नारायण**

प्रयोगकर्तामा विभिन्न अफरहरूको भ्रम फैलाउने अनि रिचार्ज गऱ्यो कि सबै पैसा झ्वाम पारिदिने यति बाठो कम्पनीलाई सरकारले पनि बेला-बेलामा टयाकस बुझाउनुपर्छ भन्ने कुरा थाहा थिएन ? कि यो नेपाल हो यहाँ जे गर्दा पनि छुट पाइन्छ भन्ने मनोशाय हो ?अदालतको फैसला जायज छ।

**तेजेन**

बिहान बेलुका हात-मुख जोड्न सानो व्यवसाय गर्नेहरू लाभकर तिर्न बाध्य छन् भने अर्बौं रुपैयाँ आम्दानी गर्ने विदेशी कम्पनीहरूले चाहिँ किन कर नतिर्ने ? उक्त रकम असुल गरी देश विकासमा लगानी गरियोस्।

**मनिष श्रेष्ठ**

एउटा बैंकमा काम गर्ने कर्मचारीको २-३ रुपैयाँ ट्याक्स मिलेन भने ५ वर्ष पछि भए पनि ब्याज र जरिवानासहित असुल गरिन्छ। यहाँ अर्बौं रकम कुम्ल्याएर बसेकाहरूले ट्याक्स तिर्नु नपर्ने ? एकदम राम्रो गऱ्यो सर्वोच्च अदालतले, तर फेरि अर्कोपटक अर्का न्यायाधीशले यसलाई उल्ट्याइदिउन् !

**सि खनाल**

गाउँ-गाउँमा गरिबको घरमा पालिएका कुकुर-बिरालादेखि बेच्न लागेको गुन्द्रुकसम्ममा चै कर उठाउन मिल्ने, यो एनसेलबाट चाहिँ कर नलिने ? यस्तो पनि हुन्छ।

**मिङमा शेर्पा**

पैसा गन्ने कर्मचारी चहिए कृपया मलाई सम्झनुहोस्। एक-एक पैसाको हिसाब दिन्छु। पैसा गन्ने मौका चाहिँ मैले पाउनुपर्छ।

**बुद्ध**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

फागुन ४ गते
भीमा एकादशी

फागुन ७ गते
प्रजातन्त्र दिवस
कान्तिपुर स्थापना दिवस
स्वस्थानी ब्रत कथा समाप्त

फागुन ८ गते
सामाजिक न्याय दिवस

फागुन ९ गते
विश्व मातृ भाषा दिवस

### मेष

साताका सुरुका दिनमा मनस्थिति दोधार भए पनि काममा कुनै बाधा उत्पन्न हुनेछैन। बुधबारदेखि काममा गति आउनुका साथै साथीभाइसँग रमाइलो गर्ने अवसर प्राप्त हुन सक्छ। स-साना कुराले पनि पारिवारमा खटपट सिर्जना गर्न सक्छ। रातिको यात्रामा सावधानी अपनाउनुहोला।

### वृष

बौद्धिक क्षेत्रमा आफ्नो कार्यको चर्चा-परिचर्चा हुन सक्छ। आम्दानी र खर्च बराबर हुनाले बचत हुने सम्भावना न्यून छ। मद्दत गर्ने मित्रहरू फेला पर्नुका साथै सभा-सम्मेलन तथा जमघटहरूमा उपस्थिति हुने अवसर प्राप्त होला। खानपिनमा सजगता अपनाउनुपर्ने समय छ।

### मिथुन

आफूले गरेका ठोस निर्णयका कारण अधुरा कार्य सहजै सम्पन्न हुनेछन्। पदोन्नतिको सम्भावना छ। घरजग्गा तथा अचल सम्पत्ति जोडिने प्रबल सम्भावनासमेत छ। प्रियजनसँग यात्रा गर्दा मन खोलेर भलाकुसारी गरिनेछ। साताको अन्त्यमा अर्थको अभाव होला।

### कर्कट

आफनो बोलीले सबैको मन छुँदासमेत आलोचनाको सामना गर्नुपर्नेछ। मंगलबारपछि भाग्यले साथ दिनुका साथै नसोचेको कार्य सम्पन्न हुनेछ। पूण्य कार्यप्रति आकर्षित भइनेछ। साताको अन्त्यमा मान-सम्मान प्राप्त गर्ने सम्भावना छ।

### सिंह

व्यवसायमा उन्नति हुनुका साथै प्रशस्त मुनाफा हात लाग्नेछ। प्रेमी-प्रेमिकाको इच्छा मुताविक नयाँ स्थानको यात्रा तय होला। आर्थिक कारोबारमा झन्झट आइलाग्न सक्छ, होस पुऱ्याउनुहोला। स्वास्थ्य प्रति विशेष ध्यान दिनुपर्ने समय छ।

### कन्या

आत्माविश्वास वृद्धि भै मन प्रसन्न हुनेछ। व्यवसायिक सफलताका कारण सामाजिक प्रतिष्ठा वृद्धि होला। पूण्य कार्यमा सहभागी हुने अवसर प्राप्त गर्न सकिनेछ। साताको अन्त्यमा भोज-भतेरमा सरिक हुँदा सञ्चित धनमाल गुम्न सक्छ।

### तुला

आफ्नो कामको मूल्यांकन हुनुका साथै आकस्मिक धन लाभ हुन सक्छ। स्वास्थ्य समस्याका कारण मनमा नैराश्यता छाउनेछ। साताको अन्त्यतिर स्वास्थ्यमा सुधार आउला। बोलीको प्रभावमा महत्वपूर्ण कार्य सम्पन्न हुनेछन्। आय आर्जनको काममा आकर्षित भइनेछ।

### वृश्चिक

सफलताका लागि कडा मेहनत गर्नुपर्नेछ। अध्ययनमा बाधा खडा हुनुका साथै बोलीको आलोचनासमेत हुन सक्छ। चोटपटक लाग्ने सम्भावना टरिसकेको छैन। पश्चिमतर्फको यात्रा फाइदाजनक हुनेछ। आफ्नो एकल निर्णयमा सम्पन्न गरिएका कार्यमा सफलता हात लाग्नेछ।

### धनु

आफन्तहरूसँगको सहकार्यमा धनलाभ गर्ने अवसर जुट्नेछ। खानपानले स्वास्थ्यमा गडबडी ल्याउन सक्छ। आलोचना गर्नेहरू सक्रिय भए पनि काममा सफलता हात लाग्नेछ। तपाईंको व्यक्तित्वको प्रशंसासमेत होला। प्रेम जीवनमा खटपट सिर्जना हुन सक्छ। घरायसी व्यवहारबाट टाढै रहनुपर्नेछ।

### मकर

आफ्नै पराक्रमद्वारा कार्य सम्पन्न हुँदा मन प्रसन्न हुनेछ। विचार नगरी गरिएका निर्णयमा विवादको सामना गर्नुपर्ला। आम्दानीका मार्गहरू पहिल्याउन सकिनेछ। पूर्वतर्फको यात्रा हुनसक्छ। साताको अन्त्यमा पुराना मित्रसँग मनोरञ्जनक भेटघाट हुनेछ।

### कुम्भ

प्रियजनको सहयोगमा वैदेशिक यात्राको प्रवल सम्भावना छ। तपाईंको पराक्रमको प्रशंसा हुनुका साथै कामको मूल्यांकनसमेत होला। प्रेमी-प्रेमिकाबीच विवाद उत्पन्न हुन सक्छ। साताको अन्त्यमा बहुमुल्य उपहार प्राप्त गर्न सकिनेछ। सुनौलो रंग प्रेरणादायक सावित हुनेछ।

### मीन

साताको प्रारम्भमा अपेक्षित काममा खर्च हुँदा मन खिन्न हुनेछ। मंगलबारपछि विवादको सामना गर्नुपरे पनि निर्णय आफ्नै पक्षमा हुनेछ। कर्मचारी वर्गले काममा ध्यान पुऱ्याउनुहोला। खानपानको निम्तोमा स्वास्थ्यको ख्याल गर्नुपर्नेछ।



# साम्बाको साकार भएको सपना

नेपाली महिला फुटबलले पाएको अहिलेसम्मकै अब्बल दर्जाकी खेलाडी हुन्– सावित्री भण्डारी । यी फरवार्डलाई साम्बा भनेर पनि सम्बोधन गरिन्छ । ब्राजिलीयन फुटबलकी प्रशंसक सावित्रीको परिचय नै साम्बा हो । यिनै साम्बाको एउटा ठूलो सपना पूरा भएको छ । सावित्रीले प्रायः भन्ने गरेकी थिइन्– उनको सपना भनेकै भारतलाई हराउनु हो । पछिल्लो समय नेपाली महिला फुटबलको प्रत्येक यात्रा भारतको हातबाट टुंगिने गरेको छ ।

नेपालले भारतलाई हराउन सकेको छैन, तर अहिले इतिहास फेरिएको छ । भारतको भुवनेश्वरमा भैरहेको हिरो गोल्डकपमा नेपालले भारतविरुद्ध २-१ को जित निकालेको छ । नेपालका लागि दुवै गोल गर्ने खेलाडी तिनै सावित्री थिइन् । नेपाल यसअघि भारतविरुद्ध खेलेका आठ खेलमध्ये सातवटामा पराजित हुँदै आएको थियो भने एक खेल बराबरीमा टुंगिएको थियो । अब नेपालले भन्न सक्नेछ– हामीले भारतलाई पनि हराएका छौं, महिला फुटबलमा ।

केही सातापछि नेपालमै साफ वुमेन्स च्याम्पियनसिप हुनेछ । विराटनगरमा हुने उक्त प्रतियोगितामा नेपालको उद्देश्य हुनेछ, पहिलो पटक उपाधि चुम्ने । यो अभियानमा सबैभन्दा ठूलो बाधा भनेकै भारत हो । अब यही भारतसँग कुनै न कुनै चरणमा सामना गर्दा नेपाली टिमको आत्मविश्वास बढेकै हुनेछ । नेपालले फेरि भारतलाई हराउने हो भने त्यसका लागि सावित्रीको यस्तै उत्कृष्ट प्रदर्शन चाहिनेछ । भनिरहनु पर्दैन, साम्बाको अर्को ठूलो सपना भनेको साफ च्याम्पियनसिप जित्ने पनि हो ।

# शिवको विवाह

कुनै समय नेपाली फुटबलले धेरै आशा गरेका खेलाडी हुन्– शिव श्रेष्ठ । यी पोखरेली खेलाडी एन्फा एकेडेमीका उत्पादन हुन् । उनले लामो समय घरेलु फुटबलमा सफल मिडफिल्डरका रूपमा मनाङ-मर्स्याङ्दीका लागि खेले । श्रेष्ठले नेपाली राष्ट्रिय टिमबाट पनि खेल्ने अवसर प्राप्त गरे, तर नेपाली फुटबलमा विवाद बढेर प्रतिस्पर्धा हुन छाडेपछि धेरै खेलाडी बेरोजगारजस्तै भए । यस्तै खराब स्थिति अनुभव गर्नेमध्ये शिव पनि एक हुन् । त्यसैले उनी आफ्नो भविष्यका लागि कतार पुगे । नेपाली राष्ट्रिय टिमका लागि बलियो उम्मेदवार मानिने खेलाडीसमेत कमाउनका लागि वैदेशिक रोजगारीमा जानुपर्ने त्यो क्षण वास्तवमै दुःखदायी थियो । यद्यपि शिवले हालै एउटा खुसीको क्षण भने आत्मसात् गरेका छन् र त्यो हो– उनको आफ्नै विवाह । श्रेष्ठ हालै विवाह बन्धनका बाँधिएका हुन् ।

तस्बिर : गोल्ड नेपाल



# मनाङ हारेको हाऱ्यै

मनाङ मर्स्याङ्दीसामु सहिद स्मारक लिग ए डिभिजनमा लगातार सबै खेल जितेर उपाधि हात पार्ने मौका थियो, तर त्यस्तो अवसर क्लबको भाग्यमा लेखिएको थिएन् । मनाङ लिगको अन्तिम खेलमा फ्रेन्ड्स क्लबबाट पराजित भयो । मनाङले उक्त खेलअघि नै लिग जितिसकेको हुनाले त्यो हारको खासै अर्थ रहेन, तर त्यो हार मनाङका लागि निकै ठूलो दुर्भाग्य सावित भएको छ । त्यसयता मनाङले राम्रो खेल्न सकिरहेको छैन । मोफसलमा अहिले एकपछि अर्को गोल्डकप सञ्चालन भैरहेका छन् । ती सबैमा मनाङ उपाधिको नजिकसम्म पुग्न सकेको छैन । केही खेलले टिमलाई दुर्भाग्यशाली पनि बनाउने रहेछ ।

# टमाटाको दुःख

गत साता नेपाली क्रिकेटमा एउटा खुसीको समाचार सुन्न पाइयो– राष्ट्रिय खेलाडीले दुई वर्षको तलब पाउने भए । नेपाल क्रिकेट संघ (क्यान) निलम्बनमा भएकाले खेलाडीहरूले तलब पाइरहेका थिएनन् ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले दुई वर्षको तलबका लागि भनेर एकमुस्ट रकम दिएको छ । त्यसअनुसार कप्तान पारस खड्का र केही प्रमुख खेलाडीले ८ लाख रुपैयाँभन्दा बढी बुझे । एकथरी खेलाडीले मासिक ३५, अर्को थरीले २५ तथा तेस्रो थरीले १५ हजार रुपैयाँ मासिकका दरले तलब प्राप्त गरे । यसरी तलब पाउने एकमात्र प्रशिक्षक जगत टमाटा हुन्, तर उनको स्थिति निराशाजनक रह्यो । टमाटाको भागमा मासिक १५ हजार रुपैयाँ मात्र पऱ्यो । यो दुई वर्षको तलब उनका लागि निल्नु र ओकल्नुजस्तै भएको छ, जबकि क्यान भंग हुनुअघि उनले कम्तीमा मासिक ५० हजार रुपैयाँको अनुबन्ध गर्न लागेका थिए ।



# तलब नेपालको काम बाहिर

नेपाली फुटबलका सर्वाधिक सफल प्रशिक्षक हुन्– ग्योतुको कोजी । उनकै नेतृत्वमा नेपालले सोलिडारिटी कप जितेको थियो । नेपालमा भिसा प्रक्रिया नमिलेपछि उनी समस्यामा परे । त्यसयता उनी नेपाल प्रवेश गर्न सकेका छैनन्, तर अनुबन्ध अनुसार उनले फेब्रुअरीसम्म प्रशिक्षकका हैसियतमा तलब भने प्राप्त गरिरहेका छन् । यसबीच कोजीले कम्बोडियाली फुटबल संघसँग व्यवसायिक अनुबन्धसमेत गरेका छन् । सुरुमा उनी कम्बोडियाली उमेर समूहको टिमका प्रशिक्षक हुनेछन् । यस्तोमा केही समयका लागि उनले तलब नेपालबाट पाउनेछन् भने काम अरूतिरै गर्नेछन् ।





# ट्रेनिङ मात्र भएर हुँदैन

पूर्व राष्ट्रिय फुटबल खेलाडी वसन्त गौचन विगत १० वर्षदेखि जापानमा छन् । जापानमा फन्ड रुट्स एकेडेमीमा प्रशिक्षकका रूपमा कार्यरत गौचन गत साता पोखरामा आयोजित पोखरा कपका लागि रिस्सो युनर्भिसिटीको टिमसहित देखा परे । वसन्तले नेपाल र जापानको फुटबल वातावरण फरक भएको बताए । जापानमा सिस्टम छ, त्यहाँ सानै उमेरदेखि फुटबल खेल्न थालिन्छ । जापानमा अन्डर-८, अन्डर-१० तथा अन्डर-१२ को प्रतिस्पर्धा हुन्छ । नेपालमा पनि अहिले सानैदेखि फुटबल सिकाउन थालिएको छ, यो राम्रो कुरा हो तर प्रशिक्षण मात्र भएर हुँदैन, प्रतियोगिता पनि हुनुपर्छ । अन्डर-१०, अन्डर-१२ का प्रतियोगिता गर्न सके मात्र नयाँ खेलाडी उत्पादन सहज हुन्छ,' गौचनले भने । गौचनले जापानमा हुने अन्डर-१२ फुटबलका लागि बर्सेनि नेपाली खेलाडीलाई जापानमा अवसर उपलब्ध गराउन पहल गर्दै आएका छन् । यो वर्ष पनि १२ जना अन्डर-१२ का नेपाली खेलाडी मार्चमा जापान जाँदैछन् । यसरी छनौट गरेर फुटबल खेल्न लान लागिएको यो चौथो अवसर हो । छानिएका खेलाडीले विभिन्न देशबाट छनौट भएर जापान पुग्ने ४० वटा टिमसँग प्रतिस्पर्धा गर्नेछन् ।

राजाराम पौडेल

जाँदा-जाँदै

# लभ म्यासेजलाई सिरियसली लिन्नँ



अत्तरिया, कैलालीकी करिश्मा विष्ट नेपाल आइडलमा सहभागी भएपछि एकाएक चर्चामा आइन् । उनी सोसल मिडियाहरूमा छाइन् । उनले गाएको र्‍याप गीत तथा कविता आमदर्शक तथा श्रोताहरूको मुखमा झुन्डियो । नेपाल आइडलको फाइनलमा पुग्न असफल भए पनि उनलाई देशभरका कार्यक्रमबाट अफर आए । यसबीच उनले इको नि लाग्यो, विद्या नाशजस्ता गीत रेकर्ड गराइसकेकी छिन् । जाँदाजाँदै विष्टसँग नरेन्द्र रौलेको कुराकानी :

**नेपाल आइडलमा आएपछि अझ राम्री देखिनुभयो नि ?**

के भन्ने अब ? त्यस्तो केही होइन । पहिले मलाई मेकअप गर्न आउँदैनथ्यो । नेपाल आइडलमा सहभागी भएपछि नीलिमा थापामगर र अस्मिता अधिकारीले तिमीले आफ्नो स्ट्यान्डर्ड मेन्टेन गर्नुपर्छ भनेर सिकाउनुभयो । मैले उहाँहरूको कुरालाई फलो गरें । नेपाल आइडलमा मेकअप आर्टिस्टहरूले नै मेकअप गरिदिन्थे । मेकअप आर्टिस्ट नहुँदा हिना मल्ल, नीलिमा र अस्मिताले मेकअप गरिदिन्थे । त्यही भएर राम्री देखिएकी होला ।

**तपाईंलाई प्रेम र विवाहमध्ये कस्तो प्रस्ताव बढी आउँछ ?**

कसैले सीधै आएर प्रस्ताव गरेका छैनन् । कहिलेकाहीं फेसबुकमा आई लभ यू भन्ने म्यासेज आउँछ । म थ्यांक यू भनिदिन्छु, सक्कियो । म त्यसलाई सिरियस्ली लिन्नँ ।

**यदि मिल्ने भए नेपाल आइडलका सहभागीमध्ये क-कसलाई दाइ, प्रेमी तथा श्रीमान्का रूपमा रोज्नुहुन्थ्यो ?**

नेपाल आइडलमा सबैभन्दा कान्छी मै थिएँ । जन्मदर्ताको हिसाबले किसन कँडेल केही महिना कान्छा भएकाले म उनलाई भाइ भन्थें । विक्रम बराल, सुमित पाठक, रवि ओड सबै दाइ नै हुन् । नेपाल आइडलको फाइनलमा नआउँदै थिएटर राउन्डबाटै आउट भएका अजय कार्कीलाई म साथी भन्थें । प्रेमी वा श्रीमान्का रूपमा त कसलाई रोज्नु खै ?

**तपाईंलाई गायिका बन्न मन छ कि नायिका ?**

बाल्यकालदेखि नै गायिका बन्न मन थियो । म अरु कुरालाई त्यति प्राथमिकता दिन्नँ । म नायिका बन्न तयार भैसकेकी छैन ।

**तपाईंको पढाइ कहाँ पुग्यो ?**

दुर्गालक्ष्मी नमुना मावि, अत्तरियामा १२ मा पढ्दैछु ।

**तपाईंको इको लाग्यो, अकाउन्ट लाग्यो भन्ने गीत खुब हिट छ । कक्षा ११ मा कुनै विषय लाग्यो कि ?**

लागेन, पूरै क्लियर छ ।

**स्कुल पढ्दा त कुनै विषय लागेको थियो होला ?**

कक्षा १० मा गणितमा अनुत्तीर्ण भएँ । त्यतिबेला म एकदमै बिरामी थिएँ । दिनहुँजसो बेहोस हुन्थें । ६ महिनाभन्दा बढी बिरामी भएँ । मेरो काठमाडौंका दुईवटा अस्पतालमा उपचार गरियो ।

**तपाईंलाई पाउन मरिहत्ते गर्ने कुनै फ्यान छन् ?**

मिल्ने साथीहरू छन् । त्यस्तो मरिहत्ते गर्ने खासै कोही छैनन् । मलाई सिधै कसैले भनेको छैन । अरू साथीहरूको मुखबाट केही कुरा सुनिन्छ । 'तेरो साथीलाई मन पराउँछु, तर स्वीकार्दिनँ होला' भनिरहेका हुन्छन् ।

**तपाईं कविता पनि राम्रो लेख्नुहुन्छ हैन ?**

धेरै त होइन, मैले ८ वटाजति कविता लेखेकी छु । ती कविता मेरो फेसबुक पेजमा पढ्न सकिन्छ भने केही कविता वाचन गरेर युट्युबमा समेत राखेकी छु ।

**नेपाल आइडलमा एउटा कविता सुनाएपछि विदेश गएका बुबालाई नेपाल फर्काउनुभयो नि ?**

त्यो कविता नेपाल आइडलको अडिसनमा सहभागी हुनुभन्दा एक महिनाअघि लेखिएको हो । त्यो कविता सुनाएपछि बुबा नेपाल फर्कनुभयो । हुन त त्यो संयोग मात्र होला । उता कतारमा धेरै गर्मी हुन्थ्यो, काम गर्न गाह्रै थियो । घरबाट बुबालाई नेपाल फर्कन भनिरहनुभएको थियो । त्यसले गर्दा पनि फर्कनुभएको होला ।

**नेपाल आइडलले गाउँकी सोझी केटीलाई पूरै मोडल बनायो भन्ने चर्चा छ । त्यो कुरालाई कसरी लिनुहुन्छ ?**

नेपाल आइडलले मलाई नाम दिएको हो । सुरुमा मलाई कसैले चिन्दैनथे । म अत्तरियामा सीमित थिएँ । कमेन्ट गर्नेहरूले त गरिहाल्छन् । यदि म पहिलेजस्तै भएकी भए केही परिवर्तन भएन भन्थे होलान् । पहिले वृद्ध लामाले जित्दा धनीले जित्यो भने, अहिले रवि ओडले जित्दा गरिबले जित्यो भन्छन्, त्यस्तै हो । कमेन्ट गर्नेहरूको चित्त बुझाउन सकिँदैन ।

**तपाईंको दाइ पनि मीठो गीत गाउनुहुन्छ । दाइ-बहिनी मिलेर संयुक्त एल्बम निकाल्ने सोच छ कि ?**

कत्ति पनि छैन । यदि मैले त्यो प्रस्ताव राखे हो भने दाइले नाइँ भन्नुहुन्छ ।

**तपाईं नायक प्रदीप खड्काको ठूलो फ्यान हुनुहुन्छ । भेट भयो भने के भन्न चाहनुहुन्छ ?**

मलाई प्रदीप खड्काको सबै कुरा राम्रो लाग्छ । उहाँ ह्यान्डसम हुनुहुन्छ । उहाँको अभिनय, बोल्ने शैली तथा पर्सनालिटी सबै मन पर्छ । यदि उहाँसँग भेट भयो भने म तपाईंको फ्यान हुँ भनेर सेल्फी खिच्थें र त्यो तस्विरलाई फ्रेममा हालेर आफ्नो बेडरुममा सजाउँथे ।

# सुपर प्लस साइज मोडललाई अवसर




प्लस साइज महिलाहरूमा केन्द्रित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता टप अफ द वर्ल्ड-२०१९ मा नेपालका तर्फबाट सन्ध्या केसीले सहभागिता जनाउने भएकी छिन् । केसीलाई यो अवसर गत साता सम्पन्न सुपर प्लस साइज मोडल नेपाल-२०१९ को उपाधि जिते पछि प्राप्त भएको हो । उक्त प्रतियोगितामा फस्ट रनर्सअप घोषित नेहा गिरीले भने वर्ल्ड टप प्लस साइज-२०१९ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेकी छिन् ।

# मिस्टर इन्टरनेसनलको प्रतिस्पर्धामा



२३ वर्षीय प्रशान्तजंग शाह फिलिपिन्सको मनिलामा यही फागुन २ देखि १२ गतेसम्म सञ्चालन हुने पुरुष व्यक्तित्व, बौद्धिकता एवं सुन्दरताको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिस्टर इन्टरनेसनलको १३औं संस्करणमा सहभागी हुँदैछन् । फुटबल, फिटनेस तथा मोडलिङमा रुचि राख्ने प्रशान्तले हालै मात्र ग्रुप अफ इभेन्ट इन्टरटेनर्स जिजिईको आयोजनामा सञ्चालित म्यानहन्ट इन्टरनेसनल नेपाल-२०१९ अन्तर्गत मिस्टर इन्टरनेसनल नेपाल-२०१९ को उपाधि जितेका थिए । प्रशान्तले मिस्टर इन्टरनेसनल-२०१९ को सहभागिताका लागि कोरियोग्राफर रोजिन शाक्यबाट अभिमुखीकरण एवं ग्रुमिङ प्राप्त गरेका छन् । प्रशान्त यसअघि एन्भोग फेस अफ हाउस अफ फेसनको पाँचौं संस्करणमा सेकेन्ड रनर्सअप भएका थिए भने उनले एस इन्स्टिच्युट अफ म्यानेजमेन्टबाट बैंकिङ एन्ड एन्स्युरेन्समा ग्राजुएट गरेका छन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।